# शुभारम्भ



## शार्दूल भट्टराई

यस कवितासङ्ग्रहमा दिना र तारकका तिस तिसओटा कविता लेख्नुपर्छ भन्ने कुरामा यस जोडीका बिचमा एकरूपता देखिए पनि दुबैका कविताको धारमा भने भिन्नता पाइन्छ। विषयवस्तुको बुझाइ एकै भए पनि अभिव्यक्तिको शैली र भावको प्रस्तुतिमा भिन्नता देखिन्छ। तारकले कवितामा राजनीतिक विषयलाई बढी महत्त्व दिएका छन् भने दिनाले जीवन, प्रेम र सामाजिक सम्बन्धलाई बढी महत्त्व दिएको देखिन्छ। दिनाले राजनीतिलाई छिटपुटरूपमा मात्र कविताको विषय बनाएकी छिन् । वर्तमानमा मानिसको जीवनको इच्छा, चाहना, जटिलता र सङ्कटलाई राम्रोसँग बुझेर कवितामा उतारेकी छिन् । बाँच्ने कुरा मृत्युभन्दा कठिन रहेको भावनालाई उनले कवितामा राम्रोसँग उतारेकी छिन् ।

तारक धितालका कवितामा सङ्केत, विम्ब, प्रतीक र उपमाको अर्थ अत्यन्त महत्त्वपूर्ण हुन्छ र तिनको प्रयोग किन र कसरी भएको छ भन्ने कुराले कविताको स्तर निर्धारण गरेको हुन्छ भन्ने कुरामा कवि सचेत देखिन्छन् । उनी जानीबुझीकनै कविताको कलाका त्यस्ता शृङ्गारहरूप्रति सचेत भएझैँ महसुस हुन्छ । उनले आफ्नी सहधर्मिणीसँगको सहकार्यमा यो सङ्ग्रह प्रकाशित गरेका छन् । यो सिर्जनायात्राले भविष्यसम्म निरन्तरता पाइरहोस् ।

*(कविजोडी दिना सुवेदी र तारक धितालको कवितासङ्ग्रह 'जोडीका कविता'को भूमिकाबाट साभार ।)*

❖ सम्पादकीय

# गन्तव्यविहीन, उद्देश्यविहीन र भ्रमकै खेती मात्रै हो त राजनीति !

संसारको जुनसुकै कुनामा पनि मुलुक र ाजनीतिले मात्र सञ्चालन गर्दछ। जतिसुकै सर ापे वा धारेहात लगाए पनि मुलुक सञ्चालनको नीति निर्माण गर्ने एक मात्र आधार राजनीति हो । विनाराजनीति मुलुक सञ्चालनको परि कल्पना नै हुँदैन । त्यसैले राजनीति निर्विकल्प कुरा हो तर त्यही राजनीति कहिलेकाहीँ अविश्वसनीय भइदिँदा; मुलुक र जनताभन्दा व्यक्तिकेन्द्रित, स्वार्थकेन्द्रित, अवसरकेन्द्रित भइदिँदा र राजनीतिलाई भ्रमको खेती गर्ने अस्त्रका रूपमा प्रयोग गरिँदा; झुठ, फरेब र बेइमानीको साधन बनाइँदा एकातिर राजनीति अविश्वसनीय बन्दो रहेछ भने अर्कातिर भ्रमको खेती गर्नेकै लहरमा नयाँजोगीहरू पनि थपिँदा र भ्रमै मात्रको बिस्कुन फिँजाइँदा त्यही भ्रमलाई यथार्थ पो हो कि भन्ने मान्न र त्यस्तै भ्रम छर्ने बहुलठ्ठीका पछाडि भिड जम्मा हुने अवस्था पनि सिर्जना हुँदो रहेछ !

भ्रम यथार्थ हुनसक्तैन, जतिसुकै बर्बराए वा फलाके पनि भ्रम सत्य हुनसक्तैन । तर अचम्म ! यो एक्काइसौँ शताब्दीको शिक्षित, सचेत र आधुनिक जमानामा पनि शिक्षित कहलिएको जमात नै टाँगामा बाँधेको घोडाजस्तो एकोहोरो भएर दौडिएको मात्र देखिँदैन भ्रमको खेती फोहोरको मुला मौलाएझैँ पो मौलाइरहेको देखिन्छ ! विचार, आदर्श, गन्तव्य, उद्देश्य के हो ? कहाँ पुग्नका लागि यात्रा तय गर्नखोजिएको हो ? कसको इसारा वा आदेशका भरमा भ्रमको खेती सपार्न युरिया हालिरहिएको हो भन्नेसमेतको केही अत्तोपत्तो नभएको वा नदेखिएको जमात वर्तमानमा घोडेजात्रामा बुर्कुसी मारेर दौडिएको घोडाझैँ दौडिरहेको पो देखिन्छ ! ए बाबा ! कसरी निरुद्देश्य भ्रमले गन्तव्य चुम्ने हो भन्ने अनुमानसम्म पनि गर्नसकिने अवस्था देखिएको छैन ! मुलुक र जनताका लागि यो कतै भड्खालो त साबित हुँदैन ? भन्ने सन्त्रास पनि यतिखेर समाजमा मडारिइरहेको छ । हुन पनि गन्तव्य तय नगरि कन गरिएको यात्रा भरपर्दो र विश्वसनीय त हुँदैन हुँदैन बरु डरलाग्दो दुर्घटनाको कारक बन्नसक्ने खतरा रहन्छ ।

भ्रम छर्न घोडादौड मच्चाइरहेकाहरू कोही दिउँसै रात पार्ने हिसाबले भ्रमको खेती गरिरहेका छन् भने कोही हाक्काहाक्की जनता ठगेर खाएको कसुरमा सम्मानित अदालतमा मुद्दाको तारेख खेपिरहेका छन् र कानुनबमोजिम आफूले खेपेको तारेखलाई प्रतिशोध भन्ने डङ्का पिटेर जनतामा भ्रम छर्ने दुश्प्रयास गरिरहेका छन् अनि केही भ्रमको खेती गर्ने चटके चाहिँ न बोल्छन्, न यात्राको उद्देश्य के हो भन्ने कुराको जानकारी दिन्छन्, हिजोकाले सत्यानाश पारेका हुन् तर हामी चाहिँ छुमन्तर नै पार्ने जादुगर हौँ भन्ने भ्रम छरिरहेका छन् जब कि हिजो जनताले अत्यधिक मत दिएर स्थानीय निकायको गहन जिम्मेवारी

दिएकामा त्यो जिम्मेवारी पूरा नै नगरी बिचैमा महत्वाकाङ्क्षी सपना देखेर, मुलुक र मुलुकका धरोहर जलाउने जत्थालाई उक्साउने, जलेको संरचना निभाउने प्रयाससम्म पनि नगर्ने तर ती दुश्कर्म सबै सबै पर्दाले छेकेर वा छोपेर भ्रमको खेतीमा देशदौडाहा गरिरहेको देखिइरहिएको छ! जनताले सुम्पिएको एउटा तर गहन जिम्मेवारी पूरा नै नगरी बिचैमा हिँड्ने भगौडा कसरी भोलिका लागि मुलुकको भाग्य र भविष्य निर्माण गर्ने विश्वसनीय पात्र हुनसक्छ ? त्यस्तो पात्रलाई कसरी देशको सबैभन्दा माथिल्लो गहन जिम्मेवारी दिनसकिने हो ? यतिखेर यस्ता प्रश्न गर्नुपर्ने विषय वा वेला थियो कि थिएन ? तर विचित्रको कुरा त के छ भने प्रश्न गर्नुको सट्टा उल्टै आँखा चिम्लेर भ्रमकै पछाडि दौडिरहेको, थै थै नाचिरहेको पो देखिँदै छ!

भ्रमको खेतीका माध्यमबाट देखाउन खोजिएको कथित लोकप्रियतावाद कतै जेलिन्स्की, आमिर खान वा लेन्डुप दोर्जेको अवतारमा त अवतरित हुँदैन ! पर्दापछाडिको योजना र इसारामा वर्तमानमा भइरहेको भ्रमको खेतीको कारक हाम्रो मुलुकको स्वार्थी, अवसर वादी, पदलोलुप, पैसामुखी राजनीति नै थियो वा हो भन्ने कुरामा धेरै विमति नहोला तर हिजोलाई सम्पूर्णमा धारेहात लगाएर सराप्दै हिँडेको वर्तमानको यो भूमिगत भ्रमको खेती झनै खतरनाक नहोला भन्ने आधार अहिलेसम्म कहीँ कतै देखिएको छैन ! अपारदर्शी, अदृश्य, मौन यात्राको भ्रमको खेती मुलुक र जनताका लागि त्यत्तिकै खतरनाक हुन्छ भन्ने सोच्नु र सोहीअनुसार सतर्क हुनुपर्नेमा अहिले त झन् भ्रमकै पछाडि बुर्कुसी मारेर दौडिनु, चटकेहरूको विगतको मूल्याङ्कनसम्म पनि नगर्नु, देख्खल झुट र बेइमानीलाई नजरअन्दाज गर्नु कुनै पनि अर्थमा, कुनै पनि हिसाबले उपयुक्त छैन, हुनसक्तैन। हिजो कथित क्रान्तिको आवरणमा भ्रम छर्ने नौटङ्कीबाजहरूभन्दा पनि एक्कदम अगाडि बढेर गरिरहिएको वर्तमानको भ्रमको खेती यो मुलुक र जनताको हितमा छैन, हुँदैन भन्ने स्पष्ट सङ्केत वर्तमानका चटकेहरूका नौटङ्कीले पुष्टि गरिरहेको भान भइरहेको छ।

हुन त राजनीति भनेको अलि अलि भ्रमको खेती नै हो। भ्रम छर्ननसक्ने व्यक्ति राजनीतिमा आउँदैन वा आउनुहुँदैन भन्ने गरिन्छ तर वर्तमानले देखाएको सीमाना नै नाघेको भ्रमको खेती चाहिँ अस्वभाविक नै छ । निरुद्देश्य र अस्वभाविक भ्रम त्यसै पनि डरलाग्दो नै हुन्छ। रहस्यवाद अहिले देखा परेको नयाँ भ्रम हो । सपना बाँड्ने भ्रमभन्दा निकै खतरनाक छ यो वर्तमानको भ्रम ! भ्रम र गुमराहमा धेरै लामो समय राख्न त सकिँदैन तर सुतुरमुर्गले बालुवामा टाउको लुकाएर खुट्टा आकाशतिर फर्काएर सुतेपछि आकाश नै आफूले थामेको भन्ने भ्रम पाल्छ रे ! हो ठिक त्यही शैलीमा अहिले नयाँजोगीको भेषमा सुतुरमुर्गहरू र ठगहरू ठुलो डाकोमा फलाकिरहेका छन् र आफूहरू मात्र सुनपानी छर्केर शुद्ध पारेका मनुवा हौँ अरू हिजोका सबै सबै बेइमान, फटाहा र चोर हुन् भन्ने अत्यन्त निकृष्ट शैलीको गालीगलोजको तहमा आएर तमासा देखाइरहेका छन्!

तमासा वा चटक पनि क्षणिक नै हुन्छ। हिजो अवसर पाउँदा नै गनाउनुको हद नाघिसकेका तर नयाँको ट्याग भिरेर कथित इमानको फेटा गुथिरहेका पण्डाहरू पनि कोही गाँजाको सुरमा

बर्बराइरहेछन् त कोही विगतका छोपेरै नसकिने कुकर्महरू सकेसम्म छोपछाप पार्ने, टालटुल पार्ने दुस्साहस गरिरहेका छन्! आखिर यो हर्कत कति दिन सम्भव हुन्छ र ? हुँदै हुँदैन। जसको गन्तव्य र लक्ष्य नै निश्चित छैन उसले अवतरण गराउने भनेकै दुर्घटनामा न हो। यो दुनियाँमा निरुद्देश्य यात्री निश्चित गन्तव्यमा पुगेको कहीँ कुनै इतिहास छ र ? तर अचम्मको कुरा चाहिँ के हो भने किन जान्नेबुझ्ने मानिसहरू पनि हल्लाको पछाडि, भिडको पछाडि, भ्रमको पछाडि लागेर गङ्गाको फोहोर तैरिएझैँ तैरि एका होलान् ? भ्रमको पर्दा थुन्सेले छोपुन्जेल मात्र नखुल्ने हो, डोकोले छोपेका दिन सबै सबै सर्वाङ्ग हुन्छ भन्ने किन नबुझेका होलान् भन्ने नै वर्तमानको चिन्ताको विषय हो।

हुन त 'भिरबाट लड्ने गोरुलाई राम राम भन्नसकिन्छ काँधै हाल्न त सकिन्न नि' भन्ने नेपाली समाजमा चलेको उखानलाई मात्रै मान्ने हो भने पनि राहदानी मुद्दा, बहुविवाह मुद्दा, मानवतस्करी मुद्दा, सहकारी ठगी मुद्दा, दोहोरो नागरिकता मुद्दा, सम्पत्ति शुद्धीकरण मुद्दा आदि कति हो कति मुद्दा खेपिरहेको एउटा फौबञ्जार जनतामा भ्रम छर्न र छरिरहन सकिन्छ कि भनेर मरिहत्ते गर्ने तहमा पुग्नु अनि त्यसका लागि जेसुकै र जस्तोसुकै नौटङ्की गर्नु उसको बाध्यता नै हो। ऊ आज पनि डुबेकै छ र भ्रम छर्न सकिएन भने भोलि उसै पनि डुबिन्छ भन्ने उसलाई थाहा छँदै छ त्यसैले पनि उसले न्वारानदेखिको बल लगाएर भ्रमको खेती गर्नु अत्यन्त स्वभाविक हो। त्यसैगरी जनताले सुम्पिएको जिम्मेवारी निर्वाह गर्ननसकेर वा बढी महत्वाकाङ्क्षा पालेर नसामा सपना देख्नु गँजडी शैली नै हो, स्वभाव नै हो। ए बाबा! लोकतन्त्रमा सपना देख्न कसले कसलाई रोक्छ र!

सपना र विपना फरक कुरा हुन्, एकअर्काका विपरीत कुरा हुन् भन्ने कुरा चाहिँ निमकहराम, आदेशपालक, लम्पसार वादीहरूले हत्तपत्त बुझिहाल्दैनन्। टाँगामा बाँधेको घोडाझैँ आदेशअनुसार बुर्कुसी मार्नु र हिनहिनाउनु उनीहरूको बाध्यता हो। उनीहरूले ख्वामितले टाट्नामा हालिदिएको घाँस खान र लाए/अराएको काम गर्नेबाहेक अरू केही जानेका हुँदैनन्। त्यसैले त सजिलो आदेशपालक खोज्छन् आदेश दिनेहरू! जसले भनेको मान्छ, जो आफ्नालागि काम गर्न तयार हुन्छ, जोमार्फत आफूले चाहेको कुरा सजिलै पूरा गराउन सकिन्छ त्यही र त्यस्तैलाई खोज्ने न हो। अहिले पनि त्यही भइरहेको छ। मात्र हामी जनताले थाहा पाउनुपर्‍यो कि सपना र भ्रम यथार्थ होइनन्, हुनसक्तैनन्। वेलैमा सचेत भइएन र बहकाउमा आएर वा पैसाको प्रलोभनमा परेर विवेक गुमाइयो भने चाहिँ भोलि पछुताउनुबाहेक अरू केही बाँकी हुँदैन। अहिलेको अत्यन्त महनीय र गहन कुरा भनेको यही हो। यतिखेर सानामा बुबाले घर मा 'गुणरत्नमाला' पढ्दा गाउनुभएको श्लोक '*आगलागी घरमा भएपछि कुवा खन्दा हुने छैन है*'को पो सम्झना भइरहेको छ। अहिलेको परिवेशसँग मेल पनि खान्छ यो श्लोकले। सबैले विवेकको बिर्को खोल्ने पो हो कि!

*-रमेश पोखरेल*

## यस अङ्कमा


**विशेष संवाद**

**दलितका...-** *टेकु नेपाली/१०*

**कविता/गीत/गजल**

**गीत-** *लीलाराज दाहाल/२२*

**जिन्दगी...-** *शिव पलाँस/३१*

**दुङ्गा १/२ -** *अनिल श्रेष्ठ/३२*

**सिड्नी... -** *मुकुन्द पोखरेल/३६*

**फूलको... -** *मधुर भट्टराई/३७*

**गजल -** *ज्ञानुवाकर पौडेल/४९*

**मानवहरू -** *राम विनय/५३*

देश... - *डा. बमबहादुर थापा जिताली/५४*

**विवेक... -** *मोहन दुवाल/५५*

**अनुवाद/कविता**

**युद्धको भाषा, रङ, मैदान -** *लक्ष्मीकान्त मुकुल/२१*

**लघुकथा**

**यो पनि.. -** *ध्रुवकुमार सापकोटा/३२*

**आत्मसम्मानका...-** *डा. हंसराज/३५*

**यसपटक**

*दिनेशराज खरेल/७*

**नियात्रा १२/संस्मरण/**

**समालोचना/बालनाटक**

**टेक्सासका..-** *रमेश पोखरेल/२३*

**रेडियो..-** *प्रा.गङ्गाप्रसाद अधिकारी/३३*

**भारतीय...-** *रमेश प्रभात/३८*

**जान्ने...-** *विश्व सिग्देल/३८*

**स्थायी स्तम्भ**

**शिखर व्यक्तित्व**

**नाटककार बर्तोल्त ब्रेख्त**/६

**निरन्तर...**

वासुदेव अधिकारी/५६

**समाचार**/६०

**अनूभूति**

प्रा.डा. देवी नेपाल/६३



# शब्द-संयोजन

**(मासिक साहित्यिक प्रकाशन) वर्ष २२ अङ्क ११ पूर्णाङ्क २६२/२०८२ फागुन**

**जिप्रकाका द.नं. ९४/२०६०/०६१**



**सल्लाहकार** : डा. मोदनाथ प्रश्रित, प्रा. डा. जीवेन्द्र देव गिरी, राम विनय
प्रा. केशव सुवेदी, ई. महेन्द्र गुरुङ

**प्रधान सम्पादक तथा प्रकाशक**: वासुदेव अधिकारी

**कार्यकारी सम्पादक**: रमेश पोखरेल

**सम्पादक**: सुमी लोहनी, रूपक अलङ्कार

**अन्तर्वार्ता संयोजन**: अच्युत घिमिरे

**वेब संयोजन**: प्रशान्त खरेल

**कला**: गणेशकुमार जी.सी.

**आवरण चित्र**: गुगल

**प्रतिनिधि**: पुण्यप्रसाद खरेल(झापा), डा. हरिप्रसाद तिमिल्सिना (नेपालगन्ज), नमुना शर्मा (चितवन)



Email : s_samyojan@yahoo.com website: sahityasandhya.org.np

**मुद्रण**: विनायक प्रेस, धोबिधारा, काठमाडौँ, मो.९८४१४४७३२२

**साजसज्जा**: टच क्रिएसन प्रा. लि., फोन ०१-५३१५४४८

# नाटककार बर्तोल्त ब्रेख्त

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगत्मा साहित्यको विकास उच्चतम रूपमा हुँदै गएको छ । साहित्यले विश्वमा प्रतिभावान्, बौद्धिक व्यक्तित्वको उदय पनि गराउँदै आएको छ । ती तमाम बौद्धिक प्रतिभाका धनी साहित्यकारकै लहरमा विश्वप्रसिद्ध नाम बर्तोल्त ब्रेख्तको रहेको छ । उनको वास्तविक नाम भने आचर्न बर्थोल्ड फ्रिडरिक ब्रेख्त हो । उनको जन्म १० फरबरी १८९८ मा जर्मनीको बाभेरिया प्रान्तको अग्सबर्ग नामक सहरोन्मुख गाउँमा भएको थियो । उनका पिता कागज कारखानामा प्रबन्ध निर्देशक थिए ।

बर्तोल्त ब्रेख्तले विश्वविद्यालयसम्मको शैक्षिक यात्रा पूरा गरेका छन् । चिकिस्ताशास्त्रको अध्ययन गर्दै गर्ने क्रममा उनको रुचि भने कविता तथा नाटकमा बढी थियो । उनले चिकित्साशास्त्र पढेकाले उनलाई प्रथम विश्वयुद्धमा सेनाको चिकित्सा कोरमा भर्ना गरिएको थियो । सेनाको नोकरीले उनको जीवनमा गहिरो प्रभाव पार्‍यो । उनी जीवनभर युद्धका विरोधी र शान्तिको पक्षमा रहे । उनको साहित्यिक यात्रा सन् १९१८ मा 'बल' नामक नाटकबाट भएको थियो । उनी विभिन्न प्रत्रपत्रिकाको सम्पादकका साथै नाट्यसमीक्षक पनि बने । उनको दोस्रो नाटक ड्रम्स इन दि नाइट रहेको छ । उनका रचनाहरूले विश्वयुद्धपश्चात्को समय र परिस्थितिलाई केलाउने प्रयास गरेको पाइन्छ । उनले समाजका विकृतिका विरुद्धमा 'घरेलु स्रोत' कवितासङ्ग्रहमा सङ्गृहित कविताहरूलाई आबाज उठाउन लगाएका छन् । उनका कविताहरूले समाजको विकृतिका विरुद्धमा सशक्त आबाज बोलेका छन् । उनका नाटकले मार्क्सवादलाई आत्मसात गरेका छन् ।

बार्तोल्तले आफ्ना रचनाहरूमा दुःखको वर्णन मात्र गरेका छैनन्, जीवनमा दुःखको उत्पत्तिको कारणको पनि वर्णन गरेका छन् । जीवनमा सबैभन्दा महत्त्वपूर्ण कुरा भनेको मनको शान्ति नै हो । जीवनमा मानिसले खोजेको र चाहेको पनि शान्ति र सन्तोष नै हो । यस्ता महान् विचार बोकेका ब्रेख्तको जीवन प्रेरणादायी बनेको छ । उनले मानिसलाई सचेत बनाएका छन् । जीवनको महत्त्वका बारेमा बताउने प्रयास गरेका छन् । जीवन एक सुन्दर उपहार हो । यसलाई हामीले सजाएर राख्नुपर्छ भन्ने विचार बोकेका ब्रेख्तको आत्मावान् शरीर यस संसारमा १४ अगस्ट १९५६ देखि रहेन । उनका यश, कीर्ति भने सदा-सर्वदा अमर बनेर बसेका छन्, बसिरहने छन् ।

*-रूपेश अधिकारी*

# यसपटक



## ❖ दिनेशराज खरेल

काभ्रेपलाञ्चोक जिल्लाको हालको भुम्लु गाउँपालिका वडा नं.७ (साविक फलाँटे गा.वि.स.८) स्थित क्यौरानीमा माता विन्दादेवी खरेल र पिता दामोदर खरेलका सुपुत्रका रूपमा जन्मिएका दिनेशराज खरेल हाल काभ्रेपलाञ्चोक जिल्लाको बनेपा नगरपालिका वडा नं.८, शान्ति टोलमा बसोवास गर्दै आइरहेका छन् । हाल पत्रकारितामा सक्रिय रहेका खरेल ज्योतिष तथा कर्मकाण्डसम्बन्धी ज्ञान राख्नुका साथै कुण्डली विश्लेषणका आधारमा मनोवैज्ञानिक परामर्श दिँदै व्यक्तिगत तथा संस्थागत योजनाहरू निर्माण गर्ने कार्य पनि गर्दछन्। राजनीतिशास्त्र विषयमा त्रिभुवन विश्वविद्यालयबाट स्नातकोत्तर उत्तीर्ण उनी दुई दशकदेखि प्रगतिशील साहित्यमा निरन्तर कलम चलाउँदै आइरहेका छन् र उनका रचनाहरू वर्गीय असमानता र सामाजिक अन्यायविरुद्ध कठोर रूपमा अभिव्यक्त हुने गरेका छन्। विशेषतः कविता विधामा सक्रिय खरेल प्रगतिशील लेखक सङ्घ, काभ्रेका सचिवका रूपमा समेत क्रियाशील रहेका छन् । विभिन्न सङ्घसंस्थामा क्रियाशील रहेका खरेलको 'दुन्दुभी'को पाण्डुलिपि प्रकाशोन्मुख रहेको छ भने डेढ दर्जन कथाहरूको सङ्ग्रह पनि प्रकाशनको तयारीमा रहेको छ। विभिन्न पत्रपत्रिका तथा अनलाइन सञ्चार माध्यममा उनका फुटकर कविताहरू निरन्तर प्रकाशित भइरहेका छन् । आफ्ना सिर्जनाका माध्यमबाट सामाजिक समस्यालाई नजिकैबाट खुट्याउने र देखिएका विसङ्गत पक्षमा रूपान्तरण आवश्यक छ भन्ने स्पष्ट सन्देश सम्प्रेषण गर्नुका साथै सरलताका माध्यमबाट गम्भीर भाव अभिव्यक्त गर्ने अहिलेको समयका निकै सक्रिय यिनै स्रष्टाका तीनओटा कविता हामीले 'यसपटक' स्तम्भमा समावेश गरेका छौँ।

'आगो, आँसु र आशा' शीर्षकको पहिलो कवितामा समाजमा विद्यमान तमाम विकृतिलाई नजरअन्दाज गरेर सिंहासनको रक्षा मात्र सोच्ने हो भने त्यो भ्रम हुने छ, सबै सबै इतिहास र दस्तावेज जलेको त्रासद अवस्थाबाट पाठ सिकेर नवनिर्माणको अगुल्टो झोस्नुपर्ने आशावादी सन्देश सम्प्रेषण गरिएको छ । 'अदालतको कठघरामा' शीर्षकको दोस्रो कवितामा ईश्वरको अदालतमा बेथिति, रङ, जात, धर्म, वर्णको विभेद छ; रूपान्तरणको अपेक्षा पूरा भएको छैन, परिवर्तनकारीका सपना साकार पार्नका लागि सबै सबै प्रकारका बेथिति र विभेदको अन्त्य आवश्यक रहेको र सोहीअनुसारको न्याय प्राप्त गर्नुपर्ने आवाज बुलन्द गरिएको छ । 'युद्धमा जन्मिएको छोरो' शीर्षकको तेस्रो कवितामा युद्धको त्रासदीले वा अन्य कुनै पनि कारणले बाबु नभएका, गुमाएकाहरूले नागरिकतासम्म पनि नपाउनुको पीडा, नागरिक नै हुननपाउनुको पीडा उजागर गर्दै लामो सङ्घर्ष र बलिदानका कारण अब आमाको नामबाटै नागरिकता पाउने व्यवस्था भएको र कोही कसैले पनि अब अनागरिक हुनुनपर्ने अवस्था आएको यथार्थ चित्रण गरिएको छ।

# आगो, आँसु र आशा

लङ्का पनि जलेको थियो महाराज
घमण्ड र अहङ्कारले !
झिल्को नसोच्नू आगोलाई
जिस्क्यायौ भने खण्डहर बन्ने छ
तिम्रो सिंहासन
आगोको प्रतिविम्ब हेर्ने रहर भए
सडकका युवाहरूलाई हेर
चिलगाडीमा उड्ने बथान हेर
माइतीघरमा उभिएको मैलो टोपी हेर
उखु किसान हेर
विद्यालय गइरहेको बालक हेर
डिग्रीको प्रमाणपत्र हेर ।

नरोकिएको आँसु-जीवित देवी कुमारीको हो
रोम जलेझैँ दरबार जलिरहँदा
मेरी आमाको मन भक्कानिएको देखेँ
शासक तिमी सोमरस पिइरहेका थियौ !
लङ्काको कथा इतिहासमा लिपिबद्ध छ
तर मैले मेरा सन्तान दरसन्तानलाई देखाउने
दस्तावेज खरानी भयो !
पक्का पनि तिमीले कलमलाई कमजोर ठान्यौ
खरानीमाथि उभिएर देशको कसम खानु छ
हिरोसिमा र नागासाकीको इतिहास सम्झेर
आशाको विगुल फुक्नु र भरोसाको
नयाँ सृष्टि रच्नु छ ।

# अदालतको कठघरामा !

ईश्वरको अदालतमा टेबलमुनि प्रेतात्मा
रोइरहेछ भुत बनेर
बहस गर्ने वकिलहरूको
लाइन छ कालोकोटमा
न्यायाधिसको अगाडि
अभियोग पेस गर्दै छन् सरकारी वकिलहरू
वादी-प्रतिवादीको वाकयुद्धपछि
ढाकाटोपी, महङ्गो कोट, पावरवाला चस्मा
लगाएका
सेतै फुलेका ठोसे जुँगा
रातोपिरो अनुहारमा धार्नीको टाउको
हल्लाउँछन् न्यायाधिस ।

ईश्वरको अदालतमा
तारिख थपियो थप बयानको लागि
र आदेश गरियो प्रेतआत्मालाई
कारण सोधे लेखनदासहरूले राति-राति रुनुको
मानिसलाई दुःख दिनुको
अन्यायमा परेको
वैतरणी नदी पार नहुनुको
मुद्दाहरूको निवेदन हाल्नुको
चिच्याउँदै बयान दिइरहेछ प्रेतआत्मा
नेपथ्यमा डरलाग्दो आबाज मात्रै सुनिन्छ
म..म ...म..
मेरो मन धेरैपटक दुखेको छ
म मुक्तात्मा हुन चाहन्छु
किनकि
भाइ-भाइ काटमार गरिरहेका छन्
आमाको छाती चिरा चिरा बनाउने रे !
भाइ अंशवण्डा गरेझैँ !

मानिसहरू सबैजना समान छन्
कोही पहाडबाट, कोही हिमालबाट,
कोही तराईबाट
यति मात्र फरक हो भूगोलको ।
रगत-पसिना समान छ
सिन्दुरझैँ रातो जन जनमा
तप् तप् पसिना झनै निश्चल छ पानीजस्तै
तर जातिवादको कुरा चलिरहेको छ
बाहुन, क्षेत्री, राई, गुरुङ, भोटे, शेर्पा थारु,
यादव, चमार र मुसलमान !
ईश्वरको अदालतमा
पापधर्मको फैसला हुन्छ कि नाइ ?
कि जातपातको ?
कि उँचोनिचोको पनि ?
कि रङ र वर्णअनुसार कालोगोरोको हो ?
म परिवर्तनकारी आत्मा
सुनौलो किरणको बिहानी खोजिरहेको छु
तर दिनदिनै सामूहिक बलात्कार
र रोदनको पीडा छापिएको छ पत्रिकामा
ठुला ठुला अक्षरमा !
न्यायाधिसज्यू ! अब आदेश गरिदिनुहोस्
कि दश किरिया कर्म गरिदेऊ
कि उठाइदेऊ श्राद्धका पिण्ड टपरीमा
नत्र सम्पूर्ण देशवासीलाई फाँसी चढाइदेऊ
ईश्वरको अदालतमा ।

## युद्धमा जन्मिएको छोरो

मेरो नागरिकता कहिले बन्छ ?
बिस वर्ष नाघिसकेको छोरोले सोध्छ
आमालाई
अब बनाउनुपर्छ - दबिएको स्वरमा जबाफ
आउँछ
कसको नामबाट बन्छ ?
मेरो नामबाट बनाउनुपर्छ ।
छोराले भन्छ
किन ? बुबाको नामबाट बन्दैन ?
अहँ बन्दैन ।
तिमी युद्धको बिचमा अङ्कुराएको
प्रेमको नतिजा हौ
अचानक पेट दुखेपछि
चरम प्रशव पीडाबाट बिउँझँदा
तिमी जन्मिएका हौ छोरा ।
संसारमा अर्को नागरिक
विनाबाउको छोरो भएर
तिमीले नाम, थर, जात र धर्म केही नसोध ।
दश महिनापछि
तिमीले यो धर्तीमा च्याँ च्याँ गर्दै
शंखघोष गरिरहँदा
तिम्रा बा बेपत्ता भएको
दशौ महिना भएको थियो
तिम्रा बा अलप भए छोरा !
अहिले जिउँदो छन् कि मरे थाहा छैन
न चिठीपत्र, न फोनखबर छ
न देखिन्छन् फेसबुक, युट्युब, ट्युटर
र इन्टाग्रामका वालहरूमा !
आजसम्म केही खबरै छैन !
सायद बेपत्ता नागरिकको
सूचीमा होला तिम्रा बाबाको नाम
सूचना पाटीमा हेर त
संविधानले अधिकार दिएपछि
सन्तान स्वतः आमाको अधिकार भयो
त्यसैले मेरै नामको अधिकार
सुरक्षित छ अहिले नागरिकतामा
नयाँ संविधानले पठाएको उपहार
सिंहदरवारले दिएको जनयुद्धको बकस ।
हो छोरा !
तिम्रो नागरिकता मेरै नामबाट बन्छ
अब तिमी विनानागरिकता
अनागरिक बन्नुपर्ने छैन नयाँ नेपालमा ।

# दलितका लागि आरक्षण सधैँका लागि नभई अरूको हाराहारी र जातीय विभेद अन्त्य नहुँदासम्म मात्र गरिनुपर्छ

## ❖ टेकु नेपाली

**वि.सं.२०१३ चैत्र १५ मा स्याङ्जा जिल्लाको मनकामना तर्लेमा (बिरुवा–०८) जन्मिएकी टेकु नेपाली मित्रकोटी (मो.९८५१०९३५७२) हाल बिरुवा गाउँपालिका १ बिरुवा बजार, स्याङ्जामा स्थायी बसोवास गरिरहेकी छिन् । पिता पण्डित झलकसिंह मित्रकोटी र माता धनश्री मित्रकोटीकी कान्छी छोरी टेकु नेपालीले विद्यालय जीवनदेखि नै सामाजिक गतिविधिमा सक्रिय सहभागिता जनाउन थालेकी हुन्। चार दिदी, एक दाइ र दुई भाइको परिवार भएकी उनी संविधानसभा सदस्य २०७०, समाजसेवी, अनुभवी, राजनीतिज्ञ र समानतामूलक समाज निर्माणकी प्रखर अभियन्तासमेत हुन्।**

**राजनीतिक चेतनाका साथ सक्रियता देखाउनुका अतिरिक्त ३३ वर्ष शिक्षण पेसामा रहेर शिक्षकहरूको हकहितका लागि जिल्लादेखि केन्द्रीय तहसम्म योगदान गर्ने उनी शिक्षण पेसालाई आफ्नो जीवनको महत्त्वपूर्ण अध्याय मान्दछिन् । त्रिभुवन विश्वविद्यालयबाट आई.ए.सम्मको शिक्षार्जन गरी राजनीतिमा संलग्न रहँदै, नेपाल उत्पीडित जातीय मुक्ति समाज र विभिन्न सामाजिक संस्थामा सक्रिय भूमिका निर्वाह गरेकी उनले विभिन्न मुलुकहरूको भ्रमणसमेत गरेकी छन्। शिक्षणसेवा, समाजसेवामा सक्रिय रहेवापत उनलाई विभिन्न मानसम्मान तथा पुरस्कारसमेत प्राप्त भएका छन् । सिङ्गो जीवन सामाजिक रूपान्तरण अभियानमा विभिन्न माध्यमबाट समर्पित गरेकी अहिलेको समयकी सक्रिय टेकु नेपालीसँग 'दलित महिलाको अवस्था' विषयक लघुअनुसन्धानका निम्ति वरिष्ठ साहित्यकार शान्ता मानवीले गर्नुभएको संवाद हामीले यहाँ समावेश गरेका छौँ।**

***मानवी: मानिसलाई किन 'दलित' भनी सम्बोधन गरिएको हो ?***

***नेपाली:*** दलित शब्द संस्कृतको 'दल' धातुबाट आएको हो। जसको अर्थ थिचिएको, कुचिएको, दमन गरिएको समुदाय भनेर बुझिन्छ। दलित भन्ने शब्दको प्रयोग विशेष रूपमा भारतीय उपमहाद्वीपमा सामाजिक तथा जातीय विभाजनको सन्दर्भमा गरिको हो । नेपाल र भारतमा यो शब्द ऐतिहासिक रूपमा सामाजिक विभेद, छुवाछुत र उत्पीडनको सिकार भएका मानिसहरूलाई जनाउन प्रयोग गरिन्छ।

केही जातिका मानिसलाई मात्र किन "दलित" भनिएको हो त ? हिन्दु वर्णव्यवस्थामा मानिसहरूलाई कार्यविभाजनका सम्बन्धमा ४ वर्णमा विभाजन गरियो। ब्राह्मण, क्षत्रिय, वैश्य

र शूद्र । शूद्रभन्दा तलका केही जातिहरूलाई बहिस्कृत गरियो। राज्यका सबै सेवासुविधाबाट वञ्चित गरियो । पानी नचल्ने जातिका रूपमा अछुत बनाइयो । पछि आएर तिनैलाई दलित भन्ने गरियो। त्यसैले 'दलित' शब्द कुनै जाति होइन। यो शब्द गरिब समुदायको ऐतिहासिक शोषण र पीडितको पहिचान हो। जसका कारण सामाजिक न्यायको आन्दोलनमा एकीकृत भई संवैधानिक र कानुनी अधिकार प्राप्तिका लागि राजनीति र सामाजिक क्षेत्रमा समानताको पहिचान तथा सशक्तीकरण र अधिकारको प्रतीक बनेर रहेको छ।

***मानवीः दलित शब्दको औचित्य के हो ?***

***नेपालीः*** 'दलित' शब्दको औचित्य भन्नुपूर्व वर्णाश्रम धर्म व्यवस्थाले एक समूहका मानिसलाई जातीय विभेद, छुवाछुत र शोषणको शिकार बनाएको थियो। त्यसको शेष आजसम्म पनि समाजमा दलित समुदायका नवपुस्ताहरूले भोगिरहेका छन् । दलित समुदायको पीडालाई सम्बोधन गर्न नेपालको संविधान २०७२ मा दलित शब्द समावेश गरी संवैधानिक र कानुनी व्यवस्था गरिएको छ। कतिपय युवाहरूले दलित शब्द संविधानबाट नै हटाउनुपर्छ भन्ने आबाज पनि उठाएका छन्। संविधान र कानुनमा सबै मान्छे बराबर छन् भनी उल्लेख गरिएको छ भने दलित शब्द किन राख्ने ? भन्ने प्रश्नहरू उठेका छन् तर के पनि हो भने जबसम्म विभेद र असमानताको अन्त्य हुँदैन तबसम्म यो शब्द सामाजिक न्याय र गरिमाका लागि गरिने सङ्घर्षका लागि लड्ने आधार बनेको छ त्यसैले जबसम्म मानिसको चेतनामा विकास हुँदैन तबसम्म दलित शब्दको औचित्य रहिरहन्छ । यो शब्दको अन्त्यको जिम्मा राज्यले लिनुपर्दछ।

***मानवीः शूद्र र दलित एकै हुन् त ?***

**नेपालीः** ऐतिहासिक र सामाजिक संरचनालाई हेर्ने हो भने, शूद्र र दलितलाई पूर्ण रूपमा एकै हुन् भन्न सकिँदैन । सामाजिक श्रेणी, ऐतिहासिक भूमिका र उत्पीडनको स्वरूपमा केही भिन्नताहरू छन् । शूद्र र दलितको परिभाषाको मूल आधारमा श्रेणी - वर्ण व्यवस्थाअनुसार ब्राह्मण - अध्ययन र शिक्षा दिने, क्षेत्री शासन र युद्ध गर्ने, वैश्य व्यापार र खेतीपाती गर्ने, शूद्रहरू अरू तीन वर्गको सेवा गर्ने भनेर तिनै समूहभित्र पारिएको छ।

हाम्रो विश्लेषणमा दलित भनेका जातिगत नभएर आर्थिक रूपमा कमजोर, सामाजिक सांस्कृतिक रूपमा पछि परेका मनुस्मृति ग्रन्थले किटान गरेका, पाखा लगाएका समुदायलाई दलित भनी किटान गरेको छ तर पनि वैश्य र दलितहरूलाई समेत पढ्ने अधिकार, सुन्ने अधिकार र सम्पत्तिको अधिकार दिइएन। बरु तिनीहरूलाई पानी चल्ने र नचल्ने मात्र बनाइयो। त्यसमा पनि दलितहरूलाई वर्ण व्यवस्थाबाट बाहिर राखी अवर्ग जातीय छुवाछुत भनी विभेद गरियो अनि शूद्र र दलितहरूलाई गर्ने विभेद उस्तै उस्तै बनाइयो!

***मानवीः किन शूद्रलाई अछुत मानिएको होला ?***

**नेपालीः** हिन्दु वर्णव्यवस्थाअनुसार शूद्रलाई सैद्धान्तिक रूपमा अछुत भनिएको छैन तर समयक्रममा वर्णजात प्रथाको कठोरताका

कारण पनि, केही 'शूद्र' समुदायभित्र राखिएका जातिहरू पनि अछुत' बनाइएको छ। यसबाट के बुझिन्छ भने शासक वर्गको तजबिजमा, जातीय विभाजन र सामाजिक आर्थिक सांस्कृतिक विभेदहरू गरेको पाइन्छ । शासन गर्ने वर्ग, (ब्राह्मण, छेत्री)ले सत्ताको प्रयोगमा शूद्र जातिलाई पनि अछुत बनाएको पाइन्छ। जस्तै गन्धर्व, तामाङ, धिमाल, अन्य समुदायहरू।

***मानवीः दलितभित्र शुद्र पर्छन् कि शूद्रभित्र दलित ?***

**नेपाली**ः हिन्दु वर्णाश्रमका आधारमा शूद्र वर्णव्यवस्थाभित्रका श्रमिक हुन् । दलितहरू अछुत भनी बाहिर राखिएका समुदाय हुन् त्यसकारण शूद्र दलितभित्र पर्दैनन् । समाजले केही शूद्र जातिहरूलाई समेत दलितको रूपमा व्यवहार गरिरहेको पाइन्छ त्यसैले दलितभित्र शूद्रहरूलाई समावेश गरिएको छ।

नेपालको संविधानले सबै नागरिकलाई समान हकको व्यवस्था गरेको छ तर ऐतिहासिक जातीय समस्या समाधानका लागि पृष्ठभूमिका कारण सामाजिक संरचनामा द्विविधा सृजना गरिएको छ । समस्या समाधानका लागि संवैधानिक र कानुनी व्यवस्था गरेर मात्र पुग्दैन यसका साथै राज्यले संविधान कार्यान्वयनका लागि सबैसामु जनचेतनामूलक कार्यक्रम लिएर जानु अनिवार्य छ।

***मानवीः वर्णाश्रम धर्मअनुसार ब्राह्मण, क्षत्री र वैश्यलाई चाहिँ किन दलित नभनिएको होला ?***

**नेपाली**ः यस धर्मले वर्ण निर्धारण गरी कार्य विभाजन गर्दा नै विभेदेकारी रूपमा गरेको थियो । चार वर्ण (ब्राह्मण, क्षेत्री, वैश्य र शूद्र)मा नामकरण गरियो। कालान्तरमा आएर यी यी पवित्र र यी यी अपवित्र भनेर मान्यता दिइयो । यसै वर्गीकरणभित्र राखेर व्यवहार गरिँदा यस्तो भएको हो।

***मानवीः हिमाल, पहाड र तराईमा कुन कुन जातिलाई दलित शब्दले सम्बोधन गरेको छ ?***

**नेपाली**ः नेपालमा दलित समुदाय भन्नाले भौगोलिक रूपमा फरक फरक जातिहरूका समुदायका रूपमा पाउन सकिन्छ । एकातिर दलित शब्दले सबै क्षेत्रका जातिहरूलाई समेट्छ भने अर्कोतिर स्वरूप, पहिचान र सामाजिक अवस्था फरक फरक पाइन्छ । हिमाली क्षेत्रमा बसोवास गर्ने दलितहरूको सङ्ख्या सीमित मात्रामा छ। यस क्षेत्रमा दमाईं, कामी र सार्कीहरूको बसोवास रहेको पाइन्छ । यी समुदायहरू एकताका साथ घुलमिल भएर बसेको पाइन्छ । अन्य भूगोलको तुलनामा जातीय विभेद पनि कम पाइन्छ। पहाडी क्षेत्रमा कामी, दमाईं, सार्की, वादी, गैरे, डोले, जातिहरूको बसोवास भएको पाइन्छ । यी समुदायभित्र जातीय बिभेद प्रष्ट रूपमा देखिन्छ। तराई-मधेसमा चमार, डोम, मुसहर, धोबी पासी, हलखोरा आदि जातिहरूको घना बसोवास भएको पाइन्छ तर यिनीहरूभित्र पनि ठुलोजात र सानोजातको विभेद खेपेको देखिन्छ । सहरी क्षेत्रका काठमाडौंलगायतका केही जिल्लाहरूमा पनि अन्य क्षेत्रबाट बसाइँ सराइ गरेर आएका

मिश्रित जातिहरूलगायत नेवार जातिभित्रका दलितहरूले बसोवास गरेको देखिन्छ। देउला, खड्की, धोबी जातिहरूमध्ये कसैले हामी दलित हौँ, हामीभित्र विभेद छ त्यसैले दलित सूचीमा राख्नुपर्छ भन्छन् भने कसैले हामी दलित होइनौँ, सूचीबाट हटाऊ भनेका हुन्छन्। यसले गर्दा सहरी दलितहरू द्विविधामा रहेको पाइन्छ। २०४६ सालको जनआन्दोलनपछि दलितहरूको संवैधानिक अधिकार कार्यान्वयन गर्ने सबालमा सहरी दलितहरूको आत्मबल वृद्धि भएको छ। त्यसले गर्दा उनीहरू दलितको सूचीमा बस्न चाहेका छैनन्।

***मानवीः विशेष गरेर दलितहरूले कुन धर्म मान्ने गर्छन् ?***

**नेपालीः** परापूर्वकालदेखि अनुसरण गर्दै आएको हिन्दु धर्मलाई नै बहुसङ्ख्यक दलित समुदायका मानिसहरूले मान्दै आएको पाइन्छ। हिन्दु वर्णाश्रम धर्मले गरेको विभेदकारी नीतिका कारण नवयुवाहरू यस धर्मप्रति आकर्षित भएको पाइँदैन। नेपालको संविधान २०७२ को "धर्म निरपेक्षता" व्यवस्थाको अधिकारका कारण बाध्यकारी व्यवस्था नभएको हुँदा कतिपय नवयुवाहरूले धर्म परिवर्तन गरेका छन् तर पनि राज्यबाट गरिएको सर्वेक्षणमा ७१% प्रतिशत दलितहरू हिन्दुधर्मप्रति समाहित भएको देखिन्छ।

***मानवीः दलितभित्र पनि दलित छन्, पानी बाराबार छ भनिन्छ, के यो साँचो हो ? हो भने किन ?***

**नेपाली** : दुःखका साथ भन्नुपर्ने हुन्छ, हिन्द वर्णाश्रम धर्मद्वारा गरिएको जातीय विभेदकारी व्यवस्थामा चुर्लुम्म डुबेका दलित समुदायभित्र पनि दलित विभेद छ। व्यक्तिविशेषमा हेर्दा विभेद छैनजस्तो देखिन्छ तर सामाजिक रूपमा ब्राह्मणवादभित्रको विभेदभन्दा फरक छैन। दलितभित्र पनि एक जातिले छोएको पानी अर्को जातिले नखाने संस्कारको अन्त्य भएको छैन ! समग्र रूपमा छुवाछुत तथा जातीय विभेद अन्त्यका लागि विभिन्न सङ्घसंस्थाहरूले विभिन्न प्रकारका अभियानहरू सञ्चालन गरे तापनि छुवाछुत प्रथाको जरोसम्म पुग्न भने सकेको पाइँदैन। विभिन्न कालखण्डमा बनेका संविधानहरूमा छुवाछुत अन्त्यका लागि नीतिगत रूपमा संवैधानिक, कानुनी व्यवस्था गरिएको छ तर पनि राज्यले कार्यान्वयन गर्ने चरणमा जनसमुदायका बिचमा पुऱ्याउन नसकेका कारण विभेदकारी संरचनाको अन्त्य हुनसकेको छैन।

***मानवीः दलितहरू कहाँ, कसरी, के व्यवसाय गरेर बसेका छन् ?***

**नेपालीः** इतिहासको एक कालखण्डलाई अध्ययन गर्दा वर्णाश्रम धर्म व्यवस्थाले सामाजिक, आर्थिक र सांस्कृतिक रूपमा वहिष्करणमा पारिएका समुदायलाई 'दलित समुदाय' भन्ने गरिएको छ। तिनीहरूको बसाइको अवस्थालाई नियाल्दा सबै भौगोलिक क्षेत्रमा, खेतीअयोग्य भूमिमा, खोलाखोल्सा र भिरपाखाहरूमा छरिएर बसेको पाइन्छ। उनै समुदायहरू अर्थात् ब्राह्मण, क्षेत्री, वैश्यको सेवा गर्नु नै यिनीहरूको पुर्ख्यौली पेसाका रूपमा रहेको छ।

देशमा प्रजातान्त्रिक व्यवस्था आएपछि सबै समुदायका बालबालिकाहरूले पढ्ने मौका पाए। फलस्वरूप चेतनाको विकास हुनथाल्यो। पुर्ख्यौली पेसामा भन्दा अन्य पेसाको खोजीमा लाग्नथालेको पाइन्छ। नवयुवाहरू एन.जी.ओ., आइ.एन.जी.ओ.जस्ता संस्थामा आबद्ध भई जनचेतनाका कार्यक्रम सञ्चालन गरिरहेका छन् । आफ्ना बालबालिकाहरूलाई शिक्षाप्राप्तिका लागि जोड दिएका छन् । जसका कारण स्वदेश तथा विदेशमा रोजगारीमा समावेश भएका छन् । नेपालमा रहने दलितहरू विभिन्न राजनीतिक पार्टीहरूमा सङ्गठित हुँदै राज्यका विभिन्न अङ्गहरूमा तथा निर्णायक स्थानमा पुग्न सफल भएका छन् । विगतका दिनहरूमा छुवाछुत विभेद मात्र नभएर बोक्सीको आरोपसमेत खेप्न बाध्य पारिएका दलित महिलाहरू वर्तमान सन्दर्भमा सांसद, मेयर, उपमेयर, कार्यपालिका सदस्य, वार्डसदस्य आदि भूमिकामा रहेर गौरवपूर्ण काम गर्ने अवसर प्राप्त गरिरहेका छन् । साथै उनीहरूले ससाना घरेलु उद्योग सञ्चालन पनि गरेका छन् । यसरी हेर्दा आजका महिलाहरूले अकल्पनीय स्वतन्त्रताको फड्को मारेका छन् ।

***मानवी: दलित समुदामा धर्म संस्कारकोपालनागराउनेपुरोहितकारूपमाको रहन्छ ?***

**नेपाली**: दलित समुदायका घरमा धार्मिक संस्कार जन्म, विवाह, व्रतबन्ध, सत्यनारायणको पूजा, श्राद्ध, मृत्युपछिको क्रियामा समाजमा रहेका पण्डित वा पुरोहित आई गराइने गरिन्थ्यो किनभने धार्मिक कार्यको अधिकार उनीहरूलाई मात्र थियो । पण्डितहरू भने छुट्टै बसी कर्म गर्न लगाइन्थ्यो । कहीँ भने दलित पण्डितहरू बनारस गएर कर्मकाण्डसम्बन्धी ज्ञान अध्ययन गरी फर्किएर पण्डितको कार्य गरेको पनि पाइन्थ्यो । वर्तमान अवस्थामा भने दलित समुदायले आफैँभित्रका दलित पण्डितहरूद्वारा धार्मिक कार्य गर्नथालेका छन् । गैरदलित पुरोहित बोलाइएको खण्डमा आज पनि आउँछन् । छुवाछुतको विभेदमा विगतमा भन्दा केही सुधार आएको त छ तर पूजापाठमा फलफूलको प्रसादसमेत खान हिचकिचाउँछन् ।

***मानवी: प्राय: दलितहरूलाई सिनो खुवाउने प्रचलन थियो भनिन्छ ? किन सिनो खान स्वीकार गरिएको होला ?***

**नेपाली**: शूद्र वा दलित समुदायले लामो समयदेखि सामाजिक, धार्मिक, आर्थिक र राजनीतिक रूपमा विभेद र उत्पीडन भोलेका हुन् । दलितकै सबालमा भन्ने हो भने आपसी एकता हुनपर्नेमा आफैँभित्र जातीय विभेद छ भने शूद्रहरूमा दलितभन्दा त माथिल्ला जाति हौँ भन्ने घमण्ड हुनसक्छ । किन दलितको जातीय सङ्घर्षमा सामेल हुने ? भन्ने पनि हुनसक्छ । जबसम्म समग्र समुदायमा शिक्षा र राजनीतिमा चेतना आउँदैन तबसम्म विभेद कसरी सुरु भयो ? अब कसरी जाने ? भन्ने सोच नै बन्दैन । अर्को सबालमा दलित सङ्घर्षमा सामेल भइयो भने खाइपाइआएको पेसासमेत गुम्छ कि भन्ने डरले डेरा जमाएको पनि हुनसक्छ । यसकारण पनि दलितहरूले सञ्चालन गरेका सङ्घर्षका कार्यक्रमहरूमा शूद्र वर्ग सङ्गठित हुन डराउँछन् होला त्यसैले पनि

शक्ति सन्तुलनमा कमजोर हुन गई न्याय प्राप्त गर्न कठिन भएको हो ।

***मानवीः किन अन्यायमा पर्दा पनि शूद्र दलितहरूले एक मत भएर सङ्घर्ष गरी न्याय प्राप्त गर्ननसकेका हुन् ?***

**नेपाली**ः मानिसलाई सिनो खुवाउनु वा खाना बाध्य पारिनुभनेको गम्भीर अपराध हो । सिनो भनेको मरेको जनावरको मासु खानु हो । जनावर प्रायःजसो मर्नु भनेको रोग लागेर नै हो । यो मानिसप्रति गरिने आपराधिक व्यवहार वा सामाजिक अपराध हो । दलितलाई अपवित्र समुदाय हो भन्ने बनाउने धार्मिक षड्यन्त्र हो । यसैको जगमा टेकेर वर्तमान समयमा पनि हिजोका दलितमा सूचीकृत भएका समुदायलाई सिनो व्यवस्थापन गर्न बाध्य पारिएको अवस्था हाम्रै पुस्ताको अगाडि छर्लङ्ग छ तर पनि समाजले खडा गरेको दलितका बिचकै विभेदका कारण एक मत हुननसकेको हो । जस्तै- सिराहा जिल्लाका चमार जातिहरूले सिनो फाल्न बहिष्करण गरेका कारण एकजना महिलालाई निर्वस्त्र पारिएको थियो । त्यो समुदायलाई नाकाबन्दी लगाई खाद्यान्न खरिदमा समेत प्रतिबन्ध गरिएको थियो । त्यसरी नै धाराकुवाको पानी ल्याउनसमेत बन्देज गरिएको थियो । यस्ता ऐतिहासिक तथा वर्तमान पीडादायी कुसंस्कारका कारण नवयुवाहरू संयुक्त सङ्घर्षमा जुटेका थिए । यस्ताखाले जघन्य अपराधको कुनै कानुनी व्यवस्था नभएका कारण पनि दलित सङ्घर्षका कार्यक्रमहरूलाई निस्तेज गराउने प्रयासहरू भइरहे । तर पनि प्रजातान्त्रिक हकअधिकारसँगै दलित सङ्घर्षको विशाल सहभागितामूलक आन्दोलनले विजय हासिल गरेको थियो । दलित समुदाय अब सिनो व्यवस्थापन होइन, समाज रूपान्तरणमा एक जुट हुँदै छन् ।

***मानवीः के दलितहरूले गैरदलितहरूसँग नाताकुटुम्ब कायम गरेका छन् ?***

**नेपाली**ः नेपालजस्तो जातीय विभेदले जकडिएर बसेको समाजमा दलित र गैरदलितबिच नाताकुटुम्ब वा पारिवारिक सम्बन्ध स्थापित गर्नु भनेको फलामको चिउरा चपाएजस्तै हो । अझै पनि व्यापक रूपमा सामाजिक अवरोध छ । बरु छोराछोरी त्याग्नसक्छन् तर नाता-कुटुम्ब स्वीकार गर्नसक्ने देखिँदैन । अभिभावकको आत्माले स्वीकार गर्ने चाहना राख्दाराख्दै पनि अन्तरजातीय विवाहले गर्दा समाजमा बहिष्कृत होइन्छ कि ? सबै इज्जत सकिन्छ कि ? भन्ने मानसिकताबाट बाहिर निस्किन सकेका छैनन् । नवपुस्ता जो शिक्षित र चेतनशील छन् उनीहरूले जातलाई भन्दा शिक्षा, व्यक्तित्व, चरित्र र प्रेमलाई प्राथमिकतामा राखेको देखिन्छ । कतिपय आमाबुवाहरू छोराछोरीको इच्छालाई स्वीकार गरी मागी विवाहसरह विवाह गराइएका उदाहरणहरू पनि समाजमा देखिएको छ । जसले गर्दा अन्तरजातीय विवाह गर्ने क्रम बढिरहेको पनि छ ।

***मानवीः दलित परिवार वा समुदायभित्र महिलाहरूको अवस्था कस्तो देखिन्छ ? प्रायः दलित महिलाहरूको दिनचर्या कसरी बित्ने गरेको छ ?***

**नेपाली**ः दलित महिलाहरू जात, लिङ्ग र वर्गीय गरी तेहेरो विभेद सामना गर्नुपर्ने वर्ग

हुन् । आजसम्म समाजले हेर्ने दृष्टिकोणमा अन्य महिलामा भन्दा दलितमा हेर्ने दृष्टिकोणमा बढी विभेद छ। मठमन्दिर प्रवेशमा बन्देज लगाउने; धाराकुवा, पानी प्रयोग गर्नबाट निषेध गर्ने; छुनै नहुने, छोएको खानै नहुने भनी बहिस्कृत गरिएको हुन्छ । परिवारभित्र पुरुषप्रधान सोच यथावत् नै छ । घरभित्रका सबै अधिकार पुरुषकै हुन्छन् । घरभित्रका र घर बाहिरका सबै कामहरू महिलाले नै गर्नुपर्ने हुन्छ । बालबालिकाको जिम्मा पनि आमाको नै हुन्छ । त्यसले गर्दा अधिकांश महिलाहरू लैङ्गिक विभेदमा परेका हुन्छन् । महिलाहरू वर्गीय रूपमा पनि सबैभन्दा पछाडि परेका छन्। उनीहरूसँग कुनै आर्थिक अधिकार हुँदैन तर पनि सहनशील भएर सङ्घर्षका साथ आफ्नो जिम्मेवारी पूरा गरेका हुन्छन्। वर्तमान अवस्थामा शिक्षित परिवारभित्र शिक्षित महिलाहरूको सङ्ख्या पनि दिन प्रतिदिन वृद्धि भइरहेको छ। जसले गर्दा समाजमा स्थापित हुने अवसर प्राप्त भएको छ। शिक्षित भएकै कारण शिक्षक, विभिन्न सङ्घसंस्था, सहकारीक्षेत्र र राजनीतिमा समेत दलित महिलाहरूको खोजी हुनथालेको छ। नेपालको सविधान २०७२ मा भएको समानुपातिक समावेशी र आरक्षणको व्यवस्थाका कारण दलित महिलाहरूले राज्यका विभिन्न अङ्गहरूमा समावेश हुने अवसर प्राप्त गरेका छन्। उनीहरू कानुन निर्माण गर्ने ठाउँमा पुग्न पनि सफल भएका छन् । सङ्घीय सांसद, प्रदेश सांसद, राज्यका संवैधानिक निकाय, स्थानीय तह, निकायहरूमा र प्रत्येक वडामा एकजना दलित महिलाको व्यवस्था गरिएको छ। यसले गर्दा दलित महिलाहरू सशक्त रूपमा र अर्थपूर्ण रूपमा परिचित हुनथालेका छन्।

***मानवीः प्रायः दलित महिला पछि पर्नुका कारण के के हुन् ?***

**नेपाली**ः महिला भनेकी छोरी, बुहारी, श्रीमती, आमा, हजुरआमा पनि हो। छोरी जन्मनासाथ विभेद सुरु हुने गर्छ। छोरी भनेको अर्काको घरमा जाने जात भनेर हेरिन्छ। यीबाहेक पनि दलित महिलाहरू पछाडि पर्नुका धेरै कारण छन्। यी सबै महिलाहरूप्रति गरिने सामाजिक, सांस्कृतिक र लैङ्गिक विभेदहरू हुन् । त्यसभित्र दलित महिलाहरू त तेहेरो विभेदले जकडिएका हुन्छन् । दलित महिला जात, लिङ्ग र गरिबीको सिकार बनेका हुन्छन् । दलित भएका कारण समाजले गर्ने अपहेलना, महिला भएका कारण गरिने लैङ्गिक विभेद तथा समाजले दोस्रो दर्जामा राख्नु, आर्थिक रूपमा पुरुषको निर्भरतामा रहनुपर्ने कारणले गर्दा दलित महिलाहरू हरक्षेत्रमा सबैभन्दा पछि परेका हुन्।

***मानवीः दलित महिलाहरूको शिक्षा र स्वास्थ्यमा कस्तो पहुँच रहेको छ ?***

**नेपाली**ः दलित महिलाहरूको शिक्षा र स्वास्थ्यको पहुँच अझै पनि असमान र न्यून चुनौतीपूर्ण छ । दलित समुदायमा गरिबी र लैङ्गिक विभेदका कारण छोरीहरूले विद्यालय जाननपाउने, गए पनि घरको कामधन्दा सकेर मात्र जानुपर्ने । विद्यालय गइहाले पनि उनीहरूले आर्थिक अभावका कारण किताबकपी किन्न नसक्नु, विद्यालयमा जातीय विभेद हुनु, परिवारको प्राथमिकतामा नपर्नु आदि कारणले गर्दा बिचैमा विद्यालय छाडेका

हुन्छन् । त्यसपछिको समय सानै उमेरमा विवाह गरिदिनुले पनि शिक्षामा पछि परेका हुन्छन् । त्यति हुँदाहुँदै पनि कतिपय दलित महिलाहरूले निकै सङ्घर्षका साथ शिक्षा हासिल गरेका छन् र समाजमा स्थापित पनि भएका छन् । यस्तै गरेर दलित महिलाहरूले स्वास्थ्यक्षेत्रमा जटिल भेदभावको सामना गरेका हुन्छन् । दलित भएकै कारण स्वास्थ्यकर्मीहरूबाट पनि विभेद भोगेका हुन्छन् । तल्लो दर्जाका वर्गका रूपमा हेपाहा प्रवृत्ति देखाउँछन् । आर्थिक अभावका कारण स्वास्थ्य परीक्षण तथा उपचारमा ढिलाइ हुनु र जटिल रोगको सिकार बन्नु र अन्त्यमा मृत्युवरणको अवस्थामा पुग्नु दलित महिलाहरूका लागि अत्यन्त संवेदनशील अवस्था रहेको छ । अर्को सबालमा भन्नुपर्दा दलित महिलाहरू गर्भ अवस्थामा रहँदासमेत स्वास्थ्यबर्धक खानेकुराको अभावले आफू र बच्चाको स्वास्थ्य अवस्था नाजुक देखिन्छ ।

***मानवी: वर्तमानकालीन अवस्थामा दलित समुदाय र विशेष गरी महिलाहरूका लागि सरकारी संयन्त्रबाट कस्तो भूमिका निर्वाह गर्नुपर्ने देख्नुहुन्छ ?***

**नेपाली**: विशेष गरी महिलाहरूका लागि सरकारी संयन्त्रबाट कस्तो भूमिका निर्वाह गर्नुपर्ने हुन्छ भन्ने सबालमा सर्वप्रथम नीतिगत रूपमा बनेका कानुनहरूलाई राज्यद्वारा कार्यान्वयनमा कडाइका साथ जोड दिनुपर्दछ । दलित महिलालक्षित कार्यक्रम ल्याई प्रभावकारी कार्यान्वयन गरिनुपर्दछ । उदाहरणः गुणस्तरीय शिक्षा, रोजगारी, प्रजनन स्वास्थ्य, पोषणयुक्त खाना, सुत्केरी सेवाजस्ता कानुनी अधिकारका विषयलाई राज्यबाट विनासर्त कार्यान्वयन गर्नु अनिवार्य छ । यसका साथै कार्यक्रम स्वास्थ्य संस्थाहरूबाट उत्पीडित समुदायप्रति गरिने उपेक्षित व्यवहार अन्त्यका लागि राज्यद्वारा सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्दछ । प्रायःजसो दलित महिलाहरू भूमिहीन तथा सुकुम्बासी अवस्थामा छन् । त्यस्ता महिलाहरूका लागि जमिनको व्यवस्था गरिनुपर्छ । दलित महिलाहरूलाई निर्ब्याजी ऋण उपलब्ध गराई उद्यमशीलतामा सामेल गर्ने व्यवस्था गरिदिनुपर्ने हुन्छ । अर्को कुरा राज्यका तर्फबाट दलित र गैरदलित समुदायहरूलाई कर्मकाण्डसम्बन्धी संयुक्त रूपमा तालिमहरू सञ्चालन गरिनु आवश्यक छ किनभने बहुसङ्ख्यक दलितहरू हिन्दु धर्मसंस्कारमा विश्वास राख्दछन् ।

***मानवी: नेपाली समाजमा अन्य वर्णका जातिहरूमा जस्तै शूद्र वा दलितहरूमा पनि पुरुषसत्ता हाबी हुने गरेको छ ?***

**नेपाली**: नेपाली समाजका समग्र महिलाहरू पितृसत्तात्मक सोचका कारण दोस्रो दर्जाका रूपमा जिउनु परिरहेको छ । दलितभित्र झन् अन्य वर्ग/जातमा भन्दा अझ बढी विभेद देखिन्छ । दलितहरू सामाजिक, आर्थिक र सांस्कृतिक रूपमा ऐतिहासिक उत्पीडनमा परेका समुदाय हुन् । उनीहरू समाजभित्र जटिल परिस्थितिको सामना गरिरहेका हुन्छन् । यससँगै दलितभित्रको लिङ्गीय असमानता झनै कठोर रूपमा रहेको पाइन्छ । परिवारको प्रमुख निर्णायक, (विवाह, शिक्षा, आय-व्यय आदि) पुरुषकै निर्णयबमोजिम हुन्छ । विविध समाज परिचालन गर्ने जातीय सङ्घ-सङ्गठन, सहकारीक्षेत्रमा नेतृत्व लिने सबालमा पनि

पुरुष नै अगाडि सरेका हुन्छन् । छोराछोरीलाई पढाउने होस् वा रोजगारी तालिममा सहभागी गराउन होस् छोरा नै प्राथमिकतामा पारेका हुन्छन् । छोरीलाई चाहिँ विवाह गराई छिट्टै छुटकारा लिने सोच बनाइरहेका हुन्छन्। छोरी वा महिला भनेका श्रीमान् वा परिवारको सेवा गर्ने, खाना पकाउने, बालबच्चा जन्माउने र हुर्काउने साधन हुन् भन्ने मानसिकताले उनीहरूलाई गाँजेको हुन्छ । वर्तमान अवस्थामा पनि पढेलेखेका महिलाहरूलाई जागिर खानबाट वञ्चित गरिन्छ र घरधन्दामै सीमित गर्ने प्रयास गरिन्छ । शिक्षित परिवारका छोराछोरीलाई चाहिँ समान शिक्षा दिनुपर्छ भन्ने सोचको वृद्धि हुँदै पनि आएको छ।

***मानवीः दलित र गैरदलितहरूको कर्मकाण्ड, तीर्थव्रत एकै किसिमको हुन्छ ? हुन्छ भने किन ? र हुँदैन भने किन ?***

**नेपालीः** ऐतिहासिक र वर्तमान दृष्टिकोणले हेर्दा हिन्दु वर्णाश्रम धर्मले पूजापाठ गर्नु त के 'दलितले वेद सुने मात्र पनि सिसा पगालेर कानमा राखिदिने' भन्ने संस्कारमा हुर्केका गैरदलितहरू हुन् । धार्मिक विभेद भोगेका दलित समुदायहरूले हामी हिन्दु हौं या अन्य हौं भन्नेमा समेत अनभिज्ञ रहेको पाइन्छ। समय क्रमअनुरूप सचेत दलित समुदायहरूले धार्मिक विभेदसम्बन्धी सुधारवादी आन्दोलनहरू सञ्चालन गरी सङ्घर्षका कार्यक्रमहरू सुरु गरे। उक्त आन्दोलनले जातीय विभाजनलाई चुनौती दियो। दलित समुदायहरूले हामी पनि हिन्दु हौं । हामीले पनि कर्मकाण्ड, व्रत गर्न उपवास बस्न, तीर्थयात्रा गर्नपाउनुपर्छ भनी आबाज उठाए। जसका कारण शूद्र र दलित समुदायहरूका लागि समाजमा केही खुकुला व्यवहारहरू देखा पर्नथालेको पाइन्छ।

***मानवीः के तपाइँ दलित शब्दप्रति सहमत हुनुहुन्छ ?***

**नेपालीः** 'दलित' शब्दलाई राजनीतिक, सामाजिक र ऐतिहासिक पाटोबाट हेर्नु जरुरी हुन्छ। 'दलित' शब्दको अर्थ कुचिएको, दबिएको र शोषित भनेर बुझिन्छ । सन १९६० को दशकतिर भारतीय दलित आन्दोलनका अगुवा संविधानविद् डा.अम्बेडकरले सामाजिक न्यायको आबाजका रूपमा ल्याइएको शब्द हो यो । त्यसपछि नेपालका उत्पीडनमा परेका समुदायले पनि दलित शब्द प्रयोगमा ल्याइएको हो। यसर्थ नेपालमा पनि 'दलित' शब्द राजनीतिक परिचय बनेर आएको देखिन्छ। खासगरी जातीय उत्पीडनका विरुद्ध बोल्ने प्रतिनिधि 'दलित' शब्दका रूपमा प्रयोग गरिएको छ । सहमत र असहमतका सबालमा दलित शब्द ऐतिहासिक रूपमा अछुत बनाइएका वहिष्कृत समुदाय मात्रै नभएर समग्रमा उत्पीडित महिलाहरू पनि दलित हुनुपर्दछ । प्रायः सबै जातजातिहरूमा जात घटाउने प्रवृत्ति छ। घटुवामा परेका सबै जातजातिहरू दलितमा सूचीकृत हुनुपर्दछ।

***मानवीः 'जहाँ गरिब त्यहाँ हरिप' भन्ने लोकोक्ति पाइन्छ ! के गरिब मात्र हरिप हुन्छन् भन्ने छ ? किन यसरी हेपेर भनिएको हो ?***

**नेपालीः** 'जहाँ गरिब त्यहाँ हरिप' भन्ने सामन्तहरूले बनाएको हेपायत लोकोक्ति हो।

ऐतिहासिक पृष्ठभूमिलाई केलाउँदा वर्णाश्रम धर्मव्यवस्थाले गरेको राज्य सञ्चालनका क्रममा कार्य विभाजनमा गरिएको विभेदका कारण आजसम्म पनि कठोर परिश्रमी समुदायहरू भूमीहिन, सुकम्बासीका रूपमा जीवनयापन गरिरहेका छन् । तिनै वर्गहरू नै गरिबीको रेखामुनि परेका छन् । मलाई लाग्छ, गरिब भनेको काम नगर्ने, मागेर खाने, अर्काको सहारामा जीवनयापन गर्ने वर्ग हुन् भनेर होच्याउन यसो भनिएको हो ।

***मानवीः दलित शब्दले सुन्दैमा जोकोहीलाई मनोसामाजिक प्रभाव पार्छ भने फेरि दलित आयोग भनी किन नामकरण गरिएको होला ?***

**नेपालीः** अविवेकी सामन्तद्वारा राज्य सञ्चालनका क्रममा बनाइएका विधि, विधानमा एक समूह मान्छेलाई अवर्गमा राखी वहिस्कृत गरियो अनि राज्यका सबै सेवासुविधाबाट वञ्चित बनाइयो । उल्टै तिनीहरूलाई असभ्य र अछुतको बिल्ला भिराइयो । शिक्षा, धर्म, कर्म तथा सामाजिक रूपमा अलग पारियो । आयआर्जनका क्षेत्रहरू बन्देज गरियो । सिनो खाने जिम्मा लगाइयो । उच्च जाति हुँ भन्नेहरूका लागि आवश्यक पर्ने सबै वस्तुहरू निर्माण गरी आवश्यकता पूर्ति गर्नुपर्ने बाध्यकारी व्यवस्था बनाइयो । आफ्नै स्वामित्वमा रहने जमिनको व्यवस्था गरिएन । यो अत्याचारी कामसँगै उनीहरूको निगाहामा खोलाखोल्सा र पाखापखेरातिर वस्नुपर्ने नियम बनाइयो । कालान्तरमा आएर तिनै समुदायलाई दलित भनेर छुट्याइयो । विगत इतिहासलाई हेर्दा जोकोहीलाई दिक्क लाग्नु स्वभाविक छ । जहाँसम्म राष्ट्रिय दलित आयोगको नामकरण गरिँदा दलित शब्द किन राखिएको होला भन्ने प्रश्न छ गैरदलित जातिहरूको मानसिकताबाट दलितप्रति हेरिने दृष्टिकोणलाई मनोसामाजिक दिमागबाट हटाई समान रूपमा जबसम्म स्वीकार गरिँदैन तबसम्म दलित' शब्द र दलित आयोग सान्दर्भिक छ भन्ने मलाई लाग्छ किनभने दलितको संवैधानिक र कानुनी अधिकार कार्यान्वयन गर्नका लागि नै 'दलित' आयोगको व्यवस्था गरिएको हो । दलितहरूले दलित शब्द चीरकालसम्म सूचीमा राख्नचाहेका छैनन् । समानुपातिक, समावेशी र समानताको नीति कार्यान्वयन भएपछि यो शब्द र आयोग स्वतः हट्ने कुरामा दुई मत छैन ।

***मानवीः दलित र गैरदलित एकछत्र हुन के गर्नुपर्छ ?***

***नेपालीः*** नेपालमा जातीय विभाजन र छुवाछुत प्रथा गहिरो रूपमा जकडिएर रहेको कुरा सर्वविदितै छ । पछिल्लो चरणमा आएर बनेका संविधानहरूमा छुवाछुत अन्त्यका लागि केही सकारात्मक कानुनहरू बनेका त हुन् तर कार्यान्वयनमा फितलो रहेकाले दलितका लागि खासै उपलब्धि हासिल हुनसकेको छैन । नेपालको लोकतान्त्रिक आन्दोलनपछि बनेको संविधानसभाले नेपालको संविधान २०७२ निर्माण गर्‍यो । उक्त संविधानमा समग्र रूपमा सबै जातजातिका अधिकार सुनिश्चितताका लागि व्यवस्थित रूपमा संवैधानिक र कानुनी प्रावधानको व्यवस्था गरेको छ तर पनि समाजले एकता, समानता र सहअस्तित्व

स्वीकार गर्नसकेको छैन त्यसकारण राज्यद्वारा संविधानले दिएको अधिकारलाई छिटोभन्दा छिटो कार्यान्वयन गरी जातीय विभेदको अन्त्य गर्नु राज्यको अनिवार्य कर्तव्य हुनआउँछ । यसर्थ बृहत् योजनाका साथ राज्यका विभिन्न अङ्गहरूलाई परिचालन गर्नुपर्दछ । साथै मानसिक रूपान्तरणका लागि प्राथमिक तहको पाठ्यक्रममा समावेशी, समनतामूलक र इतिहाससहितको शिक्षा समावेस गरि नुपर्दछ । समान अवसर सुनिश्चितताका लागि गरिबी, अशिक्षा, सिपहीनता र संरचनात्मक असमानतालाई हटाउन समान अवसर प्रदान गरिनुपर्दछ र धर्म, संस्कार र परम्पराभित्र पर्ने विभेदकारी शब्द हटाई आलोचनात्मक चेतना विस्तार गरिनुपर्दछ ।

***मानवीः दलित आरक्षणका सम्बन्धमा यहाँको धारणा के छ ?***

**नेपालीः** दलित समुदाय ऐतिहासिक रूपमा अन्याय, अत्याचार र अवसरवाट वञ्चित वा बहिस्कृत समुदाय हो । सामाजिक वर्गका मानिसहरू दर्दनाक जीवन बिताउन बाध्य पारिएका हुन् । आजसम्म पनि भूमिहीन, सुकुम्बासी, नागरिकताविहीनको अवस्थामा छन् । देशमा भएका ठुला ठुला प्रजातान्त्रिक आन्दोलनबाट प्राप्त प्रजातन्त्र र लोकतन्त्रप्राप्तिपछि भने केही मात्रामा शिक्षा हासिल गर्ने अवसर पाएका छन् । आफ्नो देशभित्र शिक्षाअनुसारका रोजगारी भने प्राप्त गर्ने अवसर पाएनन् । फलस्वरूप दोस्रो मुलुक अरबको मरुभूमिमा रोजगारीका लागि भौँतारिनुपर्ने अवस्था सिर्जना भयो । विशेष गरेर तर्तराउँदो पसिनासँगै अधिकांश दलितहरूले आफ्नो परिवारका लागि गाँस, बास, कपासको व्यवस्था तथा बालबालिकाको शिक्षालाई प्राथमिकतामा राख्न जोड दिए । यसले गर्दा बालबालिकाहरू अन्य जातिहरूसँग समान अधिकारका लागि प्रतिस्पर्धा गर्नसक्ने र अन्यायविरुद्ध आबाज उठाउनसक्ने बनेका छन् । बिडम्बना ! तर त्यो समूह भनेको न्यून मात्रामा छ । ठुलो समूहले अहिले पनि समाजमा प्रचलित "बालीघरे प्रथा" छोड्न सकेका छैनन् । उनीहरू निकै कष्टपूर्ण जीवन बिताइरहेका छन् । तिनै व्यक्तिहरूको छुटकाराका लागि वर्तमानमा सचेत युवाहरू सङ्घर्षरत छन् । साथै नेपालको संविधान २०७२ ले दिएका अधिकारलाई कार्यान्वयन गर्नका लागि सङ्गठित रूपमा आन्दोलनरत छन् । समानुपातिक, समावेशी तथा केही स्थानहरूमा आरक्षणको व्यवस्था गरिएको छ । केही समयका लागि आरक्षण स्वागतयोग्य कुरा हो । राजनीतिक पार्टीहरूले उत्पीडित समुदायहरूको ऐतिहासिक पृष्ठभूमि र वर्तमान अवस्थालाई मध्यनजर गरी ल्याएको आरक्षणको व्यवस्थालाई कार्यान्वयन गर्नका लागि निकै चुनौतीपूर्ण रहेको देखिन्छ । यसर्थ दलितभित्र पनि वास्तविक दलितको पहिचान गरी आरक्षणको व्यवस्था मिलाइनुपर्दछ । सबै समुदायहरूले बुझ्नै पर्ने कुरा के छ भने आरक्षण सधैँका लागि नभई सबै वर्ग वा समुदायको हाराहारी जातीय विभेद अन्त्य नहुँदासम्मका लागि मात्र रहने व्यवस्था हो ।



❖ **लक्ष्मीकान्त मुकुल**

## युद्धको भाषा

युद्धको भाषा उन्मादी हुन्छ
जसमा सामेल हुन्छ विध्वंसक तत्त्व
भवनहरू नष्ट गर्ने
पाकेको बालीलाई खरानी बनाउने
दुधमुखे बच्चालाई आमाको आँचलबाट
दूर गर्ने षड्यन्त्र
गोठालालाई उनीहरूका पशुबाट
किसानलाई उनीहरूका खेतबारीबाट
बेदखल गर्ने सनक !

तानाशाहको घमन्ड अट्टहास गर्छ
युद्धको भाषाको शैलीमा
अरूको खोसेर लिने स्वतन्त्रता
छिमेकीको आर्जित भूमिमा गरेर कब्जा
मान्छेहरू बेघर भई भौँतारिएको देख्ने चाहमा
बिस्तारित हुन्छ उसको भाषाविन्यास !
युद्धको भाषामा बगैँचा लगाउने हुँदैन
न भोकाप्यासाको सेवा
न हुन्छ शरणागतको सुरक्षा !

युद्ध थोपर्नेवाला चाहन्छ खोस्न
निर्दोष बच्चाहरूको हाँसो
कामदारहरूको हातबाट कोदालो
नौजबानहरूबाट सपना
वृद्धहरूको सहाराछडी
युद्धको भाषामा पाइन्छ सिर्फ काँडा
घायल, रक्ताम्मे भएको जिन्दगीको चित्कार
उसको भाषामा कतै देखिदैन
बबुलका पहेँला पहेँला फूल
न देखिन्छ रुखबिरुवामा हरिया पात !

## युद्धको रङ

युद्धको रङमा सामेल हुन्छन्
रक्ताम्य नदीहरू
बस्तीलाई मृत्युको काखमा सुताइदिने
धुलाम्मे बालुवा उडिरहेको आँधी !
युद्धको कालो रङ हिरोसिमाको दिलमा
अहिले पनि बसेको होला
रातको गहिरो निद्रामा अन्धकारमा घुलेर
स्कुल जाने बच्चाको झोला, किताब, पेन्सिल
उनीहरूको शरीरका साथ गलेर
धुलोमाटोमा बग्यो होला !

युद्धका रङमा सामेल हुँदैन हरियोपन
मान्छेहरू मुस्कुराएको अनुहारको रङ
खित्का अनि उज्यालो भरिएको हाँसो
कुराकानीमा हुने आत्मिक आभास
पाइँदैन युद्धको रङमा
युद्धको रङमा भरिएको हुन्छ कुइरीमण्डल धुलो
मानवजनित रासायनिक बारुदको विस्फोटले
फिँजारिएको हुन्छ चारैतिर मरुस्थल
जहाँ टाढासम्म बचेको मरुद्यानको झलक
देखिदैन !

# युद्धको मैदान

तीर, तलबार चल्दैन अब चलाउँदैनन् योद्धा युद्धमैदानमा
घोडाको टाप, हात्तीको चित्कारले गुञ्जिदैन कुनै कुरुक्षेत्र
आधुनिक प्रक्षेपास्त्रले बदलिदिएको छ युद्धको परिभाषा
अब युद्ध भूमिको टुक्रा या स्त्रीहरणका लागि लडिदैन
न त स्वाभिमानको पहिचान, न संस्कृति रक्षाको नाममा !
सनकी तानाशाहको दिमागी कुटिलताले
अब लडिन्छ युद्ध
तेलकुवा, खनिज, मादकपदार्थलाई
हडप्नका लागि लडिन्छ आजको युद्ध
जल, थल, नभबाट हमला गर्दा
सैनिक अर्काको खाल चिथोर्न तल्लीन ब्वाँसो जसरी
आफैँ नै आफ्नो शरीरको छाला पनि चिथोराउँदै !

*ग्राम- मैरा, पोस्ट- सैसड़,*
*भाया- धनसोई, बक्सर, (बिहार) ८०२११७*

*हिन्दीबाट अनुवादः सुमी लोहनी*
*भाटभटेनी, काठमाडौं नेपाल*

## ❑ गीत



❖ लीलाराज दाहाल

बागमतीको पुल माया चाँदीखोला पुल
किन गयौ तर्केर, केमा भयो भुल !
तिमीलाई हृदयमा सजाएर बसेँ
तिमीलाई सम्झिएर टोलाएर बसेँ
बाँकेखोला पुल माया चापिनीको पुल
किन गयौ तर्केर, केमा भयो भुल !
माया प्रेमको गहिराइ नाप्न जानिनौ
चोखो माया खन्याएँ थाप्न मानिनौ
बकैयाको पुल माया पसाहाको पुल
किन गयौ तर्केर, केमा भयो भुल !

*बागमती ११, कर्मैया, सर्लाही ।*

# टेक्सासका केही रमाइला अनुभूतिसहित घर फिर्तीसम्मको हाम्रो यात्रा



❖ रमेश पोखरेल

**एक घण्टा दिन घटाइदिँदा रहेछन् !**

नोभेम्बर ३ को मध्यरातिदेखि सोझै एक घण्टा दिन घटाइदिँदा रहेछन् यहाँ। हामी काठमाडौँबाट टेक्सासको फोर्टवर्थको हर्स्टमा आउँदा बिहान सूर्योदय बिहान ६.३२ मा र सूर्यास्त साँझ ७ बजे हुने गरेकोमा समय घट्दै गएर नोभेम्बर ४ मा बिहान ठिक ७ बजे हिँडिरहँदा बल्ल सूर्योदय भएको देखियो। साँझमा पनि ६.२५ मा सूर्यास्त भयो। तर यहाँ त गज्जब पो हुँदो रहेछ त ! नोभेम्बर ३ को मध्यरातिदेखि अर्थात् १ बजेपछि सरकारले नै पो एक घण्टा घटाएर घडी घुमाइदिँदो रहेछ ! अघिल्लो दिन राति आज एक घण्टा बढी सुत्न पाइँन्छ भन्दै थिए नानीहरू। मैले त आफैँले बिहान घडी मिलाउनुपर्ने होला भन्ने बुझेँ। बिहान मोबाइलमा त आफैँ समय घटिसकेको हुँदो रहेछ ! अन्य ब्याट्रीवाला घडीको समय भने आफैँले मिलाउनुपर्ने रहेछ। किन यति धेरै उज्यालो भयो त आज ७ बजे ! भनेर केही बेर अल्मलिइयो ! फेरि मार्चमा एक घण्टा बढाइदिन्छन् रे !

नेपालमा त बरु कार्तिक १६ देखि माघ १५ सम्म दिन छोटा हुने भनेर एक घण्टा कार्यालय समय पो घटाउने चलन थियो।

**कति लामा हो ढुवानीका साधन पनि !**

टेक्सास वा अमेरिकाभरिकै दुध तथा इन्धन ढुवानीका साधन अत्यन्त लामा हादा रहेछन् ! स्टिल बडी, हेर्दा पनि राम्रा तर धेरै लामा ! यहाँ धेरै लामा सवारी गुड्ने चाहिँ राम्रा सडक भएकाले रहेछ। यी साधनमा दुध पनि ढुवानी हुँदो रहेछ र इन्धन पनि। साधन भने हेर्दा उस्तै उस्तै लाग्ने ! हाम्रो नेपालमा इन्धन ढुवानी गर्ने ट्रकहरूले या त पेट्रोल, या त डिजेल, या मट्टितेल मात्र बोक्थे र ग्यास बोक्ने बुलेट चाहिँ लामा र ठुला अलग्गै खालका हुन्थे तर यहाँ एउटा यो लामो सवारीमा ग्यास, पेट्रोल (पेट्रोलका पनि फरक फरक ग्रेड हुँदो रहेछ) र डिजेल बोकेर हिँड्दा रहेछन् ! यहाँको तर्क चाहिँ 'एउटै ग्यास स्टेसनमा फरक फरक ग्रेडको पेट्रोल, डिजेल बिक्री गर्नुपर्ने भएकाले फरक फरक ग्रेडका लागि वा डिजेलका लागि अलग अलग सवारी चलाउँदा लागत बढी पर्नजान्छ र एउटै सवारीमा खण्ड खण्ड पारेर सामान भर्ने अनि खन्याउने पनि अलग अलग व्यवस्था भइसकेपछि एउटैले बोके भइगो नि' भन्ने हुँदो रहेछ। यहाँ ग्यास स्टेसन भनेको पेट्रोल, डिजेल भर्ने ठाउँ हो। कुरा त ठिकै हो। हाम्रोतिरका तीन-चारओटा ट्याङ्करले बोकेको पेट्रोल डिजेल यहाँ एउटैले बोक्ने खालको अत्यन्त लामो हुँदो रहेछ। बाटो राम्रो भइदियो भने सवारी लामो भएर के फरक पर्दो रहेछ र !

अझ एउटै ट्रकले तीनओटासम्म ट्रकलाई

गुडाएर सडकमा दौडिरहेको पनि देखियो ! नयाँ ट्रक ओसारपसारको क्रममा सडकमा ट्रकको पछाडिको ढाला झिकेर नयाँ ट्रकको चेसिससलाई दुइटा पाङ्ग्रा आफ्नो शरीमा चढाएर पछाडिका दुई पाङ्ग्रा चाहिँ सडकमा गुडाउने अनि त्यसैगरी अर्को ट्रक, अनि अर्को गर्दै आफूसहित थप तीनओटा ट्रकलाई तानेर गन्तव्यमा गइरहेको दृश्यसमेत सडकमा देखिन्छ ! कतैकसैलाई बाधाअवरोध नगरी निर्वाध गुडिरहेको पो देखिन्छ त ! सडक खाल्डाखुल्डी नुहुनु, धुलोमैलो नहुनुको फाइदा यस्तो हुँदो रहेछ !

## व्यवस्थित एवम् अनुशासित निर्माण

यहाँ अमेरिकाको कहीँ कतैको पनि निर्माणमा निर्माणस्थलमै सिमेन्ट, बालुवा, रोडा घोल्ने, डन्डी बाँध्ने काम नहुँदो रहेछ । यहाँ त कस्तो ठाउँमा निर्माण गर्ने हो ? डन्डी कस्ता कसरी राख्ने भन्ने नक्सानुसार तयारी बनाएरै ल्याउँदा रहेछन् भने सिमेन्ट, बालुवा तथा कङ्क्रिट घोल्ने काम उनीहरूको तोकिएको स्थानमा नै गरी ट्रकमा तयारी माल नै ल्याएर निर्माणस्थलमा हाल्दा रहेछन् । यो प्रविधिको प्रयोग चाहिँ हाम्रो काठमाडौँमा पनि पञ्चकन्या ग्रुपले भित्र्याएको छ र उसका गाडीहरू पनि तयारी माल बोकेर त्यो ट्याङ्कीलाई घुमाउँदै सडकमा गुडिरहेको देखिन्थ्यो तर त्यसको प्रयोग सबै सबैले चाहिँ गरेको पाइँदैन । बरु हाम्रोमा कोही कसैको घर निर्माण वा ढलान गरेका दिन त पूरै बाटै बन्द गरिदिने पो चलन थियो त ! तर यहाँ त बाटैमा निर्माण हुँदासमेत पूरा बाटो कहीँ कतै र कहिल्यै पनि बन्द गरेको देखिएन ! न त निर्माण गरेको वा गरिरहेको ठाउँमा फोहोर नै देखिन्छ !

यहाँको आवासीय भवन निर्माणको प्रक्रिया झन हामीकहाँको भन्दा अत्यन्त फरक ! यहाँ चैं सबैभन्दा पहिले बाटो निर्माण गर्ने, आवासीय क्षेत्रको बाटो प्रायः ढलान गरेको देखियो र ढलान गर्नुभन्दा पहिले नै त्यहाँमुनि ढल, पानी, बत्ती, टेलिफोन तथा इन्टरनेट, ग्यास आदिका पाइप बिछ्याएर, सडकबत्ती बल्ने व्यवस्था गरेर, सडकको नामाकरणसमेत गरेर टक्क लेभल मिलाउने र त्यसमाथि डन्डी छापेर सोझै ढलान गर्ने गर्दा रहेछन् । सडकपेटी र त्यसको छेउमा दुबो वा घाँस रोप्ने डिजाइन पनि पहिले नै निर्माण हुँदो रहेछ । त्यसपछि डोजरले पेलेर, लेभल मिलाएर ठिक्क पारेको जमिनमा घरनिर्माणको थालनी हुँदो रहेछ । यहाँका आवासीय घरमा कङ्क्रिटभन्दा बढी काठको प्रयोग गर्ने गरिँदो रहेछ । अचम्म ! नजिकै यत्रो भव्य निर्माणको काम भइरहँदा पनि सडकमा एक टुक्रा गिट्टी खसेको वा माटो खसेको भेटिँदैन ! निर्माणका काम भने प्रायः राति सम्पन्न गरिँदो रहेछ ।

## राष्ट्रपतिको निर्वाचन

हामी यहाँ आएदेखि नै अमेरिकी राष्ट्रपतिको निर्वाचनका बारेमा यहाँका टेलिभिजनहरूमा बहस भइरहेको थियो । हामी बस्दाबस्दै नोभेम्बर ५ सन २०२४ मा निर्वाचन सम्पन्न पनि भयो । ट्रम्पले पहिलेको आफ्नो शासनकालमा नै धेरै राम्रो छवि नबनाएका हुँदा उनी पराजित हुन्छन् र महिला त्यसमाथि पनि वर्तमानमा उपराष्ट्रपति पदमा रहिरहेकी हुँदा पनि उनले जित्लिन् कि भन्ने अपेक्षा पनि धेरैको रहेको पाइन्थ्यो । तर त्यसो भएन ! अमेरिकाको कुल क्षेत्रफल ३८,०९,५२५ वर्गमाइल रहेछ त्यसमा पनि ९२.७१% अर्थात् ३५,३२,००० वर्गमाइल जमिन र ७.२७% अर्थात् २,७७,२०९ वर्गमाइल चाहिँ समुद्र नै छ अरे ! यहाँको ४३ हजार वर्गमाइल जमिन

ओगटेर निर्माण गरिएका विशाल सडकको क्षेत्रफल नै चालिस लाख माइल छ अरे ! अनि यहाँका जनतामध्ये ९६% सँग आफ्नै मोटर छ अरे ! त्यसैले त विकसित मुलुक यो ! वर्तमानमा संसारलाई हल्लाइरहेको सर्वशक्तिमान् अनि प्रजातान्त्रिक कहलिएको मुलुकमा कमला ह्यारिस भने पराजित भइन् ! डोनाल्ड ट्रम्पले २७९ इलेक्ट्रोरल कलेज मत (जम्मा ५३८ मध्ये चाहिने २७० इलेक्ट्रोरल कलेज) अर्थात् ५१% मत ल्याएर निकै फराकिलो अन्तरले निर्वाचित भए ! कमला ह्यारिसले २२३ इलेक्ट्रोरल कलेज मत अर्थात् ४७% मत प्राप्त गरेकी थिइन् । अमेरिकाको राष्ट्रपतिको निर्वाचनको प्रक्रिया भने निकै जटिल रहेछ ! हरेक राज्यको अलग अलग निर्वाचन प्रणाली हुँदो रहेछ ! राज्यैपिच्छे इलेक्ट्रोरल कलेज अर्थात् निर्वाचित हुने प्रतिनिधिको सङ्ख्या फरक फरक तोकिएको हुँदो रहेछ । पाँच-छओटा राज्यमा त तोकिएको इलेक्ट्रोरल कलेजमा जसले बहुमत ल्याउँछ त्यसैलाई शतप्रतिशत मान्ने अर्थात् विपक्षी शून्य हुने पनि व्यवस्था रहेछ ! त्यसैले क्यालिफोर्नियाँ, पेन्सिलभेनियाँ, न्यु क्यारोलाइनाजस्ता राज्यमा उमेदवारहरू बढी नै मिहिनेत गर्दा रहेछन् । जनताले प्रत्यक्ष मतदान पनि गर्न पाउँदा रहेछन् र यस्तो मतदान एकहप्ता पहिलेदेखि नै गर्न पाइँदो रहेछ ! निर्वाचनका दिन हाम्रोमा जस्तो सार्वजनिक सवारी बन्द गर्ने, मतदान विद्यालयमा गर्नुपर्ने भएकाले पनि विद्यालय कम्तीमा तीन दिन बन्द गर्ने, जनता मतदान गर्न लाइनमा लाग्ने र ठेलमठेल हुनेजस्तो यहाँ त केही पो हुँदो रहेनछ ! न त माइकिङ वा आमसभा ! न त घरदैलो कार्यक्रम ! तोरण वा पोस्टर त कतै देख्नै नपाइँने ! यहाँको प्रचारको माध्यम नै टेलिभिजन बहसका कार्यक्रम हुँदा रहेछन् । खासमा जनताले अत्यन्त उत्साहका साथ लिँदा पनि रहेनछन् यहाँको निर्वाचनलाई । संसारको सर्वशक्तिमान् राष्ट्रपतिको निर्वाचन यति सुनसानजस्तो लाग्ने कि मानौँ यहाँ निर्वाचन नै भइरहेको छैन !

यहाँको निर्वाचनमा यसपटक डोनाल्ड ट्रम्पको उमेदवारी धेरै पहिले नै घोषणा भएको तर कमला ह्यारिसको उमेदवारी ढिला भएको, ट्रम्पले सुरुदेखि नै युद्धविरोधी धारणा राखेका हुँदा उनको यो विचारलाई अमेरिकीले बढी मन पराएका अर्थात् युद्धको पक्षमा अमेरिकी जनता नदेखिएका, आप्रवासीका बारेमा ट्रम्पको धारणा नकारात्मक देखिए पनि अमेरिकीले राष्ट्रवादी नीति मानेका कारण ट्रम्पले जित्नुपर्छ र उनले जिते र युद्धको अन्त्य भयो भने आर्थिक मन्दीको संसारले भेलेको समस्याको पनि अन्त्य हुन्छ भन्नेहरू यहाँ अलि बढी नै भेटिन्थे । जेसुके आँकलन रहे पनि संसारको सबैभन्दा प्रजातान्त्रिक मुलुक भनिएको यो देश महिलाका प्रति धेरै उदार चाहिँ देखिएन ! अहिले कमला ह्यारिसका बारेमा उनीहरूले भारतीय मूलकी, आफैँ निर्णय गरिहाल्न नसक्ने, युद्धकै पक्षधर मानिने पार्टीकी र राष्ट्रवादी मुद्दामा कमजोर भनेर आलोचना गरेको पाइयो तर हिलारी क्लिन्टन त अमेरिकी मूलकै थिइन् त ! यद्यपि हिलारी क्लिन्टनले ट्रम्पलाई पपुलर भोटमा अठ्ठाइस लाखभन्दा बढी मतले चैँ जितेकी थिइन्, इलेक्ट्रोरल मतका आधारमा उनी पराजित भएकी थिइन् । कमला ह्यारिसलाई चाहिँ ट्रम्पले पपुलर भोटमै एक करोडभन्दा बढी मतले नै पछि पारे ! यसरी हेर्दा अमेरिका वा यहाँका जनता महिलाका प्रति उदार छैनन् भन्ने कुराको पुष्टि भने अहिलेको चुनावले अभै बढी गरेको देखिएको छ किनभने

ट्रम्पले दुबैपटक निर्वाचन जित्दा महिलालाई नै पराजित गरेका छन् । हुन त कालाजातिका तर्फबाट बाराक ओबामाले निर्वाचन जितेकै हुन् तापनि यहाँ काला र गोराका बिचको विवादको तुष अहिले पनि देखिँदो रहेछ ! गोराहरू कालालाई धेरै मन पराउँदा रहेनछन् ! यसरी हेर्दा अमेरिकीहरू पनि रुढिवादी, अन्धविश्वासी वा विभेदलाई कतै न कतै आत्मसात् गर्ने खालकै रहेछन्, निर्वाचनमा पैसा खर्च गर्ने परिपाटी यहाँ पनि रहेछ र महिलाले अवसर पाउन अझै निकै समय लाग्ने रहेछजस्तो लाग्यो मलाई । बरु हाम्रै देशले महिला राष्ट्रपति पाइसकेकोमा पो गर्व लाग्यो !

**धुलोमैलो नभएको सडक** !

काठमाडौँबाट यहाँ टेक्सासमा आएको पनि एक महिना पाँच दिन भइसक्यो । एउटै जुत्ता लगाएको लगाऐ गर्दा पनि पालिस लगाउनुपरेको छैन त ! उता त एक हप्ता पुर्‍याउन पनि कठिन हुन्थ्यो । आखिर फोहोर हुने भनेको त धुलोको कारण पो रहेछ ! धुलो नभएपछि मैलो हुने कुरै भएन ! मनले भन्यो, 'ए भाइ ! काठमाडौँबाट यहाँ आएर डेढ महिनासम्म बस्दा पनि उतैबाट पालिस गरेर लगाएका जुत्ता नै लगाएर फर्किन त मिल्दैन नि !' 'हो कि त' भन्ने लागेरै मैले आवश्यक नभए पनि एकपटक जुत्तामा पालिस लगाएँ । राजनीतिक नेतृत्वले वेला वेलामा भनि पनि रहेको छ, 'देशलाई हामी सिङ्गापुर कि के बनाउँछौँ !' तै आफ्नै देशमा पनि एक-डेढ महिनामा एकैपटक मात्र पालिस गरे पनि जुत्ता लगाइरहन पाइँने दिन आउने हुन् कि ! भरोसा त गर्नै पर्ला नि । खै ! यो मन मान्दै मान्दैन र पो !

**अमेरिकामा छठपर्व**

कार्तिक २२ गते बिहीबार अर्थात् नोभेम्बर ७, २०२४ मा हामी यहाँ बसोवास गरिरहेको टेक्सासको फोर्टवर्थबाट गाडीमा जाँदा एक घण्टा बिस मिनेट र आउँदा एक घण्टा लाग्ने एन्टोन भन्ने ठाउँमा 'छठपर्व मनाउन विशेष व्यवस्था गरेको छ रे' भन्ने छोरीले पाएको सूचनाअनुसार त्यहाँ जाने निधो गर्‍यौँ । हामी साँझ ४.३० मा घरबाट हिँड्यौँ । गाडी ज्वाइँले चलाउनुभयो । बाटामा घनघोर पानी परेकाले बाटै नदेखिने, धुवाँ मात्रै देखिने अवस्था पनि आयो ! त्यही पानीका कारणले बाटो जाम भइहाल्यो । जसोतसो बल्ल बल्ल पुगियो । पानीले चिलबिल पारे तापनि एउटा निकै ठुलो पोखरी (यहाँ लेक भनिने)मा पूजाका लागि विशेष व्यवस्था गरिएको रहेछ । हाम्रो नेपालकै तराईवासी दाजुभाइ-दिदीबहिननीहरू र भारतको बिहारतिरका यहाँ बस्नेहरूको पानीले बिजोक पार्दा पनि त्यहाँ निकै धेरै घुइँचो लागेको थियो । पूजा गर्न तथा प्रसाद ग्रहण गर्नजाने नेपालीहरूको सङ्ख्या पनि थुप्रै देखियो । पानीको अवरोधका कारण हामीले अलि टाढैबाट हेर्‍यौँ तर आमाछोरी भने छाता ओढेरै भए पनि पूजास्थलसम्मै गएर पूजाआजा पनि गरे, प्रसाद लगाए र फूलपाती लिएर पनि आए । गाडी यति धेरै कि न त त्यहाँ राख्ने ठाउँ ! न त अलि भित्र पसिसकेपछि फर्काउन/घुमाउनै सकिने ! तैपनि बल्ल बल्ल त्यहाँ खटिएका आयोजक/स्वयमसेवक साथीहरूकै सहयोगमा गाडी घुमाएर हामी फर्केर आयौँ ।

छठपर्व मनाउने प्रयोजनका लागि त्यहाँ गरिएको व्यवस्था, आयोजकहरूको खटाइ, व्यवस्थापन आदिलाई मध्यनजर गर्दा हामी नेपाली जहाँ जहाँ रहे/बसे पनि आफ्नो संस्कार, संस्कृति, रीतिरिवाज र परम्पराको संरक्षणमा लागेकै छौँ/लागिरहन्छौँ/लागिरहँदा रहेछौँ भन्ने स्पष्ट बोध भयो । वास्तवमा संस्कृतिको संरक्षण

र प्रवर्धन पनि यसैगरी हुने न हो । मेरो अन्तरमनले यो विशेष आयोजना र व्यवस्थापनका लागि हार्दिक आभार प्रकट गर्‍यो । हुन त पहिले पहिले यो छठपर्व तराईवासीले मनाउने पर्व हो भन्ने चलन थियो । खासमा यो पर्वमा सूर्यको अर्थात् उज्यालोको उपासना गर्ने, परिवारको कल्याणको कामना गर्ने प्रचलन छ । शुद्ध हुने, उपवास बस्ने र उज्यालोको उपासना गर्ने, परिवारको कल्याणको कामना गर्ने यो पर्वका राम्रा विशेषता हुन् भन्ने लाग्छ; यद्यपि यसमा रहेका अन्धविश्वास, भ्रम तथा अतिवादमा भने रूपान्तरण आवश्यक हुन्छ नै । अहिले आएर यो पर्व तराईँबाट पहाड हुँदै विदेशसम्म मनाउन थालिनुले यसको महत्त्व बढ्दै गइरहेको भान हुन्छ । हुन पनि हाम्रा संस्कार तथा संस्कृति यसैगरी साझा बन्दै बन्दै जानुपर्छ, अहिलेको आवश्यकता पनि यही हो ।

**नयाँ वर्ष तथा क्रिसमसको आगमनको स्वागत**

नोभेम्बर ८ अर्थात् कार्तिक २३ गते साँझ हामी घरबाट छ बजे गाडीमा त्यस्तै बिस-पच्चिस मिनेट लाग्ने अर्लिङटनमा निर्माण गरिएको लाइट पार्क हेर्न गयौँ । यहाँ क्रिसमस तथा नयाँ वर्ष आउनलागेपछि यी चाडलाई धुमधामका साथ मनाइँदो रहेछ र विशेष विशेष खाले आकर्षणका, मनोरञ्जनका व्यवस्थापन हुँदा रहेछन् । 'अहिले अलि छिटैभएकाले अन्य यस्ता भव्य पार्कहरू खुलिसकेका छैनन्, यो लाइट पार्क पहिलो रहेछ, टिकट लिएँ हेर्न जाऔँ' भनिन् छोरीले । 'हुन्छ' भनेर हामी घरबाट निस्कियौँ । गाडी पनि छोरीले नै चलाइन् । जाँदा अलि जाम भएकाले झन्डै आधा घण्टा नै लाग्यो पुग्नलाई । त्यहाँ पुगेपछि त बत्तीको यस्तो बृहत् र भव्य झिलिमिली रहेछ कि खुट्टाले हिँडेर त साध्य नै रहेनछ ! गाडीमा बिस्तारी चलाएर फनफनी घुमाउँदा बार मिनेट लाग्यो । यति ठुलो क्षेत्रफलमा व्यवस्थापन गरिएको बत्तीको आकर्षण र झिलिमिलीको त बयान गरेरै साध्य नहुने ! नयाँ वर्ष तथा क्रिमसलाई स्वागत गर्ने, बिदा मनाउने, रमाउने र विशेषगरी बालबालिकाका लागि अत्यन्तै आकर्षणको केन्द्र बन्नेगरी निर्माण गरिएको यो पार्कको झिलिमिलीयुक्त भव्यतालाई हामीले पनि फनफनी घुमेर हेर्‍यौँ, रमायौँ, फोटो खिच्यौँ र फर्कियौँ । आउँदा ज्वाइँले गाडी चलाउनुभयो । बाटो पूरै खुल्ला भएकाले आउँदा त पन्द्र मिनेटमै आइपुगियो । हाम्रो कुल एक घण्टा मात्र समय खर्च भयो तर बत्तीको चमत्कारिक झिलिमिली भने अविस्मरणीय रह्यो ।

**डालस ग्यालरी घुम्दा**

९ नोभेम्बर अर्थात् कार्तिक २४ गते शनिबार हामी बिहानको खाना नै बाहिर खाने र घुमघाम गर्ने योजना बनाएर करिब साढेबार बजेतिर घरबाट बाहिरियौँ । ज्वाइँले चलाउनुभएको गाडीमा झन्डै चालिस मिनेट गएपछि 'इन्डिया १०१' नामक रेस्टुराँमा पुगियो । बिचमा करिब दश मिनेट स्वचालितरूपमा मेसिनले गाडी धुने ठाउँमा हामी रोकिएका थियौँ । गाडीमा बसेका मानिस नउत्रिइकन गाडी धुने ठाउँसम्म पुर्‍याउने र त्यहाँ मेसिनले साबुन लगाएर गाडी धोइदिने, पुछिदिने र सुकाइदिने तरिका निकै अत्याधुनिक लाग्यो । यहाँका अल्छेहरू आफू चढ्ने गाडी पनि आफूले नधोई यस्ता ठाउँमा लैजाँदा रहेछन् ! खाना खान गएको रेस्टुराँको बाहिर सयौँ गाडी पार्किङ गरिएका देखिए ! फराकिलो पनि त्यस्तै । भित्र पस्दा त बस्ने ठाउँ नै छैन ! बस्नका लागि दश मिनेट प्रतीक्षा गर्नुपर्‍यो । शाकाहारी, मांसाहारी जे खाने हो आफैँले झिकेर खाने र

पैसा तिरेर हिँड्ने यो रेस्टुराँमा धेरै भारतीय र थोरै नेपाली मूलका परिवार परिवारै खाना आएको देख्दा र त्यहाँको भिड हेर्दा सप्ताहन्तमा बाहिर खाने यहाँको चलन नै रहेको भान भयो।

खाना खाइसकेपछि हामी डालसको ग्यालरी मलमा जाने भनेर त्यता लाग्यौँ । करिब आधा घण्टामा पुगिएको त्यो ठाउँ चाहिँ डालसका ठुला मलहरू (किनमेल केन्द्र) मध्येको एउटा र निकै प्रसिद्ध मल रहेछ। यहाँ दुई सयभन्दा बढी पसलहरू, सिनेमा थिएटरदेखि आइसस्केटिङसम्मका रमाइला दृश्य देखिँदो रहेछ। फलामैफलामले बनाएकोजस्तो लाग्ने यो किनमेल केन्द्रमा आउने मानिसहरूको ओइरो त कति हो कति ! गाडी पार्किङकै लागि पाँच तलाको सिङ्गै विशाल घर रहेछ। त्यहाँ गाडी पार्किङ गर्न र निकाल्न निकै धेरै समय लाग्दो रहेछ । यहाँका मानिसलाई बिदाका दिनमा बरालिने यो पनि राम्रो ठाउँ रहेछ भन्ने लाग्यो मलाई।

**फोर्टवर्थ वाटर गार्डेनको रमणीयता**

१० नोभेम्बर अर्थात् कार्तिक २५ गते आइतबार हामी यही फोर्टवर्थको पुरानो सहर फोर्टवर्थ डाउनटाउन हेर्न भनेर गयौँ । आधाघण्टामै पुगिएको यहाँ माानवनिर्मित तर प्राकृतिकजस्तै लाग्ने वरिपरिबाट पानी झर्ने झरनाजस्तो बनाइएको स्थानमा गयौँ। वरिपरि राम्रो हरियालीयुक्त सुन्दर पार्क, बिचमा कुनै खास केही कार्यक्रम गर्नका लागि बनाएको मैदान र त्यहाँ एकापट्टि पहाडजस्तो पारेर बनाइएको बस्नेठाउँ, त्यसको दुईपट्टि बनाइएका सुन्दर र आकर्षक पोखरी र एकापट्टि चाहिँ त्यो झरनाजस्तो माथिबाट तल गहिरोमा गएर हेर्न, फोटो खिच्न अनि रमाउन बनाइएको आकर्षक पार्क रहेछ । त्यसैको छेउमा हाम्रै राष्ट्रिय सभागृहजस्तो कन्फ्रेन्स हल पनि रहेछ। पानीको प्राकृतिक छाँगाकै आबाज र सुन्दरता अवलोकन गर्न त्यहाँ पनि कति हो कति मानिसको आवागमन हुँदो रहेछ । त्यो सुन्दर दृश्यावलोकन गरिसकेपछि मन अमिलो भएर आयो, 'यहाँ केही नभएको ठाउँमा वास्तविक झरनाजस्तै निर्माण गरेर यसको स्वच्छता कायम राख्दै सुन्दर पार्ने र मानिसको ओइरो लाग्ने बनाइदिएका छन् उता हामीकहाँ यस्ता प्राकृतिक झरना त कति हो कति कसैको नजरसम्म पनि नपुगेर सुन्दरता मिल्किरहेको छ, तिरस्कृत भइरहेको छ!' मन दुखाएर पनि के पो गर्नु र!

त्यो सुन्दरता हेरिसकेपछि सहर हेर्दै अलि पर पुग्दा बालिबालिका खेल्ने, रमाउने र अभिभावकले पनि तिनीहरू रमाएको हेर्ने, फोटो खिन्ने पानीको आकर्षक र सुन्दर फोहोरा बनाइएको रहेछ ! त्यहाँ कोही बाजा बजाएर गीत गाइरहेका छन् ! कोही नाचिरहेका छन् ! अनि त्यहाँ अङ्ग्रेजको शिरको टोप (क्याप)को प्रतिमासमेत बनाएर राखिएको रहेछ। त्यहाँ पनि मानिसहरू हेर्ने, रमाउने र फोटो खिच्ने कति हो कति ! बिदा मनाउनका लागि मानिसहरूलाई घुम्ने, खेल्ने, रमाउने, खाने यस्ता खालका विशेष प्रकारका निर्माण गरिएका हुँदा रहेछन्। नजिकै रहेको फोर्टवर्थको प्रशासनिक भवन अनि वरपर निर्माण गरिएका घुम्न आउनेहरूका लागि आकर्षणका विविध नमुना पनि देखियो। रुख, बिरुवा तथा हरियाली भने जता गए पनि उस्तै ! ए बाबा ! त्यत्रा मानिसहरू घुमिरहेका छन् तर कतै एक टुक्रा फोहोर पनि पो छैन त! अनुशासनको लगामले बाँधिदिएपछि मान्छे त साँच्चैको मानव पो हुँदो रहेछ त!

## अमेरिकामा बस्ने अभिभावकहरूको अनुभूति !

छोराछोरीको बसोवास यहाँ भएका कारण यहाँ आएर लामो वा छोटो अवधि बसोवास गर्ने अभिभावकहरूको मन भने खुसी रहेको पाइएन! 'छोराछोरीहरू यहाँ आइसकेपछि भासिँदा रहेछन् ! यहाँ प्रवेश गर्नासाथ विश्वसनीयताका आधारमा गाडी खरिद गर्नका लागि सहज ऋणसुविधा प्रदान गर्ने, विस्तारै घर किन्न विनाधितो ऋण प्रवाह गरिदिने, पढ्नैका लागि पनि कर्जा प्रवाह गरिदिने यहाँको विशेष खालको सुविधाले गर्दा यहाँ आउनेहरू एकपछि अर्को गर्दै सुविधा लिँदै जाने गर्दा रहेछन् र जीवनभरि त्यही कर्जा तिर्ने भारी बोकिरहने, यतै विवाह गर्ने, बालबच्चा पढाउने आदि गर्दागर्दै आफ्नो जन्मभूमि बिर्सन बाध्य हुँदा रहेछन् र हामी पनि छोराछोरी भनेर यहाँ आइसकेपछि उनीहरूकै व्यवहारमा साथ दिनथाल्दा आफ्नो नेपालमा भएको पुर्ख्यौली थलोको सम्पत्ति अनि यसो दुःखसुख गरी काठमाडौँमा जोडेको घर बेवारिस हुँदो रहेछ । बेचेर अर्काको मुलुकमा ल्याउन पनि नसक्ने ! स्वदेश फर्केर जान पनि नसक्ने अवस्थामा पुग्दा रहेछौँ ! भौगोलिक विविधता र प्राकृतिक सुन्दरताका हिसाबले त हाम्रो देश कता हो कता राम्रो नि ! तर के गर्नु देशको विकास गर्ने कुरामा, निर्माणलाई तीब्रता दिने कुरामा, वैज्ञानिक खेतीप्रणालीको विकास गरी उत्पादन बढाउने अनि आत्मनिर्भर पार्ने कुरामा, युवालाई सकेसम्म स्वदेशमै बस्ने वातावरण तयार पार्ने कुरामा, अवसरहरू सिर्जना गर्ने कुरामा देशको राजनीतिले ध्यान नदिएको र स्वार्थको मात्रै बढोत्तरी भएका कारण युवा त पलायन भए भए हामी बुढाबुढी पनि आफ्नो देशमा मर्न नपाउने भयौँ' भनेर उनीहरूले गरेको पीडादायी गुनासो मर्मस्पर्शी लाग्यो ।

## अमेरिकामा रहेका युवायुवतीको अनुभूति !

यहाँ रहेका र आआफ्नो पेसा व्यवसायमा समर्पित रहेका, यसो कहिलेकाहीँ बिहानबेलुका भेटिएका युवायुवतीसँग अन्तरक्रिया गर्दा उनीहरू पनि 'देशमा अवसरहरू सिर्जना भइदिएनन्, पढिसकेपछि बेरोजगार हुने अवस्था आइदियो, यहाँ कम्तीमा पढ्दापढ्दै केही छात्रवृत्ति दिने, पढ्नका लागि विनाधितो कर्जा दिने, चाहिएका भौतिक सुविधाका वस्तु लिनका पनि विनाधितो कर्जा पाइँने भएकाले अलि दुःख गर्दा जीवन सुविधायुक्त हुने ठानेर देश छाडिहालियो । आफ्नो देशमा लोकतन्त्र आएपछि पनि अवसरको सिर्जना गर्ने कुरामा नेतृत्वको ध्यान गएन ! झन् अहिले त नेतृत्व नै भ्रष्टाचार, कमिसनखोरीमा फसेको; आसेपासे र परिवारवादमा रमेको; मुलुकको विकासनिर्माणको अवस्था अन्यदेशसँग तुलना गर्ने अवस्थाको हुँदै नभएको; युवाहरू देश छाड्नकै लागि खुट्टा उचालिरहेका भन्ने सुन्दा, पढ्दा अनि विमानस्थलमा देश छाड्नेको लर्को देख्दा भित्र मन कटक्क हुन्छ ! जस्तै भए पनि आफ्नो देश, आफ्नी मातृभूमिका बारेमा नराम्रो नसुन्न पाए हुन्थ्यो, राम्रै राम्रा कुरा मात्र सुन्न पाए हुन्थ्यो भन्ने लाग्छ । हामी त अब यो परायाभूमिमा परिवन्दले नै भनौँ फस्यौँ, फस्यौँ; यहाँबाट उम्किएर स्वदेश फर्कौँ न त भन्दा न्यूनतम आवश्यकताका कुरा नै आफ्नो देशमा नपाइँने अवस्था दिनानुदिन बढिरहेको छ !' भन्ने अभिव्यक्ति दिँदा रहेछन् । हाम्रो देशको यथार्थलाई यहाँ बस्नेहरूले पनि नियालिरहँदा रहेछन् ! अर्थात् आफ्नो देशको मायाँ मुटुभरि सँगालिरहँदा रहेछन् र बेथितिका कुरा मात्रै सुन्दा पनि मन दुखाउँदा रहेछन् भन्ने मनमा लागिरह्यो ।

**मन्दिरको दर्शन तथा अवलोकनसँगै बिदावारीको तयारी**

नेपाल फर्कने तयारीको तेस्रो अन्तिम दिनमा छोरीले घरबाट गाडीमा झन्डै पचास मिनेट लाग्ने डालसको एलेन भन्ने ठाउँमा रहेको राधाकृष्णको मन्दिरमा पुऱ्याइन् । दक्षिण भारतीय शैलीमा बनेको आकर्षक, कलात्मक र भव्य मन्दिरको दर्शन तथा अवलोकन गरियो । आफ्नो आस्था स्थापित गर्नका लागि अमेरिकामा बसोवास गर्ने दक्षिण भारतीयहरूले निकै ठुलो लगानी र कुशल व्यवस्थापनका माध्यमबाट भव्य मन्दिर बनाएका रहेछन् । दोस्रो अन्तिम दिन अर्थात् मङ्सिर १ गते शनिबार हामीसँग बिदाइ भेट गर्न मित्र विदुर कोइराला र लक्ष्मी भाउजू उपहारसहित आइपुग्नुभयो । पहिले पनि भेट्नैका लागि घरमै आउनुभयो, आफैँ आएर घरमा लगेर खाना खुवाउनुभयो, आमासँग भेट्ने अवसर दिलाउनुभयो र फेरि पनि बिदाइ भेटका लागि आउनुभयो । उहाँको यो सद्भाव र गुणग्राही व्यवहार हाम्रालागि जीवनपर्यन्त अनुकरणीय रहिरहने छ । त्यसैगरी हाम्रो बिदाइ भेटका लागि ज्वाइँका साथी परमेश्वर थापा र उहाँकी जीवनसङ्गिनी अल्फा पनि आउनुभयो । दुबैजना ललितपुर निवासी हुनुहुँदो रहेछ, परिचय आदानप्रदान भयो, सँगै घरमै खाना खाइयो र उहाँहरू शुभयात्रा भनेर बिदा हुनुभयो ।

**ज्वाइँछोरीको घरबाट बिदा हुँदा**

काठमाडौँबाट टेक्सासको फोर्टवर्थमा रहेको ज्वाइँछोरीको घरमा आएर बसेको छयालिसौँ दिनमा हामी बिदा हुन लाग्दै थियौँ । बिदाइ यसै पनि कहाँ सुखद कुरा हो र ! बिहानैदेखि छोरीको अनुहार मलिन देखिन थाल्यो ! हामीलाई पनि असहज असहजजस्तो लागिरह्यो ! जे भए पनि हामीले दुःखी भएरै पनि बिदा हुनै थियो । मङ्सिर २ गते आइतबार राति १०.५५ को कतार एयरवेजको विमानबाट कतारको दोहा उड्नका लागि साँझ ८ बजे नै डालस विमानस्थलतर्फ लाग्यौँ । ज्वाइँले गाडी चलाउनुभयो । बाटो पनि राति खुल्ला हुने भएकाले छिटै विमानस्थलको टर्मिनल 'डी'मा सोझै गाडी रोक्नुभयो । सुटकेस गुड्काउँदै बोर्डिङपास लिने स्थानसम्म पुग्यौँ सबैजना । त्यसपछि ज्वाइँ र छोरीलाई बडो दुःखका साथ बिदाइका हात हल्लायौँ; डेढ महिनासम्म हाम्रो बस्ने, खाने, घुम्ने व्यवस्थाका लागि सम्पूर्णरूपमा समर्पित रहेका र कठोरताका साथ समय व्यवस्थापन गरेका बाबुनानीले गरेको सत्कार धन्यवाद शब्दले समेट्ने खालकै थिएन; हदयदेखि नै आभार प्रकट गऱ्यौँ, कतज्ञता जाहेर गऱ्यौँ र हामी चाहिँ अत्यन्त भारी मनले सुरक्षाजाँचका निम्ति अगाडि बढ्यौँ । सम्पूर्ण परीक्षणपछि अब लगातार चौध घण्टा पैँतालिस मिनेट उड्नुपर्ने यात्राको विमानतर्फ प्रस्थान गर्न प्रतीक्षालयमा प्रतीक्षारत रह्यौँ । रातिको १०.१५ बजे विमानमा बोर्डिङ गराउने सूचना जारी भयो, हामी पनि उभियौँ र लाइनमा बस्यौँ । पालो आयो, लाइन लागेर विमानमा प्रवेश गऱ्यौँ र विमान रातिको ठिक १०.५५ मा कतारका लागि उड्यो ।

तोकिएको समयमा विमानले हाम्रो त्यो लामो र पट्ट्यारलाग्दो १२,८४३ किलोमिटर दूरीको उडान १३ घण्टा ४६ मिनेटमा अन्त्य गर्दै कतारको हमाद अन्तर्राष्ट्रिय विमानस्थलमा विमान अवतरण भयो राति १०.२० (कतारको समय) बजे । विमानबाट उत्रेर टर्मिनलसम्म आइपुग्न एक घण्टाभन्दा बढी नै लाग्यो । विमानस्थलमा काम गर्ने विमात्री भाषी तर सहृदयी कर्मचारीको सहयोगमा दश घण्टाको प्रतीक्षा निकै सहज भयो । उनले सुत्न मिल्ने कुर्सीसहितको प्रतीक्षालयमा हामीलाई पुऱ्याइदिए र 'भोलि बिहान कोही

लिन पनि आउँछ है' भनेर गए । हामीले उनको यो गुणग्राही सहयोगका लागि कृतज्ञता जाहेर गऱ्यौं । अब भोलि बिहान ६.५५ बजे मात्र कतारबाट उड्नुपर्ने छ । साढेचार घण्टामा काठमाडौं आइपुग्नुपर्ने हामी आफ्नै देशको सरकारले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल दैनिक दश घण्टा बन्द गरिदिएका कारण कतारमा थप छ घण्टा बस्नुपरेको थियो भने यहाँ आउँदा पनि काठमाडौंमा अवतरण गर्न नपाई कतारबाट भैरहवासम्मको ३,१३२ किलोमिटर दूरी तय गरी भैरहवामा पुऱ्याएर त्यहाँ दुई घण्टा विमानभित्रै यात्रुलाई राखेर विमान खडा गरी त्यसपछि मात्र त्यहाँबाट उडाएर बल्ल साँझको ५.४० बजे हामी त्रिभुवन विमानस्थलमा अवतरण गऱ्यौं । घर पुग्दा साँझको ६.४५ भएको थियो । यसरी ३५ घण्टामा घर पुग्दा एक्लो बाबु(छोरो)ले व्यवस्थापन गर्ननसकेर झारजङ्गल, धुलोले फुङ्ग भएको घरले हामीलाई 'बाइस वर्षसम्म अविच्छिन्न घाम-पानी, जाडो-गर्मी, हिउँद-वर्षा सबै सबै व्यहोरेर आश्रय दिएकै थिएँ त ! तिमीहरू त चटक्कै छोडेर पो गयौं त !' भनेर चित्त दुखाउँदै स्वागत गरेको अनुभूति भयो हामीलाई ! जे होस्, हामी हाम्रो प्रिय घरभित्र पस्यौं, डेढ महिनासम्म फगत एक्लै पहिलोपटक घरमा सकेसम्मको व्यवस्थापन गरेकामा बाबुलाई पनि हार्दिक आभार प्रकट गऱ्यौं ।

❑ कविता



❖ शिव पलाँस

## जिन्दगी वास्तु नमिलेको एक घर

दक्षिण फर्किएको छ मोहडा
गलत दिशा परेको छ प्रवेशद्वार
साना छन् ढोका र झ्याल
घनघस्याको उकालो छ भऱ्याङ
अँध्यारा छन् कोठाहरू
जहाँ कहिल्यै पाइला टेक्दैन सुर्जेकुमार
जहाँ कहिल्यै पाइला टेक्दिन चन्द्रकुमारी ।
पालीको पानी
आधा बलेनीमा झर्छ
आधा गारोभित्र छिर्छ
बेचिदिऊँ भन्छु
कसैले किन्छु भन्दैन
भत्काइदिऊँ भन्छु
अर्को वास बनाउन सक्दिन
त्यागिदिऊँ भन्छु
सडकपेटीमा रात काट्न सक्दिन ।

न कुनै पूजाले दोष मेटिन्छ
न समस्याको कुनै समाधान भेटिन्छ
कुन आशाले माया गर्नु
कुन आँटले माया मार्नु
न निल्नु
न ओकल्नु
वास्तवमा जिन्दगी
वास्तु नमिलेको एक घर भएको छ
कहिल्यै मङ्गल भएको छैन
फेरि के अमङ्गल हुने हो डर भएको छ ।

*अमेरिका*

❑ लघुकथा

# यो पनि अनुभूति



❖ ध्रुवकुमार सापकोटा

एक्लो थिएँ घरमा । ताल्चा मारेर नेपाल पुगेँ नवविवाहित श्रीमतीलाई भेट्न ! उनीसँग तीन हप्ता घुमघाममा बिताइ फर्किएँ ।

ढोका उघारी बैठक कोठामा पुगेँ, गलैंचामा सुटकेस विसाएँ । बैठककोठासँगै टाँसिएको बाल्कोनीको ढोकातर्फ ध्यान गयो । ओहो ! राम्रोसँग वन्द भएको रहिनछ, चोर पो पस्यो कि के था ! दराज हेरेँ बन्द नै थियो, मेरा बहुमूल्य क्यामराहरू सबै सुरछित नै थिए, ढुक्क लाग्यो । फेरि बैठककोठामा आएँ । सोफातिर ध्यान गयो, यस्तो लाग्यो उसले मलाई सोधिरहेको छ, 'कहाँ गएका थियौ यत्रो दिन ? आउ मेरो काखमा बस ।' टिभीले भन्यो, 'मलाई तिमीले नहेरेको निकै भयो ।' वन्द गर्न बिर्सेको बाल्कोनीको ढोकाले भनिरहेको थियो, 'हत्तेरिका ! कस्तो हतारमा हिँड्यौ तिमी ! मलाई राम्रोसँग लक गर्दिन पनि भुल्यौ !'

घरका एक एक कुराहरू मसँग बात मार्दै थिए । गमलाको मनिप्लान्टले भन्यो, 'हेर त मलाई तिमीले पानी नदिएको कति हप्ता भयो ? मेरो ज्यान जानै लागिसक्यो ।' फ्रिजले भन्यो, 'तिमीले जानुअघि खालि गरेर जानुपर्थ्यो नि, हेर त दुध फाटेको कति दिन भइसक्यो, टमाटर सडेको कति दिन भइसक्यो !' अनि ओछ्यानले भन्यो, 'म दिनरात एक्लो भएको धेरै दिन भइसक्यो, आऊ मलाई अङ्कमाल गर !'

*निदरल्यान्डस् ।*

❑ दुई कविता



❖ अनिल श्रेष्ठ

**ढुङ्गा १**

ढुङ्गालाई
फुटाएर कसैले घरको
जग हाल्यो
कसैले कुटेर
गिट्टी बनायो
कसैले छिनुले हिर्काएर
मूर्ति कुँद्यो
ढुङ्गाको
कसैसँग दुखेसो रहेन ।

ढुङ्गा विद्रोही हुन्थ्यो भने
सायद मान्छेको घर बन्दैनथ्यो ।

**ढुङ्गा २**

मान्छेको घर निर्माण गर्नुअघि
एउटा ढुङ्गा
सयौँचोटि चोइटियो
र जग बनायो
जगमा रहेको
ढुङ्गालाई कसैले देखेनन् ।

ढुङ्गा अभिलेख हो
मानिसको सभ्यताको र पुरातत्वको ।

❑ संस्मरण

# रेडियो बजाउने लाइसिन



❖ प्रा. गङ्गाप्रसाद अधिकारी

हाम्रै छिमेकमा मेरा गुरु र नाताले मामा पनि पर्ने भीष्मराज दाहालले हाम्रो गाउँ (नाखोपा, इलाम)मा सर्वप्रथम रेडियो किन्नुभएको हो । त्यो सायद तीन बेन्डको जापानी नेसनल पानासोनिक थियो। म छ वर्षको थिएँ होला। सानो बाकसभित्र चर्कोसँग मान्छे बोलेको, गीत गाएको, बाजा बजाएको सुन्दा मलाई अचम्मै लाग्थ्यो। यति सानो बाकसभित्र कसरी यत्राऔधि मान्छे अटाएर बोलेका होलान् ? मनमनै सोच्थेँ मान्छे नै त्यस्तै साना होलान् र त अटाएका छन्। वेला वेला आबाज मधुरो हुन्थ्यो अनि हाम्रा हजुर्बा (मावलका हजुर्बा टीकाराम खतिवडा) भन्नुहुन्थ्यो, “अर्कापट्टि फर्केर बोल्यो भने त्यस्तो सानो आबाज आउँछ।”

भीष्म सर कहिले कहिले बेलुका रेडियो बजाउँदै हाम्रो हजुर्बाकोमा आउनुहुन्थ्यो । हाम्रो घर नजिकै भएकाले हामी त सबै भेला भइहाल्थ्यौँ नै, तल्लाघर भँडारी हजुर्बा, अलि तल गौलीडाँडाबाट नेउपाने ठुलाबा, भार्ती मामा, भँडारी मामाहरूलगायत धेरै गाउँलेको जमात भेला हुन्थ्यो त्यहीँ । हजुर्बा गाउँको मान्य मान्छे भएकाले त्यसै पनि मानिसहरू भेट्न आइरहन्थे । बेलुकाको कार्यक्रम २-३ घन्टाजतिको हुँदो हो । जमेरै रेडियो सुनेर गाउँलेहरू राति भएपछि घर जान्थे । कहिले बिहान पनि त्यो अवसर जुर्थ्यो । ऊ वेला रेडियो बजाउन “लाइसिन चाहिन्छ” भन्थे । मलाई लाग्थ्यो त्यो लाइसिन भन्ने रेडियोकै कुनै उपकरण होला । त्यो नभई रेडियो बज्दैन । अनि सम्झन्थेँ ती भित्र बोल्ने मान्छेहरू हुन् कि लाइसिन भन्या ?

हाम्री आमा दिवङ्गत हुनुभयो २०२७ सालमा। त्यसपछि हामी अहिलेको घर भएको गाउँ खम्बुटार (बाहुन्डाँगी- ५)मा बसाइँ झर्‍यौँ । त्यसको केही वर्षपछि २०३०-३१ तिर हुनुपर्छ हाम्रो गाउँका सम्पन्न मानिने भँडारी हजुर्बा (पर्भाखर भन्डारी, नाखोपाबाट बसाइँ आउने)ले सेन्यो ब्रान्डको तीन बेन्डको जापानी रेडियो ६०० मा किनेर ल्याउनुभयो। हाम्रो गाउँमा भित्रिएको पहिलो रेडियो त्यही थियो । त्यहाँ पनि गाउँभरिका मान्छे रेडियो सुन्न भेला हुन्थ्यौँ। हजुर्बा जोकोहीलाई रेडियो छुन दिनुहुन्नथ्यो । रेडियोमा केही गडबडी आयो वा स्टेसन यताउती भएर आबाज बुझिएन भने मात्र म, मेरा दौँतर साथी चन्द्रमान राई र लाहुरे माल्दाइलाई मिटर मात्र यताउती सार्न अनुमति दिनुहुन्थ्यो । हामी दुई मित्र त हाइस्कुलसम्म पढ्न गएका भएर होला अलि विश्वास गरेको तर लाहुरे

माल्दाइ त साक्षर मात्र थिए । उनलाई किन विश्वास लाग्यो त्यो हजुर्बालाई नै थाहा होला । विश्वास लागेपछि त लागिगयो नि ! रेडियोलाई जोकोहीले छुन्छ, चलाउँछ भनेर सिकुवाको माथि बलामा रेडियो राख्ने सानो बाकस बनाउन लगाउनुभएको थियो । हजुर्बा बिहानै त्यहाँ रेडियो ल्याएर राख्नुहुन्थ्यो । रेडियोमा शंखध्वनि आउनुअघि नै मुख धोएर, फूल चढाएर, अगरबत्ती बालेर रेडियोको पूजा गरेपछि रेडियो खोल्नुहुन्थ्यो । रेडियो घरमा आएदेखि भँडारी हजुर्बाको नित्यकर्म थियो यो ।

अँ त, यहाँ पनि लाइसिनको कुरा उठ्यो । भँडारी हजुर्बाले जिल्ला पञ्चायतमा खै को हो कसलाई लिएर जानुभयो र १० रुपियाँ तिरेर 'लाइसिन' बनाएर ल्याउनुभयो । "अँ यो पढ पढ नाति ! गंगा !" औँठाछाप भँडारी हजुर्बाले मलाई लाइसिन तेर्स्याउँदै भन्नुभयो । सुरुमै ठुला अक्षरमा लेखिएको थियो "जिल्ला पञ्चायत सचिवालय, रेडियो लाइसेन्स" । लाइसिन होइन लाइसेन्स पो रहेछ ! आठ पाना भएको त्यसमा भित्री भागमा त्यसको दस्तुर १० रुपैयाँ तिरेको विवरण पनि लेखिएको थियो अनि अरू पानामा रिन्यु गर्ने ठाउँ अनि अन्य पानामा सम्बन्धित विषयको नियमावली पनि छापिएको थियो । यही पो रहेछ लाइसेन्स भनेको त कहाँको साना मान्छे हुनु !

एकपटक हजुर्बाको रेडियोमा 'मसला' सकिएछ । ब्याट्रीलाई उहिले मसला भनिन्थ्यो । ब्याट्री त पढेलेखेका जानेबुझेकाहरूले मात्र भन्ने गर्थे । हजुर्बाले कसैमार्फत बजारबाट मसला मगाउनुभएछ र रेडियोमा मसला फेर्नुभएछ । मसला फेरेपछि त रेडियो चाइँचुइँ नै गरेनछ । बोक्सी लागे कि ? भनेर खोर्सानीको धुवाँ लगाउँदा पनि नभएपछि धामी बोलाएर जोखाना हेराउनुभएछ । धामीले के के भन्यो, गर्‍यो त्यो त थाहा भएन । केही नलागेपछि रेडियो बिग्रेछ बनाउन लानुपर्‍यो भनेर तल्लो गाउँ तेलपानीको बाटो धुलाबारी जाँदा बाटामा काइँला मुखिया (डम्मरुबल्लभ दाहाल)को सम्झना आएछ र एकपटक देखाउनु पो पर्‍यो भनेर त्यतै सोझिनुभएछ । काइला मुखियाकोमा त सधैँ रेडियो बजिरहन्थ्यो । सायद उहाँकै सहयोग र सल्लाहबाट भँडारी हजुर्बाले पनि यो रेडियो ल्याउनुभएको थियो । नभन्दै काइँला मुखियाले रेडियोको ब्याट्री झिकेर हेर्दा त उल्टोपाल्टो पो परेको रहेछ ! रेडियो नबज्नुको कारण त मसला उल्टो परेर पो रहेछ भन्ने थाहा पाएपछि हजुर्बाले रेडियोमा मसला फेर्न जान्नुभएछ । रेडियोलाई धामी लगाएको घटना धेरै पछिसम्म चर्चाको विषय बनेको थियो ।

अँ ! त्यो वेला बन्दुक राख्न, रेडियो बजाउन अरू केकेमा हो सरकारसँग अनुमति लिनु अनिवार्य हुन्थ्यो । विनालाइसेन्सका रेडियो पक्राउ परेका, जरिवाना तिरेर रेडियो उकासेका खबरहरू यदाकदा सुनिने गर्थ्यो । केही वर्षपछि मेरा हजुर्बाले पनि रेडियो किन्नुभयो । त्यो चाहिँ मर्फी ब्रान्डको थियो । अलि ठुलो आकारको । त्यति वेला त्यति खासै खोजी भने हुनछोडेको थियो लाइसेन्सको । पुलिसले देख्यो भने चाहिँ पक्रन्छ रे भन्थे । गाउँमा खासै पुलिस आउने पनि कुरा हुँदैनथ्यो । त्यही भएर मेरा हजुर्बाले भने लाइसेन्स बनाउनुभएन । त्यसपछि रेडियोको लाइसेन्सको कुरा पनि त्यतिकै हराएर गयो ।

*भद्रपुर ८, भद्रशिवा टोल ।*

# आत्मसम्मानका पखेटाहरू

❖ डा. हंसराज

लगभग ८० वर्षको उमेरमा उनको दृष्टि धमिलो हुँदै गइरहेको थियो तर जीवनप्रतिको उनको दृष्टिकोण दृढतापूर्वक स्पष्ट थियो। उनले आफ्नो मिहिनेतले कमाएको पैसाले पालनपोषण गरेको र निर्माण गरेको घर विभाजनको समयमा उनका चार छोराहरूले सबै कुरा बाँडेर केवल ती बाँकी थिए जुन कसैको भागमा परेनन्! फलस्वरूप उनलाई वृद्धाश्रमको ढोकामा त्यागियो।

अब उनको जीवनको बचत र घर सम्बन्धको लागि बलिदान गरिएको थियो, केवल उनको आत्मसम्मान बाँकी थियो। अब बाबा वृद्धाश्रमको एक कुनामा बस्नुहुन्थ्यो, दिनभरि कागजबाट चराहरूका मूर्तिहरू बनाउन बिताउनुहुन्थ्यो। एकपटक उहाँले १०-२० वटा चरा बनाएपछि केही पैसा कमाउन नजिकैका सडकहरूमा बेच्नुहुन्थ्यो। आफ्नो जीवनको एउटा चरणमा जब मानिसहरूले सहयोग खोज्छन् त्यतिखेर बाबा आत्मसम्मानको रोटीमा बाँच्नुहुन्थ्यो र आवश्यक पर्दा वृद्धाश्रमका अन्य असहाय बासिन्दाहरूलाई पनि मद्दत गर्नुहुन्थ्यो।

एक दिन जब म आइपुगेँ, म उहाँको जोश देखेर छक्क परेँ। उहाँले आफ्ना कागजका चराहरूमा चम्किलोपना घुसाएर पखेटा जोडिरहनुभएको थियो। मैले बाबालाई भनेँ, “बाबा! तपाईँ यी चराहरूलाई पखेटाहरू यसरी जोड्दै हुनुहुन्छ, मानौँ तिनीहरू उड्न तयार छन्।” बाबाले जबाफ दिनुभयो, “हो छोरा, मैले तिनीहरूलाई पनि पखेटा दिएँ। जो मलाई यहाँ छोडेर संसारमा उडिरहेका छन्। मैले त्यति वेला आत्मसम्मानका साथ मेरो कर्तव्य पूरा गरेँ र म यी कागजका चराहरूलाई आत्मसम्मानका पखेटाहरू बाँध्न जारी राख्छु। यी चराहरू मेरोलागि केवल खेलौना मात्र होइनन्, यिनीहरू मेरा बाँच्नको लागि आधार पनि हुन्।”

उहाँका शब्दहरूले मेरो मन छोयो। मैले उहाँबाट चारवटा चराहरू किनेर मेरो बैठककोठाको भित्तामा प्रदर्शन गरेको छु। आज पनि ती चराहरूले मलाई बाबाको जोशको सम्झना गराउँछन् कि यदि साहसमा आत्मसम्मानका पखेटाहरू छन् भने व्यक्ति जुनसुकै उमेरमा पनि उड्नसक्छ।

*वरिष्ठ सहायक प्राध्यापक*
*रतन सेन डिग्री कलेज, सिद्धार्थ नगर,*
*उत्तर प्रदेश, भारत।*



❖ मुकुन्द पोखरेल

# सिड्नी आईबाट दृष्टि छर्दा

अवलोकनमा तल्लीन
जुन सिड्नी आई छ
त्यो आकर्षक मात्र छैन
वैश्विक ख्याति पनि त्यत्तिकै छ।
म आईको लिफ्ट चढ्दै माथि माथि जाँदा
तन झङ्कृत, मन आल्हादित मात्र भएन
डोनाल्ड क्रोनको कलात्मक प्रतिभा
शिलापत्रझैँ आयो।

यस्तो आईबाट दृष्टि छर्दा
चवालिस सेकेन्डको गन्तव्य
असी किलोमिटरको परिवेशमा
रमणीय ताल, समुद्र, पार्क मात्र आएनन्
सहर, बस्तीका दृश्यसौन्दर्यमा
सिड्नीको धढ्कन, कलेजोको दायरा
तस्बिर पनि आँखामा आए।
कौसीको रेस्टुराँमा स्वादिलो कफी
पसलमा अस्ट्रेलियाका पहिचान
कङ्गारु, क्वाला र एमुस चराका
सौम्य विम्ब प्रतिविम्ब भेटिँदा
रोमाञ्चित पनि भएँ म।

म माथि जाँदा
त्यति ओजको हार्बरब्रिज
अनुपम कलाको ओपेरा हाउस
मात्र तल तल गएनन्
बेलायती घाम चम्केको विम्बको
महारानी भिक्टोरियाको दरबार
पनि तलतल गयो।

## सर्जकहरूमा सादर अनुरोध

कृपया अन्य पत्रपत्रिका, अनलाइन पत्रिका, फेसबुक आदिमा प्रकाशनका लागि नदिइएका र कतै पनि प्रकाशित नभएका प्रकाशनयोग्य सिर्जना मात्र सम्पादनको अधिकारसहित 'शब्द-संयोजन' साहित्यिक मासिक पत्रिकामा प्रकाशनार्थ पठाउनुहुन सादर अनुरोध गरिन्छ। यस पत्रिकामा प्रकाशनार्थ पठाइएका सिर्जना अन्यत्र प्रकाशन गर्नुपर्ने भएमा सूचना दिएर मात्रै प्रकाशन गर्नुहुन हार्दिक अनुरोध गरिन्छ।

*– शब्द-संयोजन परिवार*



❖ मधुर भट्टराई

# फूलको आत्मकथा

जुनेली रातमा
प्रेमी पिपलको रुखमुनि
तिम्रो सम्झनाको बाँसुरी बजाइरहेको
त्यो म नै त थिएँ।
भन्नेहरूले
मेरो हृदयको ऐकान्तिक प्रेमालापलाई
हुरीको बेसुरा गनगन भने
धुन बिग्रिएर रोइरहेको
खहरे खोलाको कर्कश गीत भने।

म चाहन्थेँ
तिम्रो कोमल हत्केलामा बसेर
पुगिरहने छु तिम्रो शिरमा
र बिर्सिरहने छु हरक्षण
ओइलिनुपर्ने नियतिको खराब सपना
म चाहन्थेँ
तिम्रो आँखामा बसेको प्रेमको उज्यालो
बिहानै घाम भएर उदाउने छ
र छोप्ने छ मलाई बिस्तारै
तिम्रो सामिप्यको अलौकिक न्यानोपनले

म चाहन्थेँ
तिम्रो हृदयको गर्तमा कतै बजिरहेको
सितारको प्रेमिल राग
उनेर मेरो गीतको मालामा
झन्झनाइरहने छ जिन्दगीभरि खुसीको तार
र निकालिरहने छ
हामी दुबैलाई मन पर्ने सङ्गीत।

म त चाहन्थेँ
तिम्रो सपनाको क्यानभासमा
मेरो सपनाको रातो रङ मिसाएर
बनाइरहूँ जिन्दगी मुस्कुराइरहेको तस्बिर
तर तिमी त
सेतो घोडा चढी आउने
तिलस्मी राजकुमारको कल्पनामा
मेरो प्रेमको घाँटी निमोठेर
मन्दिरको देवतालाई चढाइरहेकी थियौ फूल
मेरो कोमल मुटु पत्थरमाथि राखेर
झुकाइराखेकी थियौ
आफैँमाथिको अविश्वासको शिर
गरिरहेकी थियौ अभ्यर्चना
र फर्किएकी थियौ
खसिरहेको लामपुछ्रे ताराजस्तै हतार हतार।

म भने निभ्न लागेको आशाको उज्यालोले
हेरिरहेथेँ निर्निमेष
तिमी फर्की गएको बाटो
किनभने तिमीले मन्दिरमा चढाएको
अभागी फूल त्यो म नै त थिएँ।

*बर्दिबास-१४, महोत्तरी।*

# भारतीय नेपाली कवितामा भावविधान



❖ रमेश प्रभात

## १. आमुख

व्यक्तिगत तवरबाट निस्कने र काठमाडौँबाट विगत चौबिस वर्षदेखि निरन्तर प्रकाशित हुँदै आएको साहित्यिक मासिक पत्रिका 'शब्दाङ्कुर'ले विभिन्न अङ्कलाई फरक फरक खालका विशेषाङ्क प्रकाशित गर्दै आएको छ । यो पत्रिकाको २२९ औँ अङ्क अर्थात् २०७७ कार्तिक अङ्कलाई भारतीय नेपाली कविता अङ्क १ र २३० औँ अङ्क अर्थात् २०७७ मङ्सिर अङ्कलाई भारतीय नेपाली कविता अङ्क २ का रूपमा प्रकाशित गरिएको छ। यसमा भारतीय भूमिमा बसोवास गर्ने नेपाली भाषी कविका कविता मात्र समेटिएकाले यसले भारतमा नेपाली कविताको स्थिति कस्तो छ भनेर जान्न चाहने जिज्ञासु पाठक, समीक्षक तथा अनुसन्धातालाई सहयोग पुऱ्याउने देखिन्छ । कृति नपढेका पाठकका लागि भारतीय नेपाली कविताका बारेमा जिज्ञासा मेटाउन उपयुक्त हुने छ भन्ने अपेक्षाका साथ यहाँ 'शब्दाङ्कुर'को भारतीय नेपाली कविता अङ्क १ र २ मा केकस्ता भाव समेटिएका छन् भनी छोटो समीक्षा गरिएको छ। यसले समकालीन भारतीय नेपाली कविताको अनुहार चिनाउन अवश्य मद्दत पुग्ने छ।

## २. कवितामा भावविधानबारे छोटो चर्चा

कविता बन्न विभिन्न उपकरण आवश्यक हुन्छ । भाव, लय, विम्ब, भाषाशैली, उद्देश्य आदि पुरातन तत्त्व हुन् भने समसामयिकता, युगबोध, दार्शनिकता आदि नवीन तत्त्व हुन् । नवीन तत्त्वको प्रयोग सबै कवितामा भएको हुन्छ भन्ने छैन । पुरातन तत्त्वलाई नकारेर कविता रचना गर्न सम्भव हुँदैन । त्यसमा पनि भाव कविताको अनिवार्य तत्त्व हो। साहित्यका अन्य विधामा विषय, वस्तु, कथ्य आदि भनिने तत्त्व कविताका सन्दर्भमा भने भावका रूपमा आउँछ । कवितामा विभिन्न खालका भाव समेट्न सकिन्छ । मायाप्रेम, मिलन, विछोड, व्यङ्ग्य, विद्रोह, आग्रह, सल्लाह, सुझावका अतिरिक्त घटना तथा अवस्था वर्णनमा पनि कविले कलम दौडाएको हुन्छ । सामान्यतः कविले एउटा फुटकर कवितामा एक खालको भाव प्रयोग गरेको हुन्छ तर कुनै कवितामा एकभन्दा बढी खालका भावको मिश्रण गरिएको पनि हुनसक्छ । यसर्थ कवितामा भावविधान अनिवार्य तत्त्व भएकाले यसको समीक्षा गर्नु आवश्यक हुन्छ । यहाँ कविताको सोही तत्त्वलाई आधार मानेर 'शब्दाङ्कुर' पत्रिकाको उपर्युक्त अङ्कहरूको समीक्षा गरिएको छ।

## ३. समकालीन भारतीय नेपाली कविताको स्वर

कविले कविता रचना गर्दा विविध खालका भाव प्रयोग गर्नसक्छन् । ती भाव नै कविताको स्वर हो । कवि आफू बाँचेको देश, काल, परिवेश, समाज, सन्दर्भ तथा उसको जाति, धर्म, संस्कृति, अवस्था आदिले पनि कस्तो भाव चयन गर्छ भन्ने कुराको निर्धारण गर्छ । 'शब्दाङ्कुर'को भारतीय नेपाली कविता अङ्क १ र २ मा पनि विविध खालका भावहरू समेटिएका छन् । यहाँ ती अङ्कमा समाविष्ट कविताको छुट्टाछुट्टै शीर्षकमा निम्नानुसार समीक्षा गरिएको छ :

### ३.१. भारतीय नेपाली कविता अङ्क १ मा भावविधान

भारतीय नेपाली कविता अङ्क १ का रूपमा प्रकाशित 'शब्दाङ्कुर'को अङ्क २२९ जम्मा ४८ पृष्ठको आयाममा फैलिएको छ। यो अङ्कमा ४४ वटा फुटकर कविता र एउटा गीत सङ्कलन गरिएको छ। विविध भावमा रचिएका ती कवितात्मक रचनामा प्रयुक्त भावविधानलाई निम्नानुसार समीक्षा गरिएको छ :

सबैभन्दा सुरूको *मृत्यु गीत* शीर्षकको कविताका सर्जक कृष्ण पी.ठटाल हुन् । यसमा उनले मृत्युसँग संवाद गरेका छन् । मृत्यु अर्थात् काललाई मानवीकरण गर्दै ऊसँग संवाद गरी आफू फुर्सदमा रहेको कुरा गरेका छन् । उनले यस कवितामा मृत्युलाई यसरी सम्बोधन गरेका छन् :

म अलिक फुर्सदमा छु
यदि तँ पनि फुर्सदमा छस् भने
बस् न केही गफसफ गरौँ ।
तँ त्यति नराम्रो पनि छैनस्
जसरी तैँले मान्छेलाई तर्साउने गर्छस् । (पृ.४)

योगेश ग्याबक तामाङको *मखुन्डो* शीर्षकको कवितामा व्यङ्ग्यलाई मूल भाव बनाइएको छ। मखुन्डो लगाएर हिँड्नेहरूको चित्रण गर्दै उनी लेख्छन् :

जति सहज छ
यहाँ मखुन्डो लगाई
बाहिरी रूप देखाउनु
त्यति नै गारो छ यहाँ
यथार्थलाई लुकाउनु
किनकि भिडको
म प्यारो जोकर । (पृ.५)

रिजु देवीको कविता *मेघरञ्जन* मा पनि व्यङ्ग्यलाई नै मूल भाव बनाइएको छ । हेरौँ उनको एउटा कवितांश :

मेघरञ्जना !
अन्ध कुसंस्कारले
भरिएको यो पृथ्वीलाई
बगाई लैजाऊ तिमी
अनि फेरि,
रचिदेऊ
एउटा निष्कलङ्क संसार
रमाइलो संसार । (पृ.७)

अनुप सुब्बाको कविता *गाउँको अनुहार*मा प्रकृतिचेत छ । उक्त कवितामा गाउँको सुन्दर चित्रण यसरी गरिएको छ :

गाउँ राँके बनिदिन्छ
झन्डा बनिदिन्छ
विद्रोह र बारूद बनिदिन्छ
सहिद सहिदाको पुण्यस्थल बनिदिन्छ
वीभत्स अनुहार बोकेर
निर्माणको मुहूर्त पर्खिबस्छ गाउँ । (पृ. ९)

एच.पी.ढकालको कविता *भोलिको उज्यालो*

*तिमी नै हौ*मा भविष्यको सुन्दर परिकल्पना यसरी गरिएको छ :

सायद उज्यालोको सङ्केत दिनलाई होला
पारि गाउँमा भाले बास्दै छ
कता कता चराहरू चिरबिराउँदै छन्
हामीले सुत्नुहुँदैन
उठ नानी, पढ भोलिको संसार तिम्रो हो। (पृ. ९)

अर्जुन निरौलाको कविता *माइक किन यति ठुलो बज्छ आमा?* मा निर्जीव माइकका कारण गरिबहरूको ठट्टा हुने गरेको भावलाई यसरी चित्रण गरिएको छ :

आज बहुत हीनभावले ग्रस्त छु
माइक किन यति ठुलो बज्छ आमा ?
माइकहरूले किन बुझ्दैनन्
उसका आबाजहरूले
हामीजस्ताको ठट्टा पनि त गर्छन्। (पृ. ११)

दिपेश गिरीको कविता *कलियुग*मा समयचेत छ। उनी कवितामा यसरी शब्द भर्छन् :

हामी कलियुगमा छौँ
जहाँ कृष्ण अनि अर्जुन मानिएका भनिएका
सबै दुर्योधनको पक्षमा उभिएका छन्
र सत्यका विरूद्ध लडिरहेका छन्। (पृ.१२)

स्नेहलता राईको कविता *कर्तव्यको चक्र कहाँ अन्त हुन्छ र ?* मा मानवीय कर्तव्यका बारेमा सपाट ढङ्गले यसरी चित्रण गरिएको छ :

सेवाबाट अवकाश पाए पनि
जिन्दगीले यस संसारबाट
अवकाश नपाएसम्म
कर्तव्यको चक्र कहाँ अन्त हुन्छ र ? (पृ. १३)

बिना खरेलको कविता *रहरको गीत*मा जीवनबोधका बारेमा दार्शनिक विचार प्रस्तुत गरिएको छ :

घाम डुबेपछि आफ्नै छायाँ आफैँसित हराउँछ
सबै हरिया नै छन्,
पहेँलो पात भई सुटुक्क झर्नु छ एक दिन। (पृ. १४)

वसन्ती शर्माको कविता *देश पसिना बगाउनेको हुन्छ*मा श्रमको महत्त्व गाइएको छ :

हरेक देशमा हरेक युगमा
हरेक युगमा हरेक देशमा
पसिना बगाउनेलाई के मिल्छ ?
दुबैको रगत रातै हुन्छ
एउटा रगत बगाउँछ अर्कोले पिउँछ
देशको निम्ति रगत बगाउनेलाई कसले चिन्छ ? (पृ. १६)

सागर सापकोटाको गीति लयको जम्मा ९ पङ्क्तिको छोटो कविता *कालकूट योग*मा धार्मिक कुरा गरिएको छ। यसमा कालको वर्णन यसरी गरिएको छ :

कालकूट योग आयो दुष्ट लागे रुन
हाँस्न थाले खित्का छोडी साधु महाजन। (पृ. १६)

प्रेमनाथ मनेनको कविता *भुल्नु हुँदैन है !* मा मानवजातिलाई आफ्नो धराधल भुल्ननहुने कुरा यसरी बताइएको छ :

शिखर पुगेँ भन्दैमा धेरै धेरै कुराहरू भुल्नुहुँदैन
अरू धेरै, सब्बै र आफन्तलाई भुलिए पनि
आफैँलाई चाहिँ कहिल्यै भुल्नुहुँदैन। (पृ. १७)

स्पन्द कोटीको '?' प्रश्नवाचक चिह्नलाई शीर्षक दिइएको कवितामा शान्तिका बारेमा यसरी बयान गरिएको छ :

बिरानो बनाइएको शान्तिलाई सम्झेर
कहिलेकाहीँ मान्छे झसङ्ग झस्किँदो रहेछ
अनि अन्तरकुन्तरमा लुकेका तिक्तताबोधहरू
शान्ति शान्ति भन्दै विलाप्दो रहेछ। (पृ.१८)

इन्द्र गिरीको कविता *भोक : विवशता*मा भोक मानवीय कुरा हो भन्दै मरेपछि त्यसको अन्त हुने कुरा यसरी चित्रण गरिएको छ :

साँच्चै, मेरा देशका मानिसहरू नाङ्गा छैनन्

किनभने कात्रो नओढाइकन,
यहाँ मुर्दा पोल्न लाने चलन छैन
त्यसैले भोक, विनाअनुमति नै
सडकबाट अट्टालिकाहरूमा चढ्न पाउँछ। (पृ. १९)

मिना सुब्बाको कविता *रहरमाया*मा एउटी विपन्न ग्रामीण नारी कसरी वेश्या बन्छिन् र समाजमा बहिष्कारमा पर्छिन् भन्ने तितो यथार्थ यसरी मुखरित गरिएको छ :

रहरमाया अब आफ्नै गाउँसमाजभित्र
वेश्या बनिन् कलङ्किनी बनिन्
अछुत बनिन् अनि अन्तमा
पागलखानामा मरिन् रहलमाया। (पृ. २०)

निरुविन्दु परियारको कविता *परिश्रमको स्केच*मा श्रमको महत्त्व झल्काइएको छ :

तर बाबालाई पसिनाको गन्ध मन पर्छ
सायद परिश्रमकै स्वप्न मन पर्छ
किनभने बाबाको जात नै किसान हो
धर्म नै किसान हो, कर्म नै किसान हो। (पृ. २१)

वीरभद्र कार्की ढोलीको कविता *विशेष यही*मा वीरहरूको गाथालाई यसरी मार्मिक तरिकाले चित्रण गरिएको छ :

एकपल्ट पग्लिन सक्नुपर्छ, वीरभद्र !
अनि यो उचाइबाट
आफ्ना ती अस्तित्व घटनाक्रम
बडो सूक्ष्मतापूर्वक शीघ्र केलाउन सक्नुपर्छ। (पृ. २२)

इन्दिरा गौतमको कविता *जिउँदो लास*मा विपन्न वर्गका पीडा र व्यथालाई यसरी मार्मिक तरिकाले चित्रण गरिएको पाइन्छ :

शोषित र पीडितका लागि
दुई थोपा आँसु झार्न नसक्ने मान्छे
अपाङ्ग बनिसकेको कानुन
अपराधीको सहोदर सरकार एकै रहेछन्।
बन्द कोठामा पीडित र बाहिर रमाउनेमा
दुबै जिउँदा लास भएछन्। (पृ.२३)

रुबेन गुरूङको कविता *म चाँडै आउने छु आमा !* मा क्रान्तिको चित्रण गरिएको छ। यसमा परिवर्तनको स्वरलाई यसरी मुखरित गरिएको छ :

आन्दोलनको आँधी र हाम्रो अधिकार लिएर
विजयको मसाल र खोसिएको हाँसो लिएर
म आउने छु आमा
चिन्ता नगर, म चाँडै आउने छु। (पृ.२५)

किरण उपाध्यायको कविता *प्रिय भिक्टोरिया*मा प्रेमको चित्रण छ। भिक्टोरिया नामक पात्रलाई सम्बोधन गर्दै कवि लेख्छन् :

प्रिय भिक्टोरिया !
हिजआज म यस्तै सम्झिबस्छु
किन तिमी र म
एक हुन नसकेको होला ! (पृ.२५)

अनुप शर्माको प्रेमका सकारात्मक र नकारात्मक पक्षको विश्लेषण गरिएको गीतिलयको कविता*प्रेम*मा दार्शनिक चेतलाई यसरी उतारिएको छ :

आवेगमा उन्मुक्त पारी दुष्कर्ममा ठेल्दै
जीवन विध्वंस पार्ने अस्त्र हो यो
पिरमर्काको आभास नभए पनि
ओढी नसकिने तनमनको वस्त्र हो यो। (पृ.२६)

कृष्णनील कार्कीको कविता *आँसु*मा मानवजीवनमा आँसुको भूमिकालाई यसरी चित्रण गरिएको छ :

जिउँदाहरू आँसु अनमोल बताइरहेछन्
जीवन नाटकलाई चाहिने अश्रुजल भनिरहेछन्
तिम्रा आँखामा आँसु आउँदैनन् भनी
तिमीले जीवन भोगेकै छैनौ। (पृ. २७)

जनकराज उपाध्याय 'राजु'को कविता *हामी सबैको आकाश*मा प्रकृतिचेत छ। कविले यसमा आकाशको महिमागान यसरी गाएका छन् :

खुसी छ डुल्न आउने इन्द्रेणी पनि
अस्तित्व उसले पनि हराएको छैन
किनभने आकाशलाई आजसम्म
तेरो र मेरो भनी कोही कराएको छैन। (पृ. २८)

दीपक दवाडीको कविता *सन्त्रास र युद्ध विभीषिका*मा युद्धका कारण संसारमा केकस्ता समस्या सिर्जना हुने गरेका छन् ? भन्ने कुरालाई यसरी मुखरित गरिएको छ :

युद्ध, हरियाली संसारलाई
प्रकृतिको अमूल्य रत्नलाई
ध्वंस र ध्वस्त पारिदिने
कलङ्कित अध्याय हो। (पृ.२९)

नरबहादुर दर्जीको कविता*नक्षत्र*मा नारीको महिमा गाइएको छ। यसमा एक सुयोग्य सन्तान कसरी जन्माउने ? भन्ने भावलाई यसरी उतारिएको छ :

यदि म नारी हुन्थेँ भने
मेरो गर्भाशयमा भएको मलिलो मातृत्वले
जन्म दिने थिएँ, एक रगत र मासुको मानिस। (पृ.३०)

नितेश राईको कविता *बाटो*मा बाटोको चर्चा गर्दै त्यसले मानवीय सम्बन्धमा कस्तो प्रभाव पार्छ ? भन्ने कुरालाई यसरी चित्रण गरिएको छ :

गोप्य रूपमा हजारौँ योजनाका पोकाहरू
पहिलेजस्तै खुसीहरू पर्खिएर बसेका छन्
पहिलेजस्तै सम्बन्धहरू पर्खिएर बसेका छन्
मानौँ, पहिलेकै जस्तो बाटोलाई
पर्खिएर बसेका छन्। (पृ.३२)

कमल थुलुङको कविता *उभिएर हेर्दा*मा जीवनबोध छ। हामीले आफ्नो धरातल कसरी नियाल्नुपर्छ ? भन्ने कुरालाई यसरी मुखरित गरिएको छ :

आज जुन सँघारमा उभिएको छु
त्यहाँबाट विगतका दिनहरू हेर्दै आउँदै छु
त्यस्तै आगतका दिनहरूको सम्झना गर्दै छु। (पृ.३२)

सचिन खवास 'प्रयास'को कविता *बुद्ध रोइरहेछ*मा दार्जीलिङको वर्तमान अवस्थालाई मार्मिक तरिकाले यसरी उतारिएको छ :

यता दार्जिलिङ हल्लिरहेछ
उता सिक्किम हल्लिरहेछ
यो विषमय दृश्य देखेर
मन्दिर, गुम्बज र गिर्जाघरमा
प्रार्थना बारम्बार भइरहेको छ। (पृ.३४)

फणीन्द्र उपाध्यायको कविता*अफसोस*मा मान्छेमा आउने सुस्ती, आलस्य र बेचैनीलाई यसरी चित्रण गरिएको छ :

गफ छन् हौसला अनि जाँगरका
तर्क, विचारबुद्धिका गैह्रा
आउँदो पुस्तासम्म सुधार्ने ताकामा
ख्वै ! घाम कैले झुल्किए झुल्किए
मैले ओछ्यान छाडेकै छैनँ। (पृ.३४)

कैलाश गुरुङको कविता *कहिले म हिमालझैँ हाँसेको छु*मा प्रकृतिचेत छ। यसमा हिमालसँग आफूलाई तुलना गर्दै कविले यस्तो व्यङ्ग्य गरेका छन् :

यो मान्छे मान्छेको देशमा पनि
अमान्छे भएको छु
विवेकहीन भएको छु
हावाघरमा भेट भएको मुसाफिरजस्तो छु। (पृ.३५)

विमला जोशी प्रधानको कविता *साइँली*मा एउटी कामदार महिलाको दुःख, अभाव र पीडाको चित्रण छ :

मालिकको पेट अघाउनलाई
साइँली प्रत्येक दिन
पिसिइरहन्छे पिसिइरहन्छे। (पृ.३६)

सञ्जीव छेत्रीको कविता*अन्त्यमा एउटा साधारण कुरा*मा एकजना वृद्ध र अर्को अपरिचित युवाको संवाद देखाउँदै बुढेसकालको

मार्मिक चित्रण गरिएको छ । सरकारले दिने वृद्धभत्ताका बारेमा समेत अनभिज्ञ रहेको उक्त वृद्धलाई कविले यसरी उतारेका छन् :

'तिमीलाई कसले हेर्छ बाजे ?'
'बुढोमान्छेलाई कसले हेर्छ र हजुर !'
'भत्ता पाउँदै छौ बाबै ?'
'कस्तो भत्ता हजुर ?' (पृ.३७)

गोविन्द शाण्डिल्यको कविता *सौन्दर्य बोध*मा प्रकृतिचेत छ । उनी समय र प्रकृतिको तुलना गर्दै लेख्छन् :

म जान्दछु, समय र प्रकृति
आदिमतम् भालेपोथी हुन्
द्योतक समग्र सौन्दर्य सत्ताका ... । (पृ. ३८)

कवितादेवीको कविता *गोर्खा भनेकै हामी हौँ*मा भारतीय नेपालीका पीडा मात्र नभएर पहिचानका कुरालाई यसरी उतारिएको छ :

प्रगतिपथमा विकासको बीज
छर्दै अगाडि बढ्दै छौँ
सहिद बनेर देश बनाउने
गोर्खा भनेकै हामी हौँ । (पृ. ३९)

मोहन छेत्रीको कविता *मनभित्रको अर्को संसार*मा बाहिरी संसार नभएर मनको संसार चियाउने काम भएको छ :

बाहिरको होइन मनभित्र पनि
अलग्गै एउटा गुप्ती संसार छ
जहाँ म घरि घरि डुलिरहन्छु,
एकान्तमा त झन् धेरै । (पृ.४०)

अशोक रोकाको कविता*नखोज्नू उसलाई सहरहरूमा*मा प्रकृतिचेत छ । यसमा टिस्टालाई विम्ब बनाएर त्यहाँको प्रकृतिसँग मानवीय भावनालाई उतारिएको छ :

ऊ आकाश छेल्ने अट्टालिकाहरूमा उक्लेर
हेर्ने गर्छ अविरल टिष्टा र रङ्गितलाई सधैँ
टिष्टाले पुरेको/रङ्गितले छोडेको/बिरेले बिऱ्याएको
खोज्नू अब उसलाई सधैँ
सुनबाला उम्रने बलौटे गरा गराहरूमा । (पृ.४१)

रवि पौड्याल रटनको *अचम्म* सबैभन्दा छोटो कविता हो । यसमा यस्तो खालको दार्शनिक चेत छ :

क्षितिजसम्मको यात्रामा
बुझ्न नसकेका मनका हाँगाहरूमा
फुल्न लागेका कोपिलाहरू पनि टिपिन्छन् । (पृ. ४२)

महेश खतिवडाको कविता *समयको प्रहार*मा समयका बारेमा वर्णन छ। हेरौँ एउटा कवितांश :

कहाँ गयो त्यो समय
जहाँ विपनीको मुक्त हावा चल्थ्यो
भविष्यको सुनौलो आशाको किरणमा
हाम्रो सपनाको संसार रमाउँथ्यो । (पृ.४३)

रोशन राईको कविता *बाउ*मा परिवारमा बाबुको भूमिकालाई चित्रण गरिएको छ :

बाउ परिवारको पेट हो
जसले आफू भोको बसेर पनि
परिवारको पेट भर्छन् । (पृ.४४)

सन्तोष आलेको कविता*असीमित*मा पौराणिक विषयलाई आधुनिक तरिकाले यसरी चित्रण गरिएको छ :

विशृङ्खलताको विष कैकेयीलाई
मन्थराले घोटेर खुवाइरहेकी छ।
सकारात्मकताका हनुमानलाई हरक्षण
नकरात्मकताकी सुरसाले निलिरहेकी छ। (पृ.४५)

लेखनाथ उपाध्याय चापागाईंको भुजङ्ग्रयात छन्दमा रचिएको जम्मा दश पङ्क्तिको गीति लयको कविता *विसङ्गतिको अवयव छामेर हेर्दा*मा दार्शनिक चेत छ :

सबै अर्थ यौटै विधामा हुँदैन
अनौठो छ यात्रा कुनै लक्ष्य छैन । (पृ.४६)

नीता गुरुङ भाटियाको प्रेमलाई विषयवस्तु बनाइएको कविता *चाहना*मा प्रणयको भावलाई यसरी चित्रण गरिएको छ :

तिमीले नभनेर के भो
तिम्रो आँखाको भाखा
म पढ्न सक्छु। (पृ.४६)

डा.राजकुमार छेत्रीको कविता *म जीवनको अग्रगतिमा विश्वास गर्छु*मा जीवनबोधलाई यसरी मुखरित गरिएको छ :

म हारेको अनुहार नबोक्ने मान्छे
म विफलताको घुम्टो नओढ्ने मान्छे
विशाल खेतको पाकेको बाली काट्न
लालायित छ यो मन। (पृ.४७)

सुकराज दियालीको कविता *फर्क कोरोना*मा कोरोना कहरको चित्रण गर्दै कोरोनालाई गाउँबाट फर्कने आग्रह यसरी गरिएको पाइन्छ :

मानिसको दैनिक भिडभाडलाई
विज्ञापनमा टाँसेर
पातलो बनेर बसेका छौँ
तिमी आउने हल्लामा
फर्क तिमी कोरोना, फर्क
मानवको बस्तीबाट फर्क। (पृ.४८)

पत्रिकाकै अन्तिम रचना भक्ति शर्माको *गीत*मा गीतिलयको प्रयोग छ। यसमा प्रणयलाई मूल भाव बनाइएको छ। हेरौँ एउटा अंश :

कुन मुटुले आफ्नै मुटु झिकेर दिएँ होला
च्यातिएको मुटु फेरि कसरी सिएँ होला। (पृ.४८)

यसरी भारतीय नेपाली कविता अङ्कको पहिलो खण्ड अर्थात् अङ्क २२९ मा भएका चौवालिसओटा फुटकर कविता र एउटा गीतमा समकालीन भारतीय जीवनका विविध भावलाई उतारिएको छ। यी कवितामा वर्तमान भारतीय जीवनलाई सरल तथा सुन्दर तरिकाले उतारिएको निष्कर्ष निकाल्न सकिन्छ।

## ३.२. भारतीय नेपाली कविता अङ्क दुईमा भावविधान

'शब्दाङ्कुर' पूर्णाङ्क २३० ले ४८ पृष्ठको आयाम ओगटेको छ। यसमा ३९ वटा फुटकर कविता र एउटा कवितासम्बन्धी समीक्षा सङ्कलन गरिएको छ। विविध भावमा रचिएका कवितात्मक रचनामा प्रयुक्त भावविधानलाई निम्नानुसार समीक्षा गरिएको छ :

पहिलो कविताका रूपमा चक्रपाणि भट्टराईको कविता *स्वर्गानुभूति* छ । यसमा शास्त्रीय लयअन्तर्गतको शार्दूलविक्रीडित छन्दको प्रयोग छ। यसमा दार्शनिक चेतको प्रयोग भएको छ :

द्यौता नै जल, अन्न खोज्न यसरी भूलोक झर्छन् भने
साँच्चै स्वर्ग यहाँ रहस्यमय भो' कस्ले पता लाउने
अर्को स्वर्ग नखोज है सुजन हो, ब्रह्माण्डमै छैन है
यो भूलोक बराबरी सुख दिने अर्को कतै छैन है। (पृ. ५)

सन्तोष आलेको कविता *असीमित*मा मिथकीय भावको चित्रण छ। उक्त कवितामा रामायणकालीन मिथक प्रयोग गर्दै समकालीन जीवनलाई यसरी उतारिएको छ :

विशृङ्खलताको विष कैकेयीलाई
मन्थराले घोटेर खुवाइरहेकी छ।
सकारात्मकताको हनुमानलाई हरक्षण
नकारात्मकताकी सुरसाले निलिरहेकी छ। (पृ. ६)

डा.तिलक शर्माको कविता *हिमालको फेदीमा बस्ने तिमी*मा प्रकृतिचेत छ । यो कवितामा कविले सगरमाथा, अन्नपूर्णा र कञ्चनजङ्घाजस्ता हिमशिखरको चर्चा गर्दै मानवलाई पनि सोही रूपमा प्रस्तुत हुन आह्वान गर्छन् :

सगरमाथा हौ सौन्दर्य फिँजाऊ अभिज्ञान जगाऊ

सगरमाथा हौ प्रेमी हुँ तिम्रो अभिज्ञान जगाऊ

तिमी अन्नपूर्णा तिमी कञ्चनजङ्घा। (पृ. ७)

अमर बानियाँ 'लोहोरो'को कविता *भाँच्चिएको चस्मा* मा जीवनको यथार्थबोधलाई सरल तरिकाले यसरी उतारिएको पाइन्छ :

हुँदा केहीको महत्त्व नबुझिँदो रहेछ

गुम्दा त्यो पूर्णता नभुलिँदो रहेछ। (पृ. ७)

जीवन नामदुङको कविता *रुख हुन सकिनँ*मा प्रकृति र मानवजीवनको सुन्दर तादात्म्य देखाइएको छ । यसमा कविले आफू रुख हुननसकेको र फर्निचर भएर चित्त बुझाउनुपरेको भावलाई मुखरित गरेका छन् :

मात्र फर्निचर भएँ

रुख हुन सकिनँ। (पृ. ८)

ग्याल्पो लामाको कविता *बिचल्लीमा परेको विश्व*मा कोरोनामहामारीको चित्रण छ। यसमा कविले कोरोनालाई सम्बोधन गर्दै त्यसलाई फर्केर जान आह्वान गरेका छन् :

यो शान्तिप्रिय देशमा

तिम्रो आफन्त कोही छैन

फर्क कोरोना फर्क। (पृ. ८)

मोहन सुवेदीको कविता *आँखा* मा आँखा र मनजस्ता शरीरका अङ्गलाई विम्ब बनाएर प्रेमको सुन्दर चित्रण यसरी गरिएको पाइन्छ :

झगडा लाग्छ आँखाको

मनसित, ऊ रिसाउँछ एक छिन

अनि फेरि हँसाउँछ

यसरी चिप्लिन्छ आँखा मनको पिँजडाबाट। (पृ.९)

विशाल केसीको कविता *म गाउँको मास्टर*मा गाउँमा बस्ने शिक्षकलाई विम्ब बनाएर जीवनको एकाङ्कीपनको चित्रण यसरी गरिएको छ :

म गाउँको मास्टर

त्यही नदीको ढाडमा बसेर

मेरो अतिथिको यौवनको गतिलो उमेरसँग

एक्लै कुरा गर्दै बस्छु। (पृ. ११)

सुमित्रा थामी 'अविरल'को कविता *ऐँठन पार्छ* मा रातको चित्रण गर्दै त्यसले आफूलाई सधैँ ऐँठनमा पार्ने गरेको कुरालाई यसरी मुखरित गरिएको छ :

फेरि मलाई ऐँठन पार्छ यी मध्यरातहरूले

जब सोच्छु

किन अहम् यहाँ, किन छलकपट यहाँ

किन शत्रुता यहाँ, किन द्वन्द्व यहाँ ? (पृ.१३)

एम पथिकको कविता *राम्रा कविताहरू* मा कविताको चर्चा गर्दै सुन्दर कविता कस्ता हुन्छन् ? भन्ने कुरालाई यसरी अभिव्यक्त गरिएको छ :

मान्छेको सीमा हुन्छ कविताको हुँदैन

अमर कविताहरू संसारमा

एउटैको मात्र पेवा हुँदैन। (पृ.१३)

अनुपमा कट्टेलको कविता *मानिस*मा मान्छेको स्वार्थीपन र स्वकेन्द्री हुनाका कारण जीवन कलात्मक बन्न नसकेको कुरालाई यसरी प्रतिबिम्बित गरिएको छ :

मानिसले

जीवनलाई कलात्मक पार्ने प्रयासै गरेन

'म'को मायामा सबै 'तँ'हरू बिर्सियो। (पृ.१५)

श्रवणकुमार प्रधान 'विवश'को कविता *म र बाजे*मा पुस्तान्तरका कुरा गरिएको छ । उनी आफ्नो कवितामा बाजेको प्रतिरूप आएको कुरालाई यसरी स्वीकार गर्छन् :

सायद मेरो कविता

स्वयम् बाजेकै जिन्दगी हो

या भनौँ बाजेकै एउटा अर्को रूप। (पृ. १७)

पेम्बा योल्मोको कविता *म युद्ध लड्दै छु*मा समकालीन जीवनमा युद्धको प्रभाव केकस्तो

रूपमा परेको हुन्छ ? अबको युद्धले के ल्याउने आशा गरिन्छ ? भन्ने कुरालाई अभिव्यक्त गरिएको छ :

अब हेर्नु छ, न्याय र समीक्षा गर्नु छ
यो युद्धको न्यायिक उत्तराधिकारी
मेरो मानसिकता हुने छ अथवा
मेरो समवेदना र हार्दिकता हुने छ। (पृ. १७)

विशाल सर्घाइँको कविता *म्हेमेको मुहार*मा आफ्ना पुर्खाको स्मरण गर्दै आफूहरू केकसरी हेपाइमा परेको हो ? भन्ने भावलाई चित्रण गरेको छ :

मलाई लाग्छ ती दिनहरूले
जबरजस्ती मेरा आँखे-म्हेमेको
आयु खोसेको हुनुपर्छ। (पृ.१८)

मुक्तिप्रसाद उपाध्यायको कविता *भानु तिमीलाई सम्झँदा* कविता व्यक्तिप्रधान कविता हो । यसमा कविले नेपाली भाषाका आदिकवि भानुभक्त आचार्यको स्मरण गरेका छन् :

यो परिवेश यो समय
यो तन यो मन यो आत्मा
सबै परमेश्वरमा लीन हुने थिए। (पृ.२०)

महेश्वर प्रधानको कविता *मलाई मेरा मित्रबाट बचाऊ*मा वर्तमानमा शत्रुबाटभन्दा मित्रबाट बच्न कठिन छ भन्ने विचारलाई यसरी मुखरित गरिएको छ :

तसर्थ भगवान्, शत्रुदेखि म सहजै बाँच्न सक्छु,
प्रार्थना छ तिमीसित, मलाई मेरो मित्रबाट
बचाऊ। (पृ.२०)

निमा तामाङको कविता *मानवता र विनाश*मा मानवताको क्षयीकरणलाई सुन्दर चित्रण गरिएको छ :

ऊ अहिले आएर
विनाशको अघि लाचार छ
अनि मृत्यु पर्खिरहेको छ। (पृ.२२)

गोकुल रसाइलीको शीर्षकयुक्त गजल *मन पर्दैन भन्छौ*मा समकालीन जीवनप्रति वितृष्णा र व्यङ्ग्य गरिएको छ। हेरौँ उक्त गजलको एउटा शेर :

मोजमस्ती गर्छौ बाउको कमाइमा र बाउ मन
पर्दैन भन्छौ
एक्लै रम्न चाहन्छु आफन्तहरूको आउजाउ
मन पर्दैन भन्छौ। (पृ.२२)

बुद्धि सुवेदीको कविता *धर्मसङ्कट*मा पनि व्यङ्ग्यलाई यसरी मूल भाव बनाएर अभिव्यक्त गरिएको पाइन्छ :

हो, यति वेला म धर्मसङ्कटमा छु
चिन्नु अनि नचिन्नु
हितको र अहितको
किनकि उसले भित्रभित्रै कुट्छ। (पृ. २३)

रतन पाण्डे 'पारतन'को कविता *म र मेरो शरीर*मा शरीर र आत्मको भेदलाई मुख्य विचार बनाइएको छ :

'म' त त्यहीँ छोडिएर आएको छु
'मेरो शरीर' मात्र यहाँ आइपुगेको छ
मभित्रको म कतै भागेको छैन। (पृ. २४)

शंकर शर्माको कविता *धमिलिएका पदचिह्नहरू*मा आफ्ना पुर्खाको पदचिह्न खोज्दै हिँड्ने आजका मानवको कार्यलाई यसरी चित्रण गरिएको छ :

पहिलाउँदै पहिलाउँदै
हिँड्दै छु म
मेरा पुर्खाका ती
धमिलिएका पदचिह्नहरू। (पृ. २६)

अर्जुन निरौलाको शीर्षकयुक्त गजल*पिता* मा परिवारमा पिताको भूमिकाका बारेमा वर्णन

गरिएको पाइन्छ :

परिवारमा आपत आए टार्नेहरू पिता हुन्छन्
आफू बल्दै सन्तानलाई खार्नेहरू पिता हुन्छन् । (पृ.२६)

नारद भट्टराईको कविता *मौनताले जन्माएका परिवेशमा* मानवीय गतिविधिप्रति यसरी तीक्ष्ण खालको व्यङ्ग्य गरिएको पाइन्छ :

हे मानिस !
म अन्योलमा छु
सुसभ्य तँ होस् भनेर अब कसरी भनौँ ? (पृ.२७)

दिलमान राईको कविता *सम्झनाका सुगाहरू*मा सुगाको यात्रालाई हेर्दै आफ्नी प्रेमिकाको याद यसरी गरिएको छ :

साँझमा अघाएर बात मार्दै
बास फर्केका तृप्त सुगाहरूलाई
पूर्वीतिर हानिएको देख्दा
आज फेरि अचानक तिम्रो सम्झनाले
सतायो । (पृ.२८)

नरेश कटुवालको कविता *अनुहारको परिचय*मा मान्छेको अनुहारको चित्रण गर्दै त्यसभित्र लुकेको यावत् रहस्यहरूलाई यसरी पर्दाफास गरिएको छ :

जब मान्छेको साँचो अनुहारबाट
अनुहार हराउँछ तब जन्मन्छ भ्रमको सर्प
त्यसैले भ्रम पाल्नु भनेको
कुनै अनाम सङ्कट पनि पाल्नु रहेछ । (पृ.२९)

वसुन्धरा शर्माको कविता *मातृमहिमा*मा आमा र देशको सम्झना गरिएको छ । उक्त कवितामा कविले आफ्नो विकाससँग जीवनको चित्रण यसरी गरेका छन् :

नयाँ बीज बनी पलाउन
पूर्णतया बाँच्न चाहँदा
व्यर्थ हुरीमा झल्याँस्स डराएँ । (पृ.३०)

युवराज घलेभाइको कविता *म एक दिन अवश्य बल्ने छु, बलेरै देखाइदिने छु*मा व्यङ्ग्य र विद्रोहलाई मूल भाव बनाएको छ :

मभित्रका लाभाहरू उम्लन खोज्छन्
'म' सोच्छु 'म' विद्रोह बलेँ भने
तथाकथित सूर्यहरू मैनबत्तीसरह हुने छन् । (पृ.३२)

डा.देवेन सापकोटाको कविता *फुलमायाको जीवन*मा प्रकृतिचेत पाइन्छ । यसमा एउटी नारीको जीवनलाई यसरी उतारिएको छ :

उसको पकवानमा
कल्पनाको नुन, भावनाका बेसार,
र ओर्काइफर्काइ पार्छे उमङ्गका डाडुले
गुनगुनाउँदै सपनाका गीतहरू । (पृ.३३)

प्रेम प्रधानको कविता *तिमी नदीको एक किनारमा*मा प्रकृतिको विम्ब टिपेर मानव जीवनको यसरी सुन्दर वर्णन गरिएको छ :

एउटा सिङ्गो आकाशको घाम
ओढेको छु अनिँदा रातहरू
निलो आकाशको शून्यता । (पृ.३५)

पूर्णकुमार शर्मा 'नाट्टभूषण'को कविता *मनवनमा नदेखिने डढेलो*मा मनभित्र सल्कने आगोलाई विम्ब बनाएर मानवीय प्रवृत्तिलाई यसरी उतारिएको छ :

अधिकारको बारुद सल्काउँछ
सिमानाको जवानका छातीमा मृत्यु फलाउँछ,
मान्छे भुटेको मकै गनाउँछ । (पृ.३७)

निमा स्याङ्तेनको कविता *सपनाको चिहान*मा राजनीतिको कुत्सित खेललाई व्यङ्ग्य गर्दै यसरी कविता बुनिएको पाइन्छ :

जब राजनीतिको भुतले भेट्छ
एक बोतल स्वार्थ पिउँछ
स्वत्व बेच्छ र सुत्छ कुम्भकर्णे निद्रा । (पृ. ३८)

मनोहर शर्मा (अविनाश)को कविता *सपनाको खिल्ली*मा चियाबारीलाई विम्ब बनाएर त्यहाँ

कतिपय भारतीय नेपालीको सपनाको खिल्ली उडाएर बेपत्ता भएको कुरालाई यसरी मुखरित गरिएको छ :

चियाबारीले कल्पना गर्भमै तुहाएको छ
चियाबारीले हजारौँ सपनाहरूको
खिल्ली उडाएको छ। (पृ.३८)

नम्रता संस्कार (बराल)को कविता *जीवन* मा गरिबीका कारण जीवनमा आइपर्ने समस्यालाई यसरी मार्मिक तरिकाले उतारिएको छ :

लाखौँको ज्यू ज्यूमा
कौडीको सापटी पाउँदैनन् गरिब
सन्दुक फुट्ने पैसाकै थाकमा
मस्त निदाउन खोज्छ जीवन। (पृ.३९)

रुपेश राईको कविता *मीनपचासमा गाउँ* शीर्षकको कवितामा आदिवासी जीवनको चित्रण गर्दै जाडोमा उनीहरूले केकस्ता समस्या झेल्छन् भन्ने कुरालाई मुखरित गरिएको छ :

छेउमा हुरूरूरू बलेको छ भोकको अगेना
टक्रक्क टेकिएको छ आदिवासी ताप्के
भकभक उम्लिएको छ चियाको तिर्खा। (पृ.४०)

विष्णु शास्त्रीको कविता *औँसीको जून*मा प्रकृतिको कुरा गर्दै जूनका कारण मान्छेले कसरी जीवन सुन्दर बनाउन सक्छ भन्ने विचारलाई यसरी उनिएको छ :

प्रिये ! जूनको प्रेरणा पाउनाले
अपरुप कल्पना छ जूनमा
आकाशमा जून रहनाले आकाश सुन्दर छ। (पृ.४१)

मित्रदेव शर्माको कविता *जीवनरहित पृथिवी*मा प्रकृतिचेत पाइन्छ । यो कवितामा कविले जीवरहित पृथ्वी कस्तो होला ? भन्ने कुरालाई यसरी उतारिएको छ :

अनि, एउटाले अर्कालाई टोकेर मार्दै
जीवरहित बनिने छ पृथिवी। (पृ.४१)

लक्ष्मण अधिकारीको शार्दूलविक्रीडित छन्दको कविता *ए छन्द लौ गाइदे*मा छन्दका माध्यमबाट कविताको गान यसरी गरिएको छ :

मेरो छन्द उडेर आ हृदयमा तृष्णा पसे मेटिदे
धेरै गीत यहाँ छ गाइनु अझै झङ्कार टङ्कार दे। (पृ.४२)

डा.गीता छेत्रीको कविता *हाम्रो गाउँ*मा गाउँमा हुने गरेका धोका, शोषण र दमनका कारण व्याप्त नैराश्यलाई यसरी उतारिएको छ :

पटक पटकको विश्वासघातले
नैराश्य व्याप्त हाम्रो गाउँ। (पृ.४२)

गोपाल ढकालको कविता *जातको रङ*मा मानवको रगत रातो भए पनि जातपातका कारण समाज विभक्त भएको कुरालाई यसरी मुखरित गरिएको छ :

रातो नै छ जताततै रगतको नाता यसै बोल्दछौ
भित्रैभित्र सताउने दिनदिनै जालो तिमी
बुन्दछौ। (पृ.४३)

विमल खतिवडा माइलाको कविता *चाँडो उठ्नु नानी हो*मा बालबालिकालाई सन्देश दिँदै यस्तो भाव मुखरित गरिएको छ :

हावा शुद्ध बिहान
चिसो चल्छ पवन
हातमुख धोएर
आफ्नो पाठ पढ्नू है। (पृ.४३)

यसरी भारतीय नेपाली कविता अङ्कको दोस्रो खण्ड अर्थात् अङ्क २३० मा भएका ३९ वटा फुटकर कवितामा पनि पहिलो अङ्कमा झैँ समकालीन जीवनका विविध भावहरूलाई मार्मिक तरिकाले चित्रण गरिएको छ । यी कविताले पनि समकालीन भारतीय जीवनलाई विशेष तरिकाले चित्रण गरेको निष्कर्ष निकाल्न सकिन्छ।

### ४. उपसंहार

कविता साहित्यको विशिष्ट विधा हो । यसमा मुख्य कुरा भनेकै भाव हो । त्यसो त कविताका भावहरू विविध खालका हुन्छन् । सबैले क्रान्ति, प्रेम वा विद्रोहलाई मात्र भाव बनाउँदैनन् । त्यस्तै कुरा साहित्यिक मासिक पत्रिका 'शब्दाङ्कुर'का दुइवटा अङ्कहरू अर्थात् अङ्क २२९ र २३० लाई हेर्दा पनि देखिन्छ । यी दुई अङ्कमा भारतीय नेपाली कविताको यति वेलाको मुहार प्रस्ट झल्किएको पाइन्छ । यस प्रकार 'शब्दाङ्कुर' पत्रिकाका भारतीय नेपाली कविता अङ्कहरू हेर्दा तिनमा प्रेम, प्रणय, गुनासो, जीवनबोध, अभाव र पीडाका स्वर अधिक पाइन्छ । त्यसका अतिरिक्त दार्शनिक चेत, प्रकृतिचेत र व्यङ्ग्यचेत पनि उत्तिकै आएका छन् । लयका दृष्टिले हेर्दा कतै कतै गीतिलय र कतैकतै शास्त्रीय लय पाइन्छ भने अधिकांश कविताहरू स्वतन्त्र अर्थात् गद्यलयमा रचिएका छन् । यी दुई अङ्क हेरिसकेपछि समकालीन भारतीय नेपाली कविहरूलाई बुझ्न एउटा धारणा बन्नसक्ने हुनाले 'शब्दाङ्कुर' पत्रिकालाई मुरी मुरी बधाइ छ । आगामी अङ्कहरू पनि यस्तै विशेष खालका पढ्न पाइयोस् भन्दै कलम रोक्छु ।

**सन्दर्भसामग्री :**


शब्दाङ्कुर अङ्क २२९, भारतीय नेपाली कविता अङ्क १, २०७७ कार्तिक, पृ. १-४८ ।

शब्दाङ्कुर अङ्क २३०, भारतीय नेपाली कविता अङ्क २, २०७७ मङ्सिर, पृ. १-४८ ।



*rameshprabhat29@gmail.com*

*(उपप्राध्यापक, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन)*


## ❑ गजल



**❖ ज्ञानुवाकर पौडेल**

अलि अलि मात्र हो र धेरै नै पो दुखेछु म
पश्चातापको आँसुले निथ्रुकै रुझेछु म ।
"मबाहेक तिमीसुहाउँदो अरू को छ र ?"
जाबो यति कुरा सोध्न पनि किन चुकेछु म !
स्वाभिमानको पर्याय ठान्थे मित्रहरू मलाई
नझुक्नुपर्ने ठाउँमा व्यर्थै किन झुकेछु म !
हुँदै नभएको त कहाँ हो र यहाँ गुणग्राही
भएकाहरूको नजरमा पर्न चाहिँ छुटेछु म ।
फर्केर अब जानुपर्ने कहाँ हो ? थाहा छैन
कसरी किन यो संसारमा आइपुगेछु म !

*मेरिल्यान्ड, सिडनी ।*

❑ बालनाटक

# जान्ने बन्ने कसरी ?



❖ विश्व सिग्देल

## पात्रहरू

| | |
|---|---|
| निभा | : ६-७ वर्षकी, गुन्युचोलो लगाएकी केटी |
| अनमोल | : ६-७ वर्षको, दौरासुरुवाल लगाएको केटो |
| सायरा | : ६-७ वर्षकी, गुन्युचोलो लगाएकी केटी |
| कौस्तुभ | : ६-७ वर्षको, दौरासुरुवाल लगाएको केटो |
| आमा | : कुर्तासुरुवाल लगाएकी महिला |
| छोरी | : घरका सजिला लुगामा रहकी सानी केटी |
| छोरा | : घरका सजिला लुगामा रहेको सानो केटो |
| बबा | : सर्टप्यान्ट लगाएको पुरुष |
| रिकेश | : टिसर्ट, प्यान्ट लगाएको ६-७ वर्षको केटो |
| रिकेशाका बाबा | : सर्टप्यान्ट लगाएको पुरुष |
| रिकेशाका दाइ | : टिसर्टप्यान्ट लगाएको १०-११ वर्षको केटो |
| दुई केटा | : ६-७ वर्षका, दौरासुरुवाल लगाएका केटाहरू |
| दुई केटी | : ६-७ वर्षका, गुन्युचोलो लगाएका केटीहरू |

*(मन्चमा चौरको सजावट छ । रुख, बेन्ची र फूलका गमला छन् । मन्चमा गुन्युचोलो लगाएकी सानी नानी निभाको प्रवेश, उनी एउटा हात पछाडि राखेर अर्को हातको चोरऔंलाले आफ्नो कन्सिरीनिर ट्याप ट्याप हान्दै सोचमग्न हुँदै मन्च घुम्छिन् । )*

**निभा** : *(एकचोटि फन्को लगाएपछि उनी उसैगरी घुम्दै, हातले हाउभाउ गर्दै)* यसरी कि उसरी ? लसरी कि पसरी ? भन भन साथी, जान्ने बन्ने कसरी ? *(अर्को कुनाबाट दौरसुरुवाल लगाएको सानो केटो अनमोल उस्तै हाउभाउमा सोचमग्न हुँदै आउँछन् ।)*

**अनमोल** : (घुम्दै ) राम्रो लेख भन्छन्, आँखा देख भन्छन्, धर्को तान्ने बन्ने कसरी ? जान्ने बन्ने कसरी ? ( सोचमग्न घुमिरहेकी निभालाई उसैगरी अनमोल पछ्याउँछन् ।)

(अर्को कुनाबाट मन्चमा गुन्युचोलो लगाएकी सायरा उस्तै हाउभाउमा सोचमग्न हुँदै आउँछिन् ।)

**सायरा** : भुत आउँछ भन्छन्, तर्साउँछ भन्छन्, त्यल्लाई हान्ने बन्ने कसरी ? जान्ने बन्ने कसरी ?

(अर्को कुनाबाट दौरासुरुवाल लगाएको सानो केटो कौस्तुभ उस्तै हाउभाउमा सोचमग्न हुँदै आउँछन् ।)

**कौस्तुभ** : नछोऊ फुट्छ भन्छन्, भाँडो गुड्छ भन्छन्, दाल झान्ने बन्ने कसरी ? जान्ने बन्ने कसरी ?

(चारैजना एउटाको पछि अर्को मन्चमा रेलजस्तै घुम्दै)

**चारैजना** : यसरी कि उसरी ? लसरी कि पसरी ? भन भन साथी, जान्ने बन्ने कसरी ? (यसो भन्दै मन्चबाट बाहिर जान्छन् ।) (मन्चको एउटा कुनामा अग्लो कुर्सी छ । कुर्सी तल ४ कुसन छन् । आमा, बा, छोरा र छोरी प्लेटमा भुटेको मकै लिएर आउँछन् । आमा, छोरा र बुबा कुसनमा बस्छन्, पछि आएकी छोरी माथि कुर्सीमा बस्छिन् ।)

**आमा** : (छोरीतिर हेर्दै) छोरी तल बस ।

**छोरी** : नाइँ, म यहीँ बस्छु ।

**आमा** : कस्तो अटेरी भएकी यो छोरी ! तल बस खुरुक्क ।

**छोरी** : यहाँ बस्दा के हुन्छ र ? नाइँ म यहीँ बस्छु । बाबा म यहीँ बस्छु क्या ।

**बाबा** : आमा र म यौटै टिम हौँ क्या । आमाले भनेपछि मान न ।

**छोरा** : ओई रुन्ची, बाबाले भनेको मान् त ।

**छोरी** : यहाँ बस्दा के हुन्छ र ?

आमा : कस्तो नमान्ने बच्चा ? खुरुक्क झर । (आमाले समातेर झार्छिन् र आफूनजिक राख्छिन् । दाइ जिस्काउँछन् । बहिनी रिसाउँछिन् । खाजा खाएर बा, आमा उठ्छन्।)

**बाबा** : ल हामी बजार जान्छौँ । बसेर खाओ ल । (आमा, बा जानेबितिक्कै छोरी उठेर कुर्सीमा बस्छिन् । खानथाल्दा प्लेट हातबाट छुट्छ । मकै सबै पोखिन्छ ।)

**छोरी** : ओहो ! मकै सबै पोखियो ।

**छोरा** : ठिक्क पर्‍यो । अब त बुझिस् किन नबस् भन्नुभको आमाले ?

**छोरी** : अब मकै पोखिएपछि, मेरो पेट भोक्कै भएपछि बुझेँ अग्लो ठाउँमा बसेर खानुहुन्न भनेर ! अघि आमाले नबस्, नगर् मात्र भन्नुभयो, मैले बुझिन ।

**छोरा** : त्यो त हो । हामीले बुझाउन जानेका रैनछौँ । रिसाउन, तर्साउन मात्र जानेका रहेछौँ ।

(उनीहरू पोखिएको मकै टिप्नथाल्छन् । दुईजना केटा हात समातेर गाउँदै आउँछन् ।)

**दुईजना एकैचोटि** : रिसाएर हुँदैन, तर्साएर छुदैन, कुरा मान्ने बन्ने कसरी ? जान्ने बन्ने कसरी ? सोच्नुहोस् है सोच्नुहोस्, जान्ने बन्ने कसरी ? (उनीहरू मन्चबाट निस्किन्छन । छोरा र छोरी पनि निस्किन्छन् ।) (मन्चमा झोला भिरेर रिकेश आउँछन्, उनीसँगै उनका दाइ पनि आउँछन् । दुबै कुर्सीमा बस्छन् र गृहकार्य गर्नथाल्छन् । रिकेशका बाबा आउनुहुन्छ ।)

**रिकेशका बाबा** : (रिकेशको कापी हेर्दै) ला ! रिकेश तिमीलाई हामी नभई गृहकार्य नगर भनेको हैन ? सबै बी लेख्दा डी पो बनाएछौ । अब हामी नहुँदा गृहकार्य नगर है । ल सबै मेट । (मेट्न लगाएर बुबा जान आँट्छन् ।)

**रिकेश** : बाबा ! नाइँ, सबै गरिसकेको छु...म त मेट्दिन । किन मेट्ने ?

**रिकेशका बाबाः** मेट भनेको, खुरुक्क मेट।

**रिकेश** : किन मेट्ने ? म त मेट्दिन।

**रिकेशका बाबाः** (रिकेशको दाइलाई अराउँदै) मेट्न लाऊ है भाइलाई, म गएँ। काम छ।

**दाइ** : रिकेश हेर त (उसको कापी देखाएर) Ram is naughty. He is bad लेख्नुपर्ने, He is Dad पो लेखेछौ। Is dad Bad ? हेहे! रिकेश Are You Mad ?

**रिकेश** : हो र दादा ? खै कहाँ यस्तो भो ? (हेर्दै, एउटा एउटा अक्षर पढ्दै ) He is DAD ओहो! हो त रहेछ।

**दाइ** : अब यसो गर (बायाँ हात उठाएर, बायाँ हातका औंलाले सानो बी र दायाँ हातको औंलाले सानो डी बनाउन सिकाउँछन्।) यो बी भो, यो डी भो!

**रिकेश** : धन्यवाद दादा, मैले बुझें। अब बिगार्दिन। (त्यसै समय मन्चमा दुईजना केटीहरू हाउभाउसाथ गीत गाउँदै आउँछन्।)

**दुईजना एकै साथ** : नगर भन्दा मान्दैन मन्, सिकाउँदा मान्छ। हामी मान्ने बन्ने यसरी, जान्ने बन्ने यसरी ! (मञ्चको एउटा कुनामा आमा भाँडोमा दुध तताइरहेकी छिन्। नजिकै छोराछोरी खेल्दै छन्।)

**छोरी** : (दुधचिया खान मन लागेजस्तो गर्दै) आमा, म पनि चियाको भाँडो समाउने, चिया कपमा हाल्ने नि!

**आमा** : नाइँ, नछोऊ, नजिक नआऊ। उता जाऊ।(हातले धपाउन खोज्छिन्।)

**छोरा** : (रुन आँटेकी बहिनीतिर हेर्दै) हैन, हैन, भाँडो समाए त हात पोल्छ नि! भाँडो तातो छ।

**आमा** : (छोरीतिर फर्केर) हो त है! सरी नानी! यो भाँडो तातो छ। तातो भाँडो छोए हात पोल्छ, पोल्दा दुख्छ, त्यसैले आमाले मात्रै समाउने ल।

**छोरी** : ओहो ! यसैले त मामुले 'नछोऊ' भन्नुभएको रहेछ। (हाँस्दै) अब बुझें, छुन्न।

**छोरा र छोरी** : (एकै स्वरमा) आमा ! अब हामीलाई 'नछोऊ' मात्र नभनी, किन नछोऊ भनेर पनि भन्नुहोला है ! (सबैजना हात समाएर गाउँछन्) "रिसाएर हुँदैन, तर्साएर हुँदैन, बुझाएमा जानिन्छ, तब मात्रै मानिन्छ।" (मञ्चमा बुबा कपडा धोइरहेका छन्। छेउमा ठुलो बाल्टिनमा पानी भरिएको छ। छोरा र छोरी खेल्दै छन्।)

**छोरा** : (बाल्टिनतिर हेर्दै) ओहो! पानी! यसमा डुबुल्की मार्छु है! (हातखुट्टा चलाउँदै पौडी खेल्ने नाटक गर्छ।)

**छोरी** : (डराएको स्वरमा) नाइँ नाइँ, नगर! नगर भनेको नगर!

**बुबा** : हुन्न हुन्न, नगर, पड्काइदिन्छु नि अहिले।

**छोरा** : (अनुहार बिगार्दै) होइन बाबा, पौडी खेल्दा के हुन्छ र ? रमाइलो त हुन्छ नि!

**आमा** : (मुस्कुराउँदै आउँछिन्) हेर नानी ! यो बाल्टिन त सानो छ। यहाँ खेल्दा पानी पोखिन्छ। तिमीहरू चिप्लेर लड्छौ, चोट लाग्छ। पौडी त पोखरी वा स्विमिङपुलमा मात्रै खेल्ने हो।

**छोरा** : (आमाको कुरा सुनेपछि) ओहो ! हुन्छ म चल्दिन। म बाल्टिनमा होइन पोखरीमा पौडी खेल्छु।

**छोरी** : (छोरातिर हेर्दै जिस्किँदै) हो त, बाल्टिनमा पौडी खेल्दा त तिम्रो टाउको भित्रै अड्किन्थ्यो।

**छोरा** : (हाँस्दै) अनि म बाल्टिनको टोपी लगाएर स्कुल जानुपर्थ्यो!

**सबैजनाः** सम्झाउँदा हट्छ, रिस पनि घट्छ, अनि मान्ने हुन्छ, अनि जान्ने हुन्छ।

(बिस्तारै दुबैतिरबाट अघि मन्चमा आएका केटाकेटी सबै मन्चमा आउँछन् । लामबद्ध उभिन्छन् र गाउँनथाल्छन् ।)

**सबैजना** : यसरी कि उसरी ? लसरी कि पसरी ? भन्नोस् भन्नोस् आमाबुबा, भन्नोस् भन्नोस् गुरुआमा, जान्ने बन्ने कसरी ? राम्रो लेख भन्नुहुन्छ। आँखा देख भन्नुहुन्छ। धर्को तान्ने बन्ने कसरी ? जान्ने बन्ने कसरी ? भुत आउँछ भन्नुहुन्छ, तर्साउँछ भन्नुहुन्छ। त्यल्लाई हान्ने बन्ने कसरी ? जान्ने बन्ने कसरी ? नछोऊ फुट्छ भन्नुहुन्छ, भाँडो गुड्छ भन्नुहुन्छ, दाल भान्ने बन्ने कसरी ? जान्ने बन्ने कसरी ? यसरी कि उसरी ? लसरी कि पसरी ? भन्नोस् भन्नोस् आमाबुबा, भन्नोस् भन्नोस् गुरुआमा, जान्ने बन्ने कसरी ? (केटाकेटी गाउँदै रेलजसरी मन्चमा घुम्छन्। केही फन्को लाएपछि रोकिन्छन् । लामबद्ध हुन्छन् र एकैपटक दर्शकलाई अभिवादन गर्छन्। पर्दा बन्द हुन्छ, पर्दा बन्द हुन्छ, पर्दा बन्द हुन्छ।)

❑ **कविता**



❖ **राम विनय**

# मानवहरू

कता कता नर्कलोकबाट
मानवताको धरातलमा
दानवताको आगमन भइरहेको
देख्यो कैलाशपतिले
गुम्सिएको समयको
नैराश्यता, अकर्मन्यता र
नकरात्मकताको लामले
कालोलाई सेतो भन्ने नामले।
उकुसमुकुसको खरबारीमा
डढेलो लगाएर खरानी पारेको
देख्यो कैलाशपतिले
शान्ति सुरक्षा र संरक्षणमा हानाहान
खाना, नाना, छानामा आगो दनादन
सैतानको विषालु बतास टनाटन !
खतरनाक, आर्तनाद, वित्यासको
रणभूमिमा खरानीको रासमा
हराए आत्मबल र आत्मविश्वासहरू !
त्यसैलाई जगाउन
जिउँदा बाघ भएर उठे कैलाशपति जुरुक्क
हुङ्कार गरेर भने,
'खबरदार पापी दुष्ट दानवहरू
समयको गति रोक्न नखोज हुक्केहरू।'

त्यो हुङ्कार सुनेर
बाघभैरबदेखि तर्सिएर
लुरुक्क परे ती कागजका बाघहरू
जिउँदा बाघको आगमनले
नयाँ दिन जगाएर उठे
सच्चा मानवताहरू, मानवहरू।



❖ डा. बमबहादुर थापा जिताली

# देश यो सप्रिने छ

**(छन्द:मान्दाक्रान्ता)**


लागे कोही सबल कविका शुद्ध भाषा बिगार्न
थाले कोही सडकबिचमा भाँडभैलो सिँगार्न।
यस्तै चाला दिनदिन रहे देश बाँकी रहन्छ ?
जागे हाम्रो मुलुक-ममता देश चोखो रहन्छ।

जागेका छन् मुलुक-मिचुवा, बन्न थाले महान
भागेका छन् युवक-युवती, भाइ-बैनी जहान।
लोभी-पापी प्रतिनिधि भए देश यो सर्किने छ
पाखण्डीको प्रगति थपिए देश यो सप्रिने छ।

गर्ने गर्छन् विषय-सुखमा मोजमस्ती अचम्मै
मर्ने मर्छन् अपच पचमा घूस खाएर जम्मै।
भर्ने भर्छन् दल र बलमा खाम कामै नगर्दा
टार्ने गर्छन् पख पख भनी राज्यको काम पर्दा।

आएका छन् अधिक अगुवा, भातमारा भँडारे
भाषाका छन् भ्रमित भँडुवा, शब्द सारा बढारे।
लागे कोही रसिक कविका उच्च शैली अँचेट्न
थाले कोही सदन दनमा भाँडभैलो घचेट्न।

नेताजीको रहर गतिलो हुन्छ भन्छन् विभिन्न
पारेका छन् सहर सपना हुन्छभैँ छिन्नभिन्न।
यस्तै चाला अरू चहकिए देश नै चर्किने छ
साला, सालीसित बहकिएर 'देश यो सप्रिने छ!'




❖ मोहन दुवाल

# विवेक हराएको बस्तीमा...

कलकल कलकल बग्दै गरेको नदीमा
विवेक कतातिर लुकेको छ
म विवेक लुक्दै गरेको नदी हेर्दै छु
रूप पनि कहिले कस्तो
ढङ्ग पनि कहिले भ्रष्ट भएजस्तो
भयङ्कर भेल भएर बग्दै गरेको
नदीका छालहरूमा म विवेक हेर्ने गर्छु
विवेक नभएपछि के लाग्नु
नदीको पनि विवेक हराएपछिको
रूप-रङ हेरिनसक्नु पो हुँदो रहेछ
म हेर्दै छु रूप-रङ नदीको...
सुगन्धित फूलको रूप-रङमा
मोहनी लुकिरहेको देखिरहेछु
काँडाको मायामा कस्तो स्वार्थ गाँसिएको
तीक्ष्ण घोचाइमा फूलको दुखेको मन
कति दुख्दो रहेछ
फूलको अनुहारमा देखिएको पीडा हेरिरहेछु।
घाममा फैलिएको सूर्यको मुहार
कति झलझल देखिएको
हिजोजस्तो आज पनि
उदाउँदै गरेको सूर्यको किरणमा
देखिएको मायाका स्पर्शहरू
मायामा माया राखेर हेरिरहेछु
माया पाउनु गारो
माया देखिनु गारो
माया हेर्नु गारो
माया भोग्नु गारो
यी गारा गारा कुराहरू
म घाम हेरेर सूर्यको मुहार हेरिरहेको छु
र विवेक कतातिर हराएको छ खोजिरहेछु।

# बजारमा कृति




| | |
|---|---|
| कृति | : जोडीका कविता |
| विधा | : कवितासङ्ग्रह |
| लेखक | : दिना सुवेदी र तारक धिताल |
| प्रकाशक | : मण्डप पब्लिकेसन हाउस, भृकुटीमण्डप, काठमाडौँ |
| प्रकाशन मिति | : २०८२ |
| मूल्य | : रु.२५०/- |

# परिदृश्यमा अराजक पाइला

❖ वासुदेव अधिकारी

१. नेपाली समाज गफको आगोमा बाफिँदै छ । भुसको आगोभन्दा पृथक छ यो । भुसको आगो बलेपछि सकिन्छ, यो सकिदैन । यसले कर्मशील हातलाई उपहास गर्छ, सिर्जनशील मनलाई नाकाम साबित गर्नखोज्छ । कारण, तिनको गति ढिलो छ, वेग कमजोर छ । गफको आगो समय कटाउनका लागि, प्रदूषण सिर्जनाको लागि काम लाग्छ । त्यसले अन्यौल पैदा गर्छ, अराजकता निम्त्याउँछ । बस्, त्यत्ति । 'हल्लै हल्लाको देश'को एक साकार रूप !

२. हिजो समाजमा, राजनीतिमा, शासकीय प्रणाली आदिमा विचार, दर्शन, मूल्य, मान्यता खोजिन्थ्यो । हाम्रोमा पनि, अन्त पनि । धेरै हदसम्म त्यसलाई पालना गर्ने यत्न पनि हुन्थ्यो । विषय विश्लेषण हुन्थ्यो, समाज विश्लेषण हुन्थ्यो । समस्या र समाधानका पक्षहरूमा मनग्य विचार गरिन्थ्यो । छलफल अन्तर्क्रिया हुन्थ्यो । विचार-विमर्श गर्दा राष्ट्र केन्द्रमा हुन्थ्यो । राष्ट्रियता मनमुटुमा रहन्थ्यो । मनमा यो रसाउँथ्यो, टुसाउँथ्यो । व्यक्तिले हृदयभरि मुलुक बोकेर हिँडेको भान हुन्थ्यो । व्यक्तिले समाज/राष्ट्र उन्नयनको मूल्य, मान्यता मनमा बोक्नु खाँटी लोकल हुनु हो । ती पक्ष छोडेर होइन बोकेर नै ग्लोबल यात्रामा अघि बढ्न सकिन्छ । विश्वका उम्दा मुलुक लोकल सामर्थ्य तथा पहिचानसहित ग्लोबल रङ्गमञ्चमा उक्लिएर अघि बढेका हुन् । हामी हिजो लोकल त भयौँ तर धेरै विषयमा आफ्नो सामर्थ्य विकास गर्न पछि पर्‍यौँ । आज स्थिति फरक छ । हामीले पूर्वाधार र भौतिक प्रगतिका केही बेर्ना हुर्काएका छौँ तर सुशासन कमजोर छ । कमजोर सुशासनकै कारण हामी धेरै सन्दर्भमा अल्मलिएका छौँ । राज्य कमजोर छ, टाठाबाठा नागरिक बलिया । यो सत्य हो, हिजै सही दिशामा हिँडेको भए आज अनिश्चययुक्त मार्गमा आइपुग्ने थिएनौँ होला । काम र परिणाममा होइन गफमा, हल्लामा तन्मयताका साथ लाग्नु हाम्रो परिचय र ओज बन्दै गएको छ । राजनीतिक जमात यस दिशामा उन्मुख छ । विडम्बना, अरू अरूले पनि त्यसको सिको गर्दै छन् । काममा लाग्ने नागरिक त्यति बहकिदैन । उसलाई मनग्य फुर्सद हुँदैन । गफमा भविष्य बनाउनेहरू सजिलै बहकिन्छन् । तिनलाई सजिलै अरूले बोक्न सक्छन्, हुने नहुने एजेन्डा बोकाउन सक्छन् । गफाडी अरूको एजेन्डा बोक्न पाउँदा मख्ख पर्छ दङ्दास हुन्छ ।

३. दशकौँ दशक भयो, मुलुक उत्पादनमा होइन वितरण र भागशान्तिको मुख्य

एजेन्डामा फन्को लगाइरहेको। समकालीन नेपाली समाजमा 'पाएकोमा गर्व होइन नपाएकोमा खेद मान्ने' मनोविज्ञान लह लह बढिरहेको छ। यसैको सहउत्पादनस्वरूप नेपाली समाजले उत्तेजनाका साथ नयाँपन खोजिरहेछ। हो, नयाँपन जहिले पनि खोजिन्छ। सबै पुस्ताले खोज्छन्। हिजो पनि खोजिएको थियो। त्यो खोज्नै पर्छ तर अहिले खोजिएको भनिएको नयाँपनको अन्तर्वस्तु स्पष्ट छैन। दिशा र गन्तव्य गाँगेमाजे छ। त्यसको स्वर र शिरा बेढङ्गको छ। नयाँपनका अभियन्ताले आत्मसात गरेको एजेन्डा ध्वंसात्मक छ। अर्थात्, ध्वंस नै मुख्य एजेन्डा बनेको छ। यस एजेन्डामा नयाँ पुराना सबै मिसिएका छन्। कारण, हामीलाई निर्माणभन्दा ध्वंस मन पर्छ। नयाँ जमिनमा नयाँ मात्र आइपुगेका छैनन्, त्यहाँ वास उभ्याउन पुरानाहरू पनि काँचुली फेर्दै आइपुगेका छन्। परिवर्तनको गुँड हुनुपर्ने नयाँ जमिनमा समाज निर्माणको प्रस्तावनाभन्दा आगो, बाढी, हुरी असिना र कर्कश आबाज सँगसँगै वास बस्न आइपुगेको भान भइरहेको छ! यो संयोग हो कि योजनाबद्ध आयोजना ? भोलि लेखिने इतिहासले छिनोफानो गर्ला।

४. ध्वंस परिणाम हो। त्यो त्यसै हुँदैन, ठोस योजनामार्फत नै निःसृत हुन्छ। त्यसको कारण हुन्छ, निर्देशक हुन्छ, रिहर्सल हुन्छ। त्यो समयमा हुन्छ, निर्धारित धुनमा हुन्छ/गरिन्छ। सामान्य खालको विद्रोहलाई उत्तेजक बनाइन्छ र हिंसा प्रतिहिंसाको खेती गरिन्छ। सायद त्यही भएको छ यसपटक। हामी अन्यमनस्क अवस्थामा छौँ : ध्वंशको कारणलाई दोष दिने कि नायकलाई ? पहिलो दोष कारणलाई नै दिनुपर्छ। कारण केही यथार्थ छ, केही स्थूल। त्यसपछि दोष जान्छ ध्वंसका नायकलाई। सुशासन वा अन्य यस्तै अमूर्त इस्युमा परिणामको खोजी गर्ने निर्बोध व्यक्ति वा समूहबाट ध्वंसका नायक वा गायकले इस्यु र अभियान अपहरण गर्दा विकट परिस्थिति सिर्जना हुन्छ। त्यो भएको छ। स्थायित्वपूर्ण समाजमा अनायास उत्पात सृजना गर्ने कथित नायकलाई दोषी करार गर्ने कि उसलाई स्याबासीको माला लगाइदिने ? कि अझ अघि बढी मतदानमार्फत चुनेर सरकारमै पठाउने ? भय र आशङ्काको तुँवालो फाट्न नपाउँदै हामी न्यायाधिस बन्नुपर्ने भएको छ। ध्वंस उत्सव हो कि पीडा ? असहजताको डिलमा यस्ता प्रश्नहरू मनमा खेल्छन्, खेलिरहन्छन्। हामी ध्वंसलाई उत्सवभन्दा पनि महोत्सव मान्नेको चुरिफुरी हेर्न विवश छौँ।

५. वर्तमानमा अविकसित मुलुकका हुने/गरिने कैयौँ विप्लव प्रायः प्रायोजित हुन्छन्। यो ग्लोबल चरित्र नै हो। यो थैलीको करामत हो, नव्य साम्राज्यको चरित्र हो। ती अनायासै विकसित वा प्रकटित हुन्छन्। रङ्गमञ्चमा विप्लव धुन सुनिन्छ, पात्रहरू अभिनयमा देखिन्छन् तर बजाउने

वा सङ्केत गर्ने देखिदैनन् । अभिनय र नाचगान गर्दागर्दै विपुल क्षति हात लाग्छ, सूत्रधार चाल पाइँदैन । सनसनीयुक्त नयाँ वातावरणको जरो नियाल्दा अनुभूत हुन्छः राजनीतिमा पदार्पण गर्ने नयाँ व्यक्ति/शक्ति ग्लोबल इसारा पालन गर्न माहिर मात्र छैनन् आतुर पनि छन् । यस हिसाबले हामी निर्माणको अनुष्ठानमा होइन ध्वंसको गायनमार्फत सेलिब्रेटी हुने दौडमा छौँ । हामी लोकल दाना खाएर ग्लोबल, ग्लोबल दाना खाएर लोकल हुने ध्याउन्नमा छौँ । यो मिलेको छ ? अराजक पथमा छ हाम्रो पाइला, केवल अवसरको इन्द्रेणी समात्न खर्च भइरहेछ हाम्रो बल ! नो त्याग, नो सहिष्णुता ! के यो राष्ट्र बन्ने सङ्केत हो ?

६. आज जन्माएको हो हिजोले । आजको विद्रुपता कसरी जन्म्यो ? केही त खोतल्नै पर्छ, केही क्षण त घोत्लिनै पर्छ । हिजो अग्रगमन-प्रतिगमनको विवाद थियो, कार्यक्रम थियो, यात्रा उद्घोष थियो । यही कार्यक्रमको क्रममा भएका थिए ठुला ठुला विद्रोह, क्रान्ति र राजनीतिक परिवर्तन । त्यस अभियानमा हामीमध्ये धेरै आआफ्नो बलबुतामा सहभागी भएका थियौँ, आफ्नो भूमिकामा त्यहाँ अटेका थियौँ । विगतका अग्रगामी राजनीतिक लडाइँमा, लडाइँका अनेक चरणमा, मोर्चामा प्रतिगमन हाऱ्यो, हार्नु पनि पर्थ्यो । प्रतिगमन हार्दा हामीले खुसी मनायौँ । अग्रगामी क्याम्पको प्रतिनिधित्व गर्ने नेतृत्वगण पटक पटक सत्तामा गए । संविधान लेखेर परिवर्तनलाई एक हदसम्म संस्थागत पनि गरे तर त्यो अग्रगमनले स्थायित्व पाउन सकेन । मुलुक विकासको मुद्दा वा परराष्ट्र मामिलामा एक ढिक्का हुनसकेन । मुलुक लामो समयसम्म अस्थिर सरकार तथा अस्पष्ट नीतिको सिकार बनिरह्यो । घरि घरि केही दल, केही नेता तथा केही पदाधिकारीले सही गति लिएकोजस्तो देखिए पनि त्यो दिगो हुनसकेन, असल कार्य सत्ताको आम चरित्र बन्नसकेन ! सरकारमा जाने अधिकाङ्श व्यक्तिमा द्रव्यमुखी तुच्छ र खराब आचरण, आफन्त वा गुट पोस्ने बदनियत वा अवाञ्छित दम्भले घर गर्दै गयो । असल विचार र आचरण खुम्चिदै गए । खराब आचरणमा प्रतिस्पर्धा हुने क्रम बढ्यो । असलहरू पनि क्रमिकरूपमा खराब बन्दै गए, खराब व्यक्तिको छायाँमा परी लाचार भूमिकामा देखिदै गए । खराब व्यक्ति अगुवा, असल व्यक्ति पछुवा ! अनि कसरी हुन्छ मूल्य संरक्षण ? त्यस परिदृश्यमा अग्रगमन पश्चगमनको पाइला पाइलाको साथी भयो । निर्वाचनबाट होनहार व्यक्ति आउने, राजनीतिमा असल व्यक्ति संलग्न हुने वातावरण बन्नसकेन ! त्यस्तो वातावरण बनेको खण्डमा खराब व्यक्तिलाई आवधिक निर्वाचनले नै यथोचित सफाइ गर्थ्यो ।

७. कुन नेताले लुटेको राम्रो ? कुन व्यक्तित्वले आफन्त पोसेको गज्जब ? कुन प्रतिभा आमरण पार्टी वा सत्ताको पदमा टाँस्सिएको महनीय ? स्वार्थ वा

अहम्‌को पगरी गुथेकाहरूले अरूको खुला विश्लेषण वा सुझाव कत्तिको सुन्छन् ? अग्रगामीहरू सधैँ अग्रगामी भइरहन्छन् ? अग्रगामी भइरहन तिनसँग कस्तो नीति, विचार वा आचरण हुनुपर्छ ? असल भनिएको व्यक्ति अत्यन्त खराब र भ्रष्ट व्यक्तिसँग सहकार्य गरी गरिने गठबन्धन सुनपानी छर्किएतुल्य हुनसक्छ ? त्यसले सुशासन दिनसक्छ ? नगदमा साटफेर गरिने नियुक्तिले कस्तो सुशासन दिन्छ ? सरकार राजनीतिक पार्टीले, स्पष्ट नीतिले चलाउने कि स्वार्थसमूहको घरानाले ? अनि ती घरानालाई कसले चलाउने ? यी र यस्ता सबाल अग्रगमन र पश्चगमनलाई जौतिलझैँ मिसाउने इस्युहरू हुन्। नेताका घरका चोटाकोठामा भेटिने भल्टले हाम्रो सुशासनको आकाङ्क्षालाई गिज्याइरहेको छ!

८. अहिले धेरै मुलुकमा खुलापनको प्रतिकूल प्रभाव छ। यसले युवाहरूको महत्वाकाङ्क्षा उचालेको छ भने सरकारको डेलिभरीमा केही कमजोरी पनि रहेको छ। यस अवस्थामा तिनको महत्वाकाङ्क्षालाई बाह्य घुसपैठले मलजल पनि गरिरहेको छ। मिडिया, सोसियल मिडिया, बाहिरका आफन्त आदिले धेरैलाई अनाम त्यागी होइन जेलेन्स्की बन्न प्रेरित गरिरहेको छ। इतिहास, मूल्य, मान्यता विस्मृतिको गर्तमा पुग्दै छन्। आकाङ्क्षाको यान चढी यात्रा गर्ने उमिद बढ्दो छ। यस परिवेशमा हिजोझैँ विचार, सिद्धान्त र मूल्यको संस्कार कायम छैन। अर्थात् अग्रगमन र पश्चगमनको भेदक रेखा धमिलो मात्रै भएको छैन मेटिइसकेको छ! ग्लोबल हुने क्रममा मुलुक र माटो बिर्सिने, अरूको खेलौना वा गोटी हुने क्रम बढ्दो छ। त्यही मनोविज्ञानले हातमा आगो बोक्छ, सिंहदरबार जलाउँछ, संसद् भवन भष्म पार्छ, अदालत सिध्याउँछ। जेलबाट कैदी भगाउँछ र न्यायपूर्ण समाजको वकालत गर्छ! परिवेश विडम्बनापूर्ण छ!

अपराधीबाट मुलुकको निर्माण ? नयाँ प्रश्न, नयाँ प्रस्तावना हाम्रोसामु हाजिर छ। ध्वंस नै अग्रमगन ? कि पश्चगमन नै अग्रमगन ? प्रश्नहरू असरल्ल छरिएका छन्। जबाफमा हामी सबैले माटो छुनु छ, हृदयसँग साक्षात्कार गर्नु छ। मुलुक जेलेन्स्कीको नव्य अवतार र प्रायोजित जत्थाले किमार्थ बनाउँदैन।

*१९ माघ ०८२*

**हार्दिक श्रद्धाञ्जली**



**डा.मीना आचार्य**

जन्मः १९९४ वैशाख

निधनः २२ माघ २०८२

**कीर्तिशेष स्रष्टाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनहरूप्रति हार्दिक समवेदना प्रकट गर्दछौँ।**

**शब्द-संयोजन परिवार**


# साहित्य सन्ध्याको ४७२ औँ कविगोष्ठी सम्पन्न



२०८२ माघ ३ गते अपराह्न १ बजे रत्नराज्यलक्ष्मी क्याम्पस, प्रदर्शनीमार्ग, काठमाडौँमा सम्पन्न भएको साहित्य सन्ध्याको ४७२ औँ नियमित मासिक शृङ्खलामा 'जेन्जी आन्दोलन र त्यसले मुलुकमा पारेको प्रभाव' विषयमा परिचर्चाका साथ कविगोष्ठी गरिएको छ। साहित्य सन्ध्याका अध्यक्ष राम विनयको अध्यक्षतामा सम्पन्न भएको उक्त समारोहमा विश्लेषक प्रा.डा.सुरेन्द्र के.सी. प्रमुख अतिथिका रूपमा उपस्थित हुनुहुन्थ्यो भने अतिथिहरूमा प्राज्ञ नर्मदेश्वरी सत्याल, वासुदेव अधिकारी, बेनीबहादुर थापा, पोषरमण चापागाईँ, डा.गोविन्दप्रसाद आचार्य, डा.कृष्ण सुवेदी, युद्धप्रसाद मिश्र स्मृति प्रतिष्ठानका उपाध्यक्ष नन्दु उप्रेती, तारक धिताल, रत्ननिधि रेग्मी, राममणि ढुङ्गेल, महेशराज खरेल, डम्बर पहाडी 'एलाक'लगायत उपस्थित हुनुहुन्थ्यो।

सचिव जयन्ती स्पन्दनले सञ्चालन गर्नुभएको उक्त समारोहमा भदौ २३ र २४ गते मुलुकमा भएको जेनजी आन्दोलन र त्यसले पारेको प्रभाव विषयमा प्रा.डा.सुरेन्द्र के.सी.ले विशद चर्चा गर्नुभएको थियो भने समारोहमा ओमप्रसाद कोइराला, सञ्जय सोती, भोवलाल श्रेष्ठ, रत्ननीधि रेग्मी, सुशिला प्रधानाङ्ग, वासुदेव अधिकारी, डम्बर पहाडी 'एलाक', नवराज श्रेष्ठ, डा.मनोज जोशी, बेनीबहादुर थापा, पोषरमण चापागाईँ, राममणि ढुङ्गेल, नगेन्द्रप्रसाद पौड्याल, बलराम विष्ट, डा.गोविन्दप्रसाद आचार्य, दिनेशराज खरेल, लक्ष्मण तिमल्सिना, कुमार नेपाल, नन्दु उप्रेती, महेशराज खरेल, तारक धिताल, बैरागी जेठा, धनबहादुर मगर, केशव घिमिरे र मुक्तिनाथ आचार्यले कविता, गीत, गजल, मुक्तक, एलाक वाचन गर्नुभएको थियो भने वाचित रचनामाथि टिप्पणी नर्मदेश्वरी सत्यालले गर्नुभएको थियो।

## शब्द संयोजन साहित्यिक मासिकका कार्यकारी सम्पादक रमेश पोखरेललाई पितृशोक



शब्द संयोजन साहित्यिक मासिक पत्रिकाका कार्यकारी सम्पादक तथा साहित्यकार रमेश पोखरेलका पिता श्रद्धेय शेषराज पोखरेलज्यू ९२ वर्षको उमेरमा २०८२ माघ ११ गते कीर्तिशेष हुनुभयो। यस दुखद घडीमा कीर्तिशेष शेषराज पोखरेलज्यूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ। साथै आदरणीय आमा गङ्गादेवी पोखरेल, रमेश पोखरेल, वरिष्ठ अधिवक्ता सानुराज पोखरेल, डा.बुनु दाहाल पोखरेललगायत शोकसन्तप्त पोखरेल परिवारप्रति गहिरो समवेदना व्यक्त गर्दछौँ।

# वैजयन्ती विधाकेन्द्रित साहित्यिक पत्रिकाको शताङ्क (१००) अङ्क विमोचन



२०८२ माघ १० गते शब्दार्थ प्रकाशनद्वारा प्रकाशित वैजयन्तीको १९ औं वर्ष प्रवेशको उपलक्ष्यमा नेपाल प्रज्ञाप्रतिष्ठान, कमलादी, काठमाडौंमा वैजयन्ती विधाकेन्द्रित साहित्यिक पत्रिकाको शताङ्क (१००) अङ्क विमोचन गरिएको थियो ।

देवु लुइटेलद्वारा सञ्चालित वैजयन्तीका वर्तमान प्रधान सम्पादक रमेश शुभेच्छुको सभापतित्व र साहित्यकार तथा शिक्षाविद् विद्यानाथ कोइरालाको प्रमुख आतिथ्यमा भएको उक्त कार्यक्रममा विधाकेन्द्रित साहित्यिक पत्रिका वैजयन्तीले हरेक वर्ष प्रकाशित विशेषाङ्कका एक एक श्रेष्ठ रचनालाई प्रदान गर्दै आएको वैजयन्ती स्रष्टा सम्मान वर्ष ०७९-०८२ का स्रष्टा साहित्यकार- इन्दु पन्त (लघुउपन्यास), हंसा कुर्मी (कथा), सन्ध्या खनाल (संस्कृति), प्रा.पुरूषोत्तम दाहाल (संस्मरण), धनञ्जय बाँस्कोटा (नाटक), मुरारीराज मिश्र (मुक्तक), अनुराग अरूण (गजल), रामकुमार पण्डित (लघुकथा), देवीप्रसाद चापागाईं (निबन्ध), प्रा.डा. देवी पन्थी (चारू), इन्दिरा चापागाईं (गीत), डा.मधुसूदन लामछाने (स्ववार्ता), सुमी लोहनी (हाइकु), बिनोद खड्का (विदेशयात्रा), प्रा.डा.भागवत ढकाल (समालोचना), रमेश दवाडी (वैजयन्तीको इतिहास)लाई सम्मान गरियो भने वैजयन्ती १ देखि १०० अङ्कसम्मका सम्पादक यादव भट्टराई, वैजयन्ती ५ देखि ८६ अङ्कसम्मका सम्पादक ठाकुर शर्मा भण्डारी तथा वैजयन्तीको आवरणका लागि निरन्तर क्यानभास चित्र उपलब्ध गराउने सुबोध धिमिरेलाई शब्दार्थ उत्कृष्ट सेवा सम्मानद्वारा सम्मान गरियो।

यसैगरी उक्त कार्यक्रममा समालोचक तथा वैजयन्तीका सम्पादक यादव भट्टराई, निवर्तमान प्रधान सम्पादक ठाकुर शर्मा भण्डारी, वर्तमान सम्पादक डा.रमेश शुभेच्छु, प्रमुख अतिथि प्रा.डा.विद्यानाथ कोइराला, सम्मानित व्यक्तित्व प्रा.पुरूषोत्तम दाहाल तथा वैजयन्ती पत्रिकाका निर्देशक साहित्यकार विनयकुमार शर्मा नेपालले पत्रिकाको निरन्तरताका बारेमा आआफ्नो धारणा राख्नुभएको थियो।

# बुढानीलकण्ठमा साहित्यिक कार्यक्रम



२०८२ साल पौष ५ गते बिहान कवि कमला देवकोटाको घर बुढानीलकण्ठमा कविगोष्ठीको तेस्रो शृङ्खला सम्पन्न भयो। रचना सुनाउनेहरूमा भागीरथी श्रेष्ठ, कमला देवकोटा, अमर अधिकारी, मुकुन्द शर्मा चालिसे, मायादेवी शर्मा, सुजाता न्यौपाने, अरुणबहादुर खत्री नदी, अनिता लामालगायत विभिन्न कविहरूले आआफ्ना रचना सुनाएका थिए । कविगोष्ठीको चौथो शृङ्खला भने आगामी माघ ३ गते बिहान ८.०० बजे अमर अधिकारीको घर सिर्जनशील टोल, हात्तीगौंडामा हुने भएको छ।

# दुई साहित्यकार सम्मानित

नेपाल स्रष्टा समाजको १९ औँ स्थापना दिवसको अवसर पारेर समाजले दुई साहित्यकारलाई सम्मानित गरेको छ । नेपाल प्रज्ञा-प्रतिष्ठानमा आयोजित कार्यक्रममा प्रमुख अतिथि प्रा.डा.अभि सुवेदीले छन्दकवि प्रह्लाद पोखरेललाई 'सुभद्रा-विश्वराज स्रष्टा सम्मान'का साथ नगद राशि २१ हजार १११ रुपियाँसमेत प्रदान गरिएको थियो भने अनिता पन्थीलाई 'प्रसिद्ध कँडेल युवा स्रष्टा सम्मान'का साथ नगद राशि १५,१००।- रुपैँयाँसमेत प्रदान गरिएको थियो । सो कार्यक्रममा कथाकार जीवनाथ पोखरेलको कथाकृति 'फेसबुकको करामत' र कवि अम्बु बिहानीको मुक्तककृति ' अतृप्त रहरहरू' पनि सार्वजनिक गरियो । कार्यक्रममा समाजका अध्यक्ष श्रीओम श्रेष्ठ 'रोदन'सहित संरक्षक पवन आलोक, कवि



पोखरेल, पन्थी, सम्मानका संस्थापकहरू विधान आचार्य, डा.चेतनाथ कँडेल, तारा सुवेदीलगायतले आआफ्ना धारणा राख्नुभएको थियो । कार्यक्रममा सानुराजा श्रेष्ठ अन्जान, प्रद्युम्न जोशी, राजेशमान के.सी., प्रमोद स्नेही, अरुणबहादुर खत्री नदी, रामप्रसाद पन्त, गोपीकृष्ण थापा, विमल भौकाजी, ठाकुर शर्मा भण्डारी, कोषराज न्यौपाने, टङ्कबहादुर आले मगर, तुलसीहरि कोइराला, निर्मलरमण पराजुली, लता के.सी., प्रदिप सापकोटालगायतको उपस्थिति रहेको थियो ।

**हार्दिक श्रद्धाञ्जली**




**चन्द्रविक्रम राई 'खम्बू'**

निधनः १२ माघ २०८२

**कीर्तिशेष स्रष्टाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनहरूप्रति हार्दिक समवेदना प्रकट गर्दछौँ ।**

**शब्द-संयोजन परिवार**

**हार्दिक श्रद्धाञ्जली**



**श्याम चिस**

निधनः २९ पुस २०८२

**कीर्तिशेष स्रष्टाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनहरूप्रति हार्दिक समवेदना प्रकट गर्दछौँ ।**

**शब्द-संयोजन परिवार**



# सत्यको सूक्तीकरण कविताको शक्ति हो

❖ प्रा.डा. देवी नेपाल

अविरल जनसाहित्य यात्राको यो सोद्देश्यमूलक अभियान १०३ औँ शृङ्खलामा पुगेको छ र आजको यो समारोह विशेष समारोहका रूपमा आयोजना भएको पनि देखिएको छ । त्यसैले सर्वप्रथम म आजकी कविनायकलाई बधाइ दिन्छु र मलाई प्रमुख अतिथिको भूमिकासहित वाचित कविताको समालोचना गर्ने गहन जिम्मेवारीका लागि हार्दिक धन्यवाद दिन्छु। वि.सं.२०३० असार १२ मा उदयपुर जिल्लाको नेपालटारमा माता अम्बिकादेवी खतिवडा र पिता डिल्लीप्रसाद खतिवडाकी जन्तरी सुपुत्रीका रूपमा जन्मिएकी भवानी खतिवडाले त्रिभुवन विश्वविद्यालयबाट कृषि डिप्लोमा, बी.एड., कानुनमा एलएलबी र ग्रामीण विकासमा स्नातकोत्तर उत्तीर्ण गरी हाल नेपाल सरकारको सेवामा रहनुभएको छ। हाल तीनकुने, काठमाडौँमा बसोवास गरिरहेकी खतिवडाका 'घामभन्दा पहिले' नियात्रा २०७८, 'चारखोलाको आँगनीमा' पद्यनियात्रा २०७९, 'आकाश ओढेको डोल्पो' नियात्रा २०८०, 'प्रणाम सगरमाथा' नियात्रा २०८१ जस्ता नियात्राका कृति प्रकाशित भएका छन् । 'छन्द सारथी', 'हिमाल हेर्ने पाइलाहरू', 'नेपाली प्रतिनिधि नियात्रा'जस्ता कृतिको सम्पादनसमेत उहाँले गर्नुभएको छ।

भवानी खतिवडा प्रकृतिको जीवन्त चित्रण गर्ने, सामाजिक बेथितिलाई शालीन ढङ्गले उजागर गर्ने र रूपान्तरणको ध्वन्यार्थ बडो सुन्दर तरिकाले सम्प्रेषण गर्ने, सुन्दर विम्ब प्रयोगका माध्यमबाट सिर्जनालाई अत्यन्त कलात्मक पार्ने स्रष्टा हुनुहुन्छ। उहाँको व्यक्तित्व कर्मचारी, लेखक, सङ्गठकका रूपमा सक्रिय रहेको छ। आफू काम गर्ने र अरूलाई पनि गराउने, धाराप्रवाह अभिव्यक्ति दिनसक्ने, कविको कवितावाचनसँगै कवितामै तत्कालै त्यही छन्दमा समीक्षा लेख्नसक्ने, देखेको कुरा मात्र लेख्ने, कवितामा पनि साहसी, 'चारखोलाको आँगनीमा' शीर्षकको पद्य नियात्राले खिसक्नुभएकी, देखेको कुरालाई दृश्यात्मक रूपमा लेख्नसक्ने अनि युवालाई उत्प्रेरणा प्रदान गर्ने स्रष्टा हुनुहुन्छ । डा.मोदनाथ प्रश्रितबाट थालनी भएको अविरल जनसाहित्य यात्राको १०३ औँ शृङ्खलामा हामी आज छौँ र यसले अविरल शब्दको सार्थकता पुष्टि गरेको छ । आज सुनिएको भवानीको पहिलो कविता नै भाव, विचार र जागृति बोकेको कविता हो । सत्यको सूक्तिकरण कविताको शक्ति हो। मानव जडतामा रूपान्तरण भएपछि छाउपडीजस्ता प्रवृत्ति समाजमा जीवित रहन्छन् भन्ने यथार्थ अर्को कवितामा उजागर भएको छ । एउटा कविताले सिङ्गो किताबले बोल्ने अभिव्यक्ति सङ्क्षेपमा बताइरहेको हुन्छ र आज वाचित

हिमाल कविताले त्यही गरेको छ। सङ्घर्ष गर्न पनि सोद्देश्यमूलक सपना चाहिँ देख्नुपर्छ, देशमा समस्या सिर्जना हुनुमा अहम् जिम्मेवार छ, आस्था बिरामी नहोस् भन्ने कामना पनि कवितामा छ। निराशा होइन तर सत्सिर्जनाका पक्षमा कवितामा वकालत गरिएको छ । आजको पुस्ताले काइँलीआमा चिन्दैन र मुलुक छाड्नेको लस्करले मुलुकको विकराल अवस्थाको चित्रण गरेको छ र अहिलेको पुस्ता विकृति भित्र्याउन बढी उद्दत रहेकोप्रति चिन्ताभाव व्यक्त गरिएको छ। अभावभित्र पनि स्वाभिमान हुन्छ र त्यसको सम्मान गरिनुपर्छ, बाहिरी आदर्श होइन यथार्थ अवलम्बन गर्ने हो भने मात्र रूपान्तरण सहज हुन्छ, गजलको मुजारे बहरको प्रयोग कवितामा भएको छ, आमाको महत्तागान गाइएको छ, हाम्रा पुर्खा र हाम्रो माटोको बखान गरिनुपर्छ, देवकोटाको सम्झना र सम्मानका माध्यमबाट अग्रजको सम्मान गरिनुका साथै उहाँको वैयक्तिक र काव्यात्मक उचाइको पनि मूल्याङ्कन गरिएको छ। 'भेडो' शीर्षकको कविता चाहिँ व्यङ्ग्यात्मक कविता हो र यसले नेपाली राजनीति र यसका विकृत पक्षलाई जीवन्त चित्रण गरेको छ । स्रष्टाले आफ्नो आदर्शलाई स्थापित गर्न जस्तोसुकै चुनौतीको पनि सामना गर्नुपर्छ भन्ने सशक्त वैचारिकता पनि कवितामा आएको छ। हामी स्रष्टाको आत्ममूल्याङ्कन, स्रष्टामूल्याङ्कनका लागि सङ्गठन आवश्यक छ। आजका कविताले छन्दको मानकलाई स्वीकार गरेका छन् । अनुमानमा होइन यथार्थमा आधारित भएर यात्रा गरिनु आवश्यक छ। कतै कतै देखिने निराशाको पक्षलाई आशावादमा अवतरित गराउनु आवश्यक छ। आजको यो महत्त्वपूर्ण बैठकको सहभागिता मेरालागि गौरवयुक्त भएको छ।

*रमेश पोखरेल (प्रा.डा.देवी नेपालले १०३ औँ अविरल जनसाहित्य यात्रामा व्यक्त गर्नुभएको मन्तव्यमा आधारित)*

**हार्दिक श्रद्धाञ्जली**



**अच्युतरमण अधिकारी**

जन्मः १९९९,
निधनः २८ पुस २०८२

**कीर्तिशेष स्रष्टाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनहरूप्रति हार्दिक समवेदना प्रकट गर्दछौँ।**

**शब्द-संयोजन परिवार**

**हार्दिक श्रद्धाञ्जली**



**रामचन्द्र भट्टराई**

जन्मः ५ असोज १९९८
निधनः १३ माघ २०८२

**कीर्तिशेष स्रष्टाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनहरूप्रति हार्दिक समवेदना प्रकट गर्दछौँ।**

**शब्द-संयोजन परिवार**